CC-0. In Public Domain. Digitization by eGangotri

श्रीतलेजु र दिगुतलेजु

कुलचन्द्र कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलचन्द्र कोइराला स्मृति प्र
उपहार
बानेश्वर, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान प्रकाशनमाला – ११

श्रीतलेजु र दिगुतलेजु

कुलचन्द्र कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानको सहयोगार्थ
इन्द्रचोक क्लब, का.न.पा. वडा नं २५ मखनटोल, काठमाडौं

लेखक
कुलचन्द्र कोइराला

संस्करण
प्रथम

प्रकाशन मिति
भदौ, २०५२

प्रति
१०००

सर्वाधिकार
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानमा

कम्प्यूटर टाइप
रोशन कम्प्यूटर
बानेश्वर, काठमाडौं फोन नं. ४७५९९७

मुद्रक
शीला (अफसेट) प्रिन्टर्स, डिल्लीबजार, काठमाडौं, फोन नं. ४-१८०१४

मूल्य रू. 100

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानद्वारा प्रकाशित यो अर्को ग्रन्थ-पुष्प हो । विद्वान् पाठकहरू समक्ष यो ग्रन्थ-पुष्प प्रस्तुत गर्न पाउँदा हामीलाई अपार आनन्दको अनुभूति भइरहेको छ ।

यस ग्रन्थमा विद्वान् अनुसन्धाता कुलचन्द्र कोइरालाले तुलजाको नेपाल आगमन प्रक्रिया, स्थापना, पर्व-पूजा, गुठी-व्यवस्था, दरवन्दी आदिवारे विशद् चर्चा गर्दै गुठी संस्थानमा भएका लगत-विवरण र सम्वन्धित अभिलेखहरू पनि प्रस्तुत गर्नुभएको छ । तुलजा भवानीको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पक्षवारे सविस्तार विवेचना गरिएको अर्को पुस्तक नेपाली भाषामा छैन । यसले गर्दा यो ग्रन्थ अनुसन्धाता, विद्यार्थी, जिज्ञासु आदि सवैका लागि पठनीय वनेको छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

लेखकले भक्तपुरकी तलेजु भवानीको वारेमा लेख्न खोज्दाखोज्दै उहाँको स्वास्थ्य अचानक खराव हुन गएकोले यो ग्रन्थमा सो भागको अभाव विद्वत् समुदायलाई महसूस हुनसक्छ । यसका लागि त हामी क्षमायाचन मात्र गर्न सक्छौं ।

अन्तमा, लगत-विवरण उपलव्ध गराइदिने गुठी संस्थानप्रति र यस पुस्तकमा मन्तव्य लेखिदिनुहुने नेपाल-एशियाली अनुसन्धान केन्द्र त्रि. वि. का कार्यकारी निर्देशक डा. प्रेमकुमार खत्रीप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । प्रतिष्ठानको सहयोगार्थ प्रकाशनको जिम्मा लिइदिन तत्पर्य रही सहयोग गर्ने का. न. पा. वडा नं. २५ का वडा अध्यक्ष विकासभक्त श्रेष्ठ, सो वडाका सल्लाहकार तथा सवै पदाधिकारीहरू एवं इन्द्रचोक क्लव परिवारप्रति पनि हामी आभारी छौं । शुद्धाशुद्धि हेरिदिई सहयोग गर्ने पार्थमणि भट्टराई र नगेन्द्रराज रेग्मी तथा अन्य विविध सहयोग गर्ने हरि मञ्जुश्री र माधव कोइरालालाई पनि हृदयैदेखि धन्यवाद दिन चाहन्छौं ।

२०५२ आश्विन ५ गते

— डा. सुरेशराज शर्मा
अध्यक्ष
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

नेपालको राजनीतिक इतिहास जति चाखलाग्दो छ सामाजिक-सांस्कृतिक इतिहास त्यस्तै, अझ त्योभन्दा रोचक छ । राजनीतिका उतार-चढावमा व्यक्ति, परिवार, तीवीचको कलह जस्ता सामान्य कुराले पनि महत्त्वपूर्ण भूमिका खेल्छन् । घटनाहरू छिटो-छिटो घट्छन् । समाज, जीवन अस्तव्यस्त हुन पुग्छ । सामाजिक-सांस्कृतिक इतिहासको धाराको वहाव प्रक्रिया पनि फरक हुन्छ । सामाजिक-सांस्कृतिक संस्थाहरू स्थायी हुन्छन्, सानातिना घटनाक्रमले तिनमा उतार-चढाव आउँदैन, यसैले दाउ-पेच, कूटनीति, कलह जस्ता अवस्थावाट मुक्त सामाजिक-सांस्कृतिक इतिहासले नै देश र समाजको विगतको सही चित्र प्रस्तुत गर्छ, वास्तविक व्यक्तित्त्वको प्रतिनिधित्व गर्छ ।

शाक्त सम्प्रदाय नेपालका लोकप्रिय धार्मिक मतहरूमध्ये एक हो । शाक्त मत जनसामान्यका साथै राजनेता तथा जीवनका विविध महत्त्वाकांक्षापूर्ण पदमा अग्रसर तथा आसीन हुनेहरूका लागि त्यत्तिकै महत्त्वको छ । नेपालको प्राग् तथा आद्य इतिहास कालदेखि नै मातृशक्तिका विविधरूपको पूजा-उपासना गर्ने प्रचलन रहिआएको देखिन्छ । पछि राजतन्त्रको स्थापना भएपछि मातृशक्तिको उपासना संस्थागत भयो र नगरको विस्तार, संस्कार-पर्वहरूको विकासदेखि लिएर रोग-व्याधि विरूद्धका अभियानमा शक्ति-उपासना, शक्तिपीठहरूको स्थापना एक प्रचलन नै वन्यो । हिन्दू-बौद्ध तथा जनजातीय धार्मिक परम्परामा शक्तिपूजाको लोकप्रियता एकनास स्थिर रह्यो ।

प्रस्तुत पुस्तक तुलजाभवानीलाई केन्द्रविन्दु मानेर तयार गरिएको नेपालका ख्यातिप्राप्त मूर्धन्य विद्वान् स्व श्री कुलचन्द्र कोइरालाज्यूको कृति हो । यस कृतिमा विद्वान् लेखकले तलेजुबारे विस्तृत अन्वेषण गरी धेरै मननीय तथ्यहरू उद्घाटित गर्नुभएकोले धर्म-संस्कृति तथा इतिहासका विद्यार्थी एवं पाठकका लागि ज्यादै उपयोगी भएको मैले महसूस गरेको छु । तजेजुलाई कर्णाटवंशीय राजा नान्यदेवका सन्तान हरिसिंहदेवले सिम्रौनगढ राज्यको पतन भएपछि ज्यान जोगाउन नेपालतिर पस्दा आफ्ना साथै ल्याएका र उनको मृत्यु नेपाल उपत्यका नपुग्दै बीच बाटामै भए पनि उनकी रानी, युवराज तथा भारदार लावालस्कर त्यसबेलाको शक्तिकेन्द्र भक्तपुरमा आएर शरण लिंदा त्यहीं राख्न पुगे । समयचक्रले भक्तपुर र क्रमशः तत्कालीन 'नेपाल' नामले चर्चेको सरहद नै हरिसिंहदेवको नातिनीका मातहतमा आयो र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लवंशको स्थापना भयो । मल्लहरूले तलेजुको त्यस आगमन-प्रक्रियालाई बिर्सेनन् र आफ्नी इष्टदेवीको रूपमा उनलाई दरवार परिसरमै स्थापना गरी विशिष्ट महत्त्व दिएर राखे । देवी पनि मल्लहरूसित यति प्रसन्न भइन् कि आवश्यक सरसल्लाह दिन उनी बेला-बेला दृश्यरूपमै प्रकट हुन्थिन् भन्ने किम्वदन्ती छ । भक्तपुर मूलघरबाट राज्यश्री अलग्गिएर काठमाडौं र पाटनमा विभक्त हुँदा तलेजु-साधना गरी ती ठाउँमा पनि दरवारमा स्थापना गरिए ।

तलेजुको तान्त्रिक स्वरूप, पूजाविधि र परम्परा र पुस्तकको परिशिष्ट खण्डमा पूजाखर्चको लागत समेत प्रस्तुत गरिएकोले देवीको मान्यता र संस्थागत व्यवस्थापन पक्षसमेत बुझ्न मद्दत पुगेको छ । यो पुस्तक तयार गर्ने श्रद्धेय लेखकले गर्नुभएको परिश्रमको प्रत्येक अध्यायका अन्तमा प्रस्तुत सन्दर्भ सामग्रीको फिहरिस्तवाट पनि अनुमान गर्न सकिन्छ ।

समयको भुँवरीमा मल्लवंशको पतन इ. १७६८-६९ मा भयो र शाहवंशको स्थापना भयो । यसो भए पनि मातृ र आद्यशक्ति दुर्गाभवानीकै स्वरूप मानिने तलेजु भवानीको मान्यताको लोप भएन । नेपालको राजशक्तिसित सम्वद्ध तलेजुको नियमित र विधिवत गरिने तान्त्रिक पूजा-परम्परा अद्यापि छँदैछ । यस दृष्टिले पनि लेखक श्री कोइरालाको यो पुस्तक नेपालको धार्मिक इतिहासमा अभिरूचि राख्ने सवैका लागि पठनीय छ । लेखक अव पार्थिकरूपमा यस संसारमा नरहनुभए पनि उहाँका यस्ता कृति प्रकाशित भई दिक्-दिशामा पुग्न सक्नु उहाँको ठूलो देन हो, जसलाई राष्ट्रले सन्हाहना गर्नुपर्छ ।

स्व. लेखक श्री कुलचन्द्र कोइरालाका अन्य अप्रकाशित कृति प्रकाशित गर्न तथा प्रकाशितलाई बारम्वार प्रकाशित गर्दै जान सवै श्रद्धालु पाठकवाट उत्साह प्राप्त गरी तन-मन-धनले लाग्नुभएका उहाँका सुपुत्र श्री जीवनचन्द्र कोइराला, परिवार तथा प्रकाशनमा संलग्न सवैको प्रयासको म मुक्तकण्ठले सन्हाहना गर्दछु र उहाँहरूको यस्तो पुनीत कार्यको नित सफलताको लागि शुभेच्छा व्यक्त गर्दछु ।

– प्रेमकुमार खत्री
कार्यकारी निर्देशक
नेपाल-एशियाली अनुसन्धान केन्द्र
त्रि. वि.

२०५२/५/२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

क्रम विषय	पृष्ठ संख्या
१. श्रीतलेजु भवानी पृष्ठभूमि, पादटिप्पणी	१ – १३
२. श्रीतलेजु भवानीको ऐतिहासिक पक्ष श्रीतलेजुको उत्पत्तिसम्बन्धमा नेपाली उपाख्यान, कर्णाटकवंशी नान्यदेवको ऐतिहासिकता, श्रीतुलेजु भवानीको कुलपरम्परा, नेपालमा श्रीतुलेजुको आगमन र स्थापना, वर्तमानकालको श्रीतुलेजु मन्दिर काठमाडौं, पादटिप्पणी	१४ – ३६
३. श्रीतलेजुका जात्रापर्व र गुठी व्यवस्था विशेष पर्व र ग्वा पूजा गुठी, वर्षबन्धन पर्व, मातृका वर्षबन्धन गुठी, श्रीमहालक्ष्मी थापूजा गुठी, श्रीतलेजुका सांस्कृतिक पर्वहरू, सांस्कृतिक पर्वका आधारहरू, श्रीतलेजुको प्रजा-पर्वका दिनहरू, पादटिप्पणी	३७ – ५५
४. श्रीदिगुतलेजु : काठमाडौं मन्दिरको निर्माण-शैली, मन्दिरको निर्माण-काल, मन्दिरको निर्माण-विधा, श्रीदिगुतलेजुका सांस्कृतिक पर्वहरू	५६ – ७०
५. श्रीदिगुतलेजु : पाटन पादटिप्पणी	७१ – ७९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. परिशिष्ट क ८० – १४३

श्रीतलेजु भवानीको वार्षिक पर्वपूजा खर्चको लगत विवरण (काठमाडौंकी श्रीतलेजु भवानीको वर्ष दिनभरिको पर्व-पूजा खर्च), श्रीतलेजु मात्रिका वर्षबन्धन गुठी, काठमाडौं तलेजुको दशहरा थापूजा गुठी, काठमाडौं तलेजुको जयप्रकाश मल्लको थापूजा गुठी, श्री ५ रणबहादुर शाहको जन्मोत्सव पर्वमा श्रीतलेजु थापूजा गुठी, श्री काठमाडौं तलेजुको पवित्रारोहण पर्वको गुठी, काठमाडौं तलेजुको प्रत्येक इन्द्रजात्रा र बडादशैं पर्वमा जवान ८ ले पाउने कपडाको फाँटवारी, श्री काठमाडौं तलेजुको वार्षिक पर्वपूजाको खर्चको तेरिज

७. परिशिष्ट ख १४४– १८५

श्रीदेगुलितलेजु काठमाडौंको वार्षिक पर्वपूजन खर्चको लगत विवरण

८. परिशिष्ट ग १८६–२०९

क. गुठी संस्थानको लगत तहबिल कार्यालयका अभिलेखमा रहेका श्रीतलेजु भवानी काठमाडौंका अप्रकाशित अभिलेखहरू

ख. गुठी संस्थानको लगत तहबिल कार्यालयका अभिलेखमा रहेका श्रीतलेजु भवानी भक्तपुरका अप्रकाशित अभिलेखहरू

९. परिशिष्ट घ २१०-२३४

मल्लकालका प्रकाशित केही अभिलेखहरू

१०. परिशिष्ट ङ २३५-२३६

सन्दर्भ ग्रन्थ-सूची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीतलेजु (तुलजा) भवानी

पृष्ठभूमि:-

पुरातनकालमा भगवती लक्ष्मी (श्रीदेवी) को उपासना गरिन्थ्यो। सिन्धुघाटी सभ्यतामा प्रशस्त मातृदेवीका मूर्तिहरू प्राप्त भएका थिए। यिनै मूर्तिहरूको विश्लेषण गर्दै भारतीय कला भन्ने ग्रन्थको पृ.२८ मा डा. वासुदेवशरणले मातृदेवीको पूजा उपासना इरान, मेसोपोटामिया, फारस, शूषा, टर्की, साइप्रस, क्रीट, मिश्रसम्म थियो भनेर उल्लेख गरेका छन् [१]। यसबाट के थाहा पाइन्छ भने भावना र लक्ष्य जे जस्तोसुकै होस्, प्राचीन सभ्यतामा मातृदेवीको उपासना विश्वभरि नै गरिन्थ्यो र पछिल्लो कालमा यसैबाट विविध नामले शक्तिको उपासना गर्ने क्रम चलेको हो।

ऋग्वैदिककालमा मूर्तिपूजा थियो वा थिएन भन्ने बारेमा इतिहासविद्हरूको एक मत छैन तापनि माता अदितिको व्यापकता पाइन्छ। श्री शब्द पनि प्रशस्तै प्रयोग भएको पाइन्छ [२]। डा. कुमार स्वामी ऋग्वेदकी अदितिबाट नै लक्ष्मीको विकास भएको र बेबिलोनकी देवी इस्तरसँग लक्ष्मीको सादृश्य रहेको कल्पना गर्छन् [३]। ऋग्वेदको दशौं मण्डलमा वाक्देवी विषयको सूक्त छ र वाक्देवीको विकसित रूप सरस्वतीमा पाइन्छ। श्री र लक्ष्मीको विशेष चर्चा यजुर्वेदमा देख्न पाइन्छ [४]।

ऋग्वेदको अनुशीलन गर्दा श्री शब्द तेजस्विताको लागि नै प्रयोग भएको पाइन्छ तापनि तेजको अर्थ ऐश्वर्यसम्म गर्न सकिन्छ। ऋग्वेदको पाँचौं मण्डलको परिशिष्टको रूपमा श्रीसूक्त पाइन्छ, जसलाई खिलसूक्त भनिएकोले संहिताकालभन्दा पछिको हो [५] भनेर विद्वान्हरूले निर्णय गरेका छन् र यजु:संहिता एवं अथर्वसंहिताले व्यक्त गरेको श्री एवं लक्ष्मीको भिन्न रूपको समीकरण भएको श्रीसूक्तमा पाइनुले विद्वान्हरूको मन्तव्यलाई स्वीकार गर्नैपर्ने हुन्छ। अथर्ववेदका मन्त्रहरूमा 'श्री' शब्द धन, ऐश्वर्य, वृद्धि, भूति आदि अर्थमा नै प्रयुक्त भएको पाइन्छ [६]।

ऋग्वेदमा प्रयुक्त 'लक्ष्मी' शब्द भने वाणीको अर्थमा प्रयुक्त भएको पाइन्छ, जो समन्वयात्मक रूपमा व्याख्या गर्ने हो भने शक्तिरूपा वाणी एवं परमतत्त्वरूपा माता अदितिकै विशेष रूपमा विकास भएर अनेकन् शक्तिको रूप बनेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा हुन्छ ।

भूति, ऐश्वर्य, तेजरूपमा संहिताकालमा व्याख्यायित 'श्री' ब्राह्मणकालमा भने चेतनधर्मीको रूपमा वर्णित छन् [७]। 'श्री' ऐश्वर्यवाचककै रूपमा लिएको पाइन्छ । शतपथको अश्वमेध यज्ञको प्रकरणमा राजाको व्याघ्रचर्मयुक्त आसनलाई पनि 'श्री' भनिएको छ [८] भने जैमिनीय [९] तथा ऐतरेय ब्राह्मणग्रन्थमा पनि राज्यासनको लागि 'श्री' शब्दकै प्रयोग भएको पाइनुले राज्यश्रीको महत्ता रहेको विदित हुन्छ ।

उपनिषद्हरू, जो पुरातन मानिएका छन्, त्यसमा 'श्री' शब्द ऐश्वर्य-भूतिवाचक नै पाइन्छ । बृहदारण्यक उपनिषद्मा अशुचि वस्त्रले रहित स्त्रीमा पनि 'श्री' को वास हुन्छ भनेको पाइन्छ [१०] भने तैत्तिरीय उपनिषद्मा श्रीबाट अन्न, गाई आदि प्राप्त हुने कुराको उल्लेख छ । महानारायणी उपनिषद्मा सूर्यको विभूति वा स्त्रीको अर्थमा 'श्री' शब्दको प्रयोग छ, जुन पछिल्लो कालमा सूर्य नै विष्णुको रूपमा अवतरित हुन्छन् [११]। यसै उपनिषद्मा अन्न, गाई, धन, ऐश्वर्यको अर्थमा 'श्री' को प्रयोग भएको छ । देव्युपनिषद्मा लक्ष्मीलाई दक्षदुहिता भनिएको पाइन्छ भने सौभाग्यलक्ष्मी उपनिषद्मा श्रीसूक्तको सुन्ने प्रथम ऋषिगण आनन्द, कर्दम, चिक्लीत आदिको उल्लेख छ [१२]। यसै उपनिषद्मा श्रीचक्र लेखेर लक्ष्मीको उपासना गर्ने कुरा उल्लेख भएको पाइनुले उपर्युक्त दुई उपनिषद्लाई हामी क्राइष्टपछिका उपनिषद् हुनुपर्छ भनेर अनुमान गर्न सक्छौं ।

सौभाग्यलक्ष्मी उपनिषद्मा श्रीयन्त्रमा आवाहन गरिने लक्ष्मीको स्वरूप गजलक्ष्मीको छ [१३]।

संभवत: लक्ष्मी धन-ऐश्वर्यकी देवीको रूपमा ईसापूर्व अर्थात् बुद्ध आविर्भावकालभन्दा निकै पूर्वकै समयमा धनदात्री देवीको रूपमा पूजित भइसकेकी थिइन् । यसैले मूर्तिपूजा अथवा देवदेवीको पूजाविरोधी बुद्धको वचन संगृहीत 'दीघ्घ निकाय ब्रह्मजालसुत्त' (१।११) मा लक्ष्मीको पूजा निषेध गरिएको छ । पहिलो शतीतिरका बौद्धकवि अश्वघोषको काव्य सौन्दरानन्दमा लक्ष्मीको मूर्तिको व्याख्या भने पाइन्छ । किन्तु, त्यति श्रद्धा व्यक्त नगरिएको चाहिं बुद्ध धर्मको प्रभावले हुनसक्छ [१४]। अश्वघोषभन्दा अगाडि नै बनेको भरहुत तथा साँचीस्तूपको उत्खननमा प्राप्त सामग्रीमा देवकुमारीको नाउँले लक्ष्मी अंकित छन् भनिन्छ [१५]। यसरी वैदिक कालकी श्री धन, ऐश्वर्य, अन्नपात, राजश्रीको मूर्तरूप लक्ष्मीको रूपमा विकास भएको पाउँछौं ।

ईसापूर्वका पहिलो सहस्राब्दिका वर्षहरूमा भारतका व्यापारी समुद्रीमार्गबाट व्यापार गर्न पश्चिम एशियाका मुलुक बेबिलोन, फिनिशिया मिश्र, यूनान आदि देश हुँदै रोमसम्म पुग्दथे भन्ने कुरा पुरातत्त्वविद्हरूले स्वीकार गरेका छन् [१६]। यस्तो यात्रा सार्थहरूले जीवनमा एक चोटि गर्दथे र एकै पटकको व्यापारबाट तिनीहरू बाँकी जीवन आनन्दपूर्वक बिताउँथे । यस्तो व्यापारिक टोलीले धनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदान-प्रदान गर्ने व्यापार मात्रै गर्दैनथ्यो, सांस्कृतिक आदान-प्रदानको संकेत पनि हामी पाउँछौं । ईसापूर्वका दुई हजार वर्षसम्मका भनी विद्वान्हरूले काल निर्धारण गरेका अनेकन् मूर्ति, देवताको रूप, रङ्ग, आसन, मुद्रा एवं अन्य कलाहरूको अनुशीलन गर्दा रोमसँग हाम्रो आर्यकलाको प्रशस्त सादृश्य रहेको पाइन्छ र केवल नाम मात्र भाषाले गर्दा भिन्नै भएको थाहा पाइन्छ [१७]।

समुद्र-यात्रा गर्ने सार्थहरूको टोलीले विघ्न नपरोस् भनी श्रीदेवी (लक्ष्मी) को उपासना गर्दथे । लक्ष्मीको उपासनाले अर्थ लाभ, समुद्र-यात्रामा जहाज, नाउ दुर्घटना नहुने विश्वास गरिन्थ्यो ।

एक समय मातृदेवी, श्रीदेवीको उपासना संसारभरिकै जातिहरुले गर्दथे । प्राचीन सभ्यताको विकास गर्ने देश मिश्र, बेबिलोन, मेसोपोटामिया, क्रीट, उर, शूषा एवं रोमका पुरातन सभ्यतामा पनि लक्ष्मीका प्रतीक मृण्मय मूर्तिहरू प्रशस्त पाइएका छन् । ई. पू. १५०० तिरको भनी उल्लेख भएको टेराकोटा (माटाका मूर्ति) बेबिलोनको उत्खननमा पाइएको छ [१८], जसका हातमा धनका प्रतीक स्वर्णथैला र पात्र छन् भने अगलबगलमा दुइटा लाटाकोसेरा छन् । पुरातनकालमा लक्ष्मीका मूर्तिहरूमा यस्तै रूप अंकित हुन्थ्यो । त्यसपछि मात्र गजलक्ष्मी (दुइटा हात्तीले सुँडमा बोकेका, दुई कलशले कमलका फूल या कमल-वनमा उभिएकी लक्ष्मी) लाई स्नान गराउन लागेका मूर्तिहरू बन्न थाले । कमलको फूल पानीको प्रतीक हो र लक्ष्मीलाई हामी समुद्रपुत्रीको रूपमा पूजा गर्छौं । लक्ष्मी धन, ऐश्वर्य र राज्यश्रीको रूपमा थिइन् । इन्द्रले विष्णुको प्रसादको अवहेलना गरेकोले ऋषिले इन्द्रलाई श्रीहीन हुने श्राप दिए । श्रीहीन भएका इन्द्रलाई असुरहरूले पराजय गरेकाले देवताले दुःख पाए । पछि विष्णुको उपदेशले देवदानव मिलेर समुद्र मन्थन गरे र यसबाट अन्य अमूल्य रत्नसहित लक्ष्मीको पनि समुद्रबाट प्रादुर्भाव भयो ।

पुराणमा उल्लिखित यस कथालाई हामी प्रतीकात्मक कथाको रूपमा पनि लिन सक्छौं । मोती, मुगा आदि अनेकन् रत्नहरू समुद्रमा पाइन्छन् । यसकारण समुद्रको नाउँ 'रत्नाकर' पनि भनिन्छ र रत्नमय समुद्रपुत्री लक्ष्मीको उपासना गर्ने परम्परा चल्यो ।

समुद्र-यात्राद्वारा दूरदेशमा पुगेर भारतीय सार्थहरू व्यापार गर्दथे भने मिश्र, बेबिलोन, फिनेशियाका व्यापारी, जो असुरजातिका भनिन्थे, उनीहरू पनि समुद्रको नाउ एवं जहाजद्वारा आलोडन गर्दै भारतका समुद्र-किनारसम्म आइपुग्थे । आफूलाई देववंशमा गन्ने आर्यजाति र पातालवासी असुरजातिद्वारा गरिएको यो समुद्र-मन्थन एवं रत्नको खोजीको तथ्यलाई नै पुराणमा समुद्र-मन्थनको संज्ञा दिएर प्रतीकात्मक व्याख्या गरिएको अनुमान गर्न सकिन्छ ।

नाग जाति, असुर तथा दानव, दैत्यहरूको निवासस्थान भनेर पुराणहरूमा वर्णन गरिएका अतल, वितल, सुतल र महातल, पाताल, भनिने देशहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशिरिया, बेबिलोन, शूषा आदि प्राचीन सभ्यताका देश असुरजातिका र सुमेर, उर, क्रीट आदि नागजातिका देश हुन सक्छन् । यी ऐतिहासिक तर्कवितर्कको यहाँ आवश्यक छैन तापनि लक्ष्मी एवं श्रीदेवी अथवा श्रीचक्रको विषय यहाँ अपेक्षित भएकोले केही दिग्दर्शन मात्र गरिएको हो । किन्तु लक्ष्मी धनकी देवीको रूपमा पश्चिम एशियाका देशमा पनि पूजित थिइन् । नाम भने आ-आफ्नो भाषाबाट नै रहेको थियो ।

ईसापूर्व १५ सय वर्षतिरको भनेर विद्वान्हरूले अड्कल गरेको टेराकोटा (मृण्मयमूर्ति) को वर्णन गर्दै त्यसलाई लक्ष्मीको मूर्ति मानेका छन् । यो मूर्ति बेबिलोनको प्राचीन सभ्यताको हो, जसका हातमा धनका प्रतीक स्वर्णथैला र पात्र छन् भने मूर्तिका अगलबगल दुइटा लाटोकोसेराको मूर्ति अंकित छन् भनिन्छ । पुरातन मूर्तिकलाको निर्माणविधामा लक्ष्मीको यस्तै मूर्ति अंकित हुन्थ्यो । केही पछिका मूर्तिहरू भने दुइटा हात्तीले सुँडमा बोकेका कलशका जलले कमलका फूलमा बसेकी वा उभिएकी लक्ष्मीलाई स्नान गराउन लागेको 'गजलक्ष्मी' भनिने मूर्ति बन्न लागेको पाइन्छ । पानी-कमल, हात्तीको संयोगमा लक्ष्मीप्रतिमाको मान्यताले पानीमा उत्पन्न हुने कमलले रत्नाकर समुद्रको प्रतिनिधित्व गर्दछ भने हात्ती, जो विशाल र स्वर्गीय पशु पनि हो, ऐश्वर्यको प्रतीक मान्न सकिन्छ ।

पुरातनकालिक सभ्यता - सिन्धु घाटी र बेबिलोन आदि देशको परस्परमा व्यापार हुन्थ्यो र आवागमन हुन्थ्यो भन्ने कुरा सिन्धु घाटीमा उपलब्ध मुद्राको सादृश्यका मुद्राहरू पश्चिम एशियाका बेबिलोन, उर, क्रीट आदि देशमा प्राप्त हुनुले व्यक्त गर्छ १९। व्यापारको विनिमयसँगै सभ्यता र संस्कृतिको विनिमय पनि अवश्य नै हुन्छ । एक मुलुकका मानिस अर्को मुलुकमा पुगी व्यापार गर्दा त्यहाँका जात्रा, उत्सव, धार्मिक चाडवाड र देवीदेवताको जानकारी हुनु स्वाभाविक हो । तन्त्रमन्त्र, टूनाटोड्का, औषधि र उपचार-प्रणालीका साथै समाजका निम्ति उपयोमी हुने कृषि, कला, वास्तुकला, मूर्तिकला आदिको आदानप्रदान पनि यसै सार्थयुगमा भयो ।

पुरातन युगमा विकसित भनिएका मुलुकको सभ्यताले प्रभावित भएका सार्थहरूको मस्तिष्कले ती सभ्यताभन्दा उत्कृष्ट/सभ्यताको परिकल्पना मात्र गर्दैन कि विभिन्न देशको भ्रमणबाट भएको अनुभवले नै निजी संस्कृतिको धरातल फष्टाउँछ । एक ठाउँमा हुर्कीबढी गरेको संस्कार र सभ्यताभन्दा यायावर जिन्दगीका सभ्यता विकसित हुन्छन् ।

पश्चिम एशिया एवं उत्तर अफ्रिकाका देशका विकसित सभ्यताबाट भारतले के के ग्रहण गऱ्यो र भारतीय सभ्यताबाट ती मुलुकले के के सिके भन्ने कुरा निश्चयात्मक रूपले परिगणन गर्न सकिदैन तापनि कतिपय कुराको आदानप्रदान भएको अनुशीलनबाट जान्न सकिन्छ । जस्तै – मूर्तिकला, दीनार, ज्योतिषका केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक साधना एवं तन्त्र पश्चिम एशियाका मुलुकबाटै आएको कुरा राहुल सांकृत्यायन २० एवं हरप्रसाद शास्त्री २१ जस्ता मनीषीहरू स्वीकार गर्दछन् भने देवीदेवताको आगमन पनि पश्चिमबाट भएको छ। पश्चिम एशियाकी देवी इयन्ना नैनादेवीको नाउँले भारत मात्र होइन कि नेपालमा पनि आइपुगेकी छन् २२। तन्त्रशास्त्रका साधक र अनुसन्धाता आर्थर एवलेनले तन्त्र पश्चिम एशियाको चाल्डियाबाट भारतमा आएको कुरा उल्लेख गरेका छन् २३।

उपर्युक्त विद्वान्हरूको तर्कलाई सम्पूर्ण रूपमा स्वीकार गर्न नसकिएता पनि त्यसभित्र सत्यांश छैन भन्न मिल्दैन। आयात विषयलाई संस्कार, परिमार्जित एवं परिवर्तनहरू गरी अपनाइएका र निजी उद्भवको रूप दिएर प्रचारप्रसार गरिएका प्रशस्तै कुरा छन् भनेर मान्न सकिन्छ। पश्चिम एशियाको सभ्यतामा पूजित मातृदेवी वा भूदेवी यहाँ पनि आइपुगिन् र वैदिक संस्कृतिकी अदिति, वाग्देवी, भूदेवीसँग उनको एकाकार भएको स्वीकार गर्न बाधा पर्दैन। पुरातन समयमा मातृदेवी, भूदेवीको मान्यता विश्वव्यापी रुपमा थियो भन्ने कुरा सर्वमान्य सिद्धान्त नै बनेको छ। आजको नेपाली समाजमा पनि सिमे, भूमे नाउँले किसानहरू धानको थुप्रोमा पूजा गर्छन्। खेतको रोपनी शुरू गर्दा पनि खेतको सिरानमा सिमे, भूमे नाउँले लाम्चिला ढुंगाका मूर्ति स्थापना गरी ध्वजापताकासहित पूजा गर्ने चलन छ। ठूला खेतीवालले सिमे, भूमेको पूजा गरी धानको राशिमा बलिदान पनि गर्छन्।

बेविलोनको सिम वा सिमा; फारसमा 'स' को उच्चारण 'ह' हुने हुँदा सिमबाट हिम र सिमाबाट हिमा भएको रूप नै सिन्धमा पुगेपछि हैमवती उमा भएको मान्ने विद्वान्हरू पनि छन्, परन्तु यो सर्वस्वीकृत सिद्धान्त बन्न सकेको छैन।

बेविलोन, एलस, इरानमा जस्तै धनकी देवी, कृषिकी देवी, जलकी देवी, शिकारकी देवी आदि छुट्टाछुट्टै रूपको कल्पना र मान्यता हामीकहाँ नभए पनि सर्वगुणसम्पन्ना देवीको मान्यता हामीकहाँ छ। साथै कार्यअनुसारको नाउँ, रूप, रङ्ग, वर्ण, आयुध, वाहन, भुजा, आसन, मुद्राको विभिन्नता पनि प्रशस्तै भएको छ तापनि दार्शनिक दृष्टिले अनेकताको एकता स्वीकार गरिन्छ।

सिन्धु घाटी सभ्यताको उत्खननमा बीचमा छिद्रयुक्त गोल चक्काहरू पाइएकोलाई मार्शलले जननेन्द्रियको कल्पना गरी विश्वका अधिकांश जातीय सभ्यतामा स्वीकृत प्रजनन शक्तिको पूजा यहाँ पनि हुन्थ्यो भन्ने कल्पना गरेका छन्। सिन्धु घाटी सभ्यताको निरन्तरताले इतिहासको निर्माणमा त्यति सहयोग नपुऱ्याएता पनि वैदिक संस्कृतिको विकासले ऐतिहासिक धरोहरका कतिपय पक्षलाई समेट्दै अगाडि बढेको कुरा इतिहासका पछिल्ला उपलब्धिले इङ्गित गरेकै पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धन, ऐश्वर्यवाचक श्री वा लक्ष्मीको विशेष उपासना समुद्रयात्रा गरी धन उपार्जन गर्ने सार्थ (व्यापारी) ले गर्थे भन्ने कुरा ऐतिहासिक अनुशीलन गर्ने विद्वान्हरूले व्यक्त गरेका छन् । त्यस्तै राज्यश्री, सम्पदाको महत्त्वलाई स्वीकार गर्ने राजामहाराजाको निम्ति पनि लक्ष्मी इष्टदेवी नै भइन् ।

भारतका विभिन्न ठाउँमा पुरातात्विक उत्खननमा सिन्धु नदीका किनारमा रहेको तक्षशिलादेखि पाटलीपुत्र (विहार) सम्म गोल चक्कामा विभिन्न माङ्गलिक वस्तु एवं मातृदेवीका मूर्तिहरू उत्कीर्ण भएका सफेद, सलेटी, बैगनी, काला पत्थरका टुक्रा एवं सग्लो रूपका चक्राकार वस्तु पाइएका छन् । यसलाई वासुदेवशरण अग्रवाल 'सिन्धु घाटी सभ्यता' मा प्राप्त योनिमूर्तिको परम्परामा विकसित मातृदेवीको उपासना गरिने चक्रको रूपमा स्वीकार गर्दछन्, जसको अति विकसित रूप श्रीचक्रमा देख्न पाइन्छ ।

उत्खननमा प्राप्त यी गोल, चक्राकार, चेप्टा पत्थरका टुक्रामा उत्कीर्ण रेखाचित्र, पुष्पचित्र, वृक्ष र मातृदेवीका मूर्ति अंकन छन् । अलग-अलग ठाउँमा पाइएका कुनै सग्ला र कुनै टुटफुट भएका उक्त चक्काको कलात्मक विविधता पनि देख्न पाइन्छ । परन्तु यी चक्काहरूमा पनि बीच भागमा रहेको छिद्र पाउनुले दुई हजार वर्षपूर्व सिन्धु घाटीमा प्राप्त छिद्रयुक्त चक्काकै प्रतिनिधित्व गर्छ [२४] ।

भारतको बेतियाभन्दा १५ मील उत्तर-पश्चिममा रहेको लौरियानन्दगढ भन्ने ठाउँ, जहाँ अशोककालिक स्तम्भ पनि छ, त्यहाँ एउटा प्राचीन स्तूप पनि छ । माटाबाट बनेको यो स्तूपलाई वेदकालको श्मशान स्तूपको रूपमा विद्वान्हरूले मानेका छन् । सर कनिङ्घमले ई.पू. १५००-६०० को समय यसको निर्माणकाल मानेका छन् । यसको उत्खननमा स्तूपको बीचमा काष्टस्तम्भ प्राप्त भएको र एउटा स्वर्णिम पत्रमा मातृदेवीको आकारको छाप अंकित भएको (प्लेट १०७) प्राप्त भएकोले व्लाखले यसलाई महीदेवी (भूदेवी) को अंकन भनेर मानेका थिए । स्तूपको बनावट एवं त्यसमा प्रयुक्त माटो आदिको अध्ययन गरी ऋग्वेदको पितृमेधसुक्त (१०।१८।१३) को कथनअनुसार वैदिक सभ्यताको स्तूप भनी स्वीकार गरेका छन् । त्यस्तै मातृदेवीका चित्राङ्कन उपर्युक्त चक्काहरूमा पनि उपलब्ध भएकोले यसलाई मातृदेवी वा भूदेवीको उपासना गरिने यन्त्रको रूपमा डा. अग्रवालले स्वीकार गरेका छन् [२५] । यस्ता चक्काहरू पाइएको ठाउँ मथुरा, तक्षशिला, कोशम (कौशाम्वी), राजघाट, संकिसा, वसाढ (वैशाली), पटना मुर्ततीगञ्ज, रूपड आदि छन् । यसबाट श्रीचक्र रूपयन्त्रको प्रारूप सिन्धुदेखि विहार (मगध) सम्म चलेको थियो भन्ने थाहा पाइन्छ र यसको निर्माणकाल प्राङ्मौर्यकाल मानेका छन् [२६] ।

प्राप्त चक्कामा भएका अलङ्करण, वैदिक प्रतीक तालवृक्ष, मुचुकुन्द पुष्प, नग्न स्त्रीमूर्ति, वृत्तमण्डल आदिको समीक्षा गर्दै देवी यन्त्ररूप मानेका छन् । यी चक्रमा अंकित विषयको चर्चा गर्दै ऋग्वेद खिलसूक्तमा वर्णित श्रीदेवीको सामञ्जस्य स्थापित गर्दछन् [२७] ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनादिकालदेखि लोकधर्ममा पूजित श्रीदेवीको लोकगीतमा प्रचलित मन्त्र नै श्रीसूक्तको संकलन हो भन्ने अग्रवालजीको मत छ र यसको विस्तृत व्याख्या गर्दै उनी भन्छन्- श्रीसूक्तमा देवीलाई माता पृथ्वी (देवी मातरं श्रियम्) भनिएको छ। यस्तै (पशुनां रूप मन्नस्य मयि श्रीः श्रयतां यशः) पशुहरूकी जननी, अन्नकी उत्पादनकर्त्री, क्षमादेवी, माधवी आदि भनिएको छ (विष्णुपत्नी, क्षमादेवी, माधवी, माधनवप्रियाम्)।

यस्तै पद्ममालिनीं, पुष्करिणीं, पद्मेस्थिता आदि उक्तिले कमलको माला लगाउने, कमलवासिनी, जलबाट उत्पन्न हुने आदि कुरा व्यक्त हुन्छ भने 'सर्वभूतानां ईश्वरी' सबै प्राणीकी अधिष्ठात्री पनि उनै मानिन्छिन्। श्रीकाम, धनदायी, गोअश्वदायी आदि शब्दले ऐश्वर्य, धन, पशु, धान्यदात्रीको रूपमा पनि श्रीदेवी चर्चित छन्, जसको अंकन प्रतीकात्मक रूपमा पुष्प, पत्र, पशु, श्रीफल आदिको अङ्कन उक्त चक्काहरूमा भएको छ। श्रीसूक्तमा आएका २९ मन्त्रमध्ये पहिलेका १५ मन्त्रहरू वैदिक पृष्ठभूमिका रचना हुन् र पछिका मन्त्रहरू लोकधर्ममा रचित लोकगीतका अंश हुन् भन्ने विचार प्रकट गर्दै उक्त प्राप्त चक्काहरूले श्रीविद्याको भारतीय परम्पराको द्योतन गर्छ भन्ने कुरा डा. अग्रवालले व्यक्त गरेका छन्।

मूर्ति, पशु, लता, वृक्ष, मातृदेवीमूर्ति आदिको अंकन गरिएका चक्काहरूको विकसित रूप, ज्यामितीय जटिल रेखाङ्कन पद्धतिद्वारा प्रतीकात्मक श्रीयन्त्रको वर्तमानमा पाइने रूप कहिलेदेखि बन्यो, त्यो भन्न कठिन छ। विभिन्न देवी-देवताको उपासनामा बनेका यन्त्रहरूको अगणित संख्या छ। त्यसमा यन्त्रको जटिलता भने श्रीयन्त्र नै हो।

श्रीयन्त्रको निर्माण नव योन्यात्मक छ र यसको व्याख्या कामेश्वर कामेश्वरीको उपासना पद्धतिले प्रजनन शक्तिको आदिम रूपको विकसित अवस्थालाई दर्शाउँछ। सृष्टिको विस्तारक्रममा तान्त्रिक दर्शनले जे जसरी व्याख्या गर्दछन्, त्यसको व्यष्टि र समष्टिरूपको परिकल्पना श्रीयन्त्रमा भएको छ। यसकारण विश्वब्रह्माण्डको प्रतीक रूपमा निर्माण गरिने श्रीयन्त्रको समस्त देवत्त्वको परिकल्पना गरी उपासना गरिन्छ।

आजभोलि लक्ष्मी, महालक्ष्मी, भुवनेश्वरी, कमला श्रीदेवी आदिको उपासना गर्ने विभिन्न यन्त्रहरू पनि बनेका छन्। यस्तै पञ्चदशी र शोडषीको उपासना गरिने श्रीयन्त्र पनि छन्।

श्रीदेवी र श्रीयन्त्रको साधारण रूपको परिकल्पना र पूजा उपासनाको प्रारम्भ सिन्धु सभ्यता वा वैदिक कालदेखिकै माने पनि वर्तमानको श्रीयन्त्ररूप चाहिं इस्वी सन्को शुरूपछि नै विकास भएको मान्नुपर्ने हुन्छ।

मूर्तिनिर्माण र मूर्तिपूजाको क्रम पश्चिम एशिया, मिश्र, यूनान आदि देशमा भएको कुरा केही पाश्चात्य विद्वान्हरूले गरेका छन् तापनि त्यो सिन्धु सभ्यताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्खननभन्दा अगाडिका तर्क र अनुमान हुन् । सिन्धु सभ्यताको प्रकाशपछि पुरातनकालमा भारतमा मूर्तिनिर्माणको परम्परा र पूजा थिएन भन्न मिल्दैन । केवल वैदिक संहितामा मूर्तिपूजाको प्रचलनमा स्पष्टता छैन र प्रजनन प्रतीकको पूजा गर्न रुचाउन्नथे भन्न मात्र सकिन्छ । वैदिक ऋषिहरू अग्निलाई नै मुख्य देवता मानेर अन्य देवताको मन्त्रद्वारा आवाहन गरी अग्निमा हवन गर्थे । वेद वेदकालिक समस्त समाजको शास्त्र नभएर केवल वैदिक ऋषिहरूको शास्त्र हो, जो शिक्षित, साधक र पठित थिए ।

तान्त्रिक साधनापद्धति या तन्त्रग्रन्थहरू भारतमा ५५० इस्वीतिर पसेका हुन् भन्ने कुरा आथर एवलनले [२८] भनेका छन् तापनि यस बेलातिर कुनै पश्चिमा विकसित तन्त्र यहाँ आएको मान्न सकिन्छ, किन्तु सबै तन्त्र र तान्त्रिक साधनामा यो कुरा मान्न सकिँदैन । शैवतन्त्रको आरम्भ इशापूर्वकै बेलामा भएर विकसित हुँदै आए । यस्तै वैष्णव तन्त्रको बारेमा पनि भन्न सकिन्छ । तान्त्रिक साधनाको गढ मानिएको श्रीशैल एवं धान्यकटकमा तान्त्रिक विकासको शुरू तेस्रो शतीतिर भएको कुरा राहुल सांकृत्यायनले उल्लेख गरेका छन् [२९] । शैवसिद्धान्तका ग्रन्थहरूको उल्लेख गर्दै शैवागमको निर्माणकाल तेस्रो शती भनेर डा. राधाकृष्णन्ले उल्लेख गरेका छन् [३०] ।

तान्त्रिक साधनपक्ष शुरूदेखि नै वैदिक परम्परासँग भिन्नता राख्तै आएको पाइन्छ तापनि पछि पाइने तान्त्रिक साधनापद्धति जस्तै वेद बाह्यरूपमा प्रचलनमा आएको चाहिं थिएन ।

श्रीचक्रको विकसित रूप हामी रुद्रयामलमा पाउँछौं । यस ग्रन्थलाई विद्वान्हरूले छैटौं शतीको भनेर अड्कल गरेका छन् । त्यसपछि श्रीचक्र निर्माणको विधि हामी श्री शङ्कराचार्यद्वारा रचित भनिएको सौन्दर्य लहरी भन्ने ग्रन्थमा पाउँछौं, जसमा ६४ तन्त्रको प्रचलन भएको कुरा पनि संकेत गरिएको छ । सौन्दर्य लहरी आद्य शङ्कराचार्यको ग्रन्थ हो वा होइन, निश्चय भन्न गाऱ्हो छ । किन्तु आद्य शङ्करको नभए तापनि धेरै पछिको चाहिं होइन । आचार्य बलेदवको कथनअनुसार चाहिं आद्य शङ्कराचार्यकै कृति भनिएको छ र अधिकांश विद्वान्हरूले पनि बलदेवकै विचारअनुशारको अभिमत प्रकट गरका छन् [३१] ।

सौन्दर्य लहरीका भाष्यकार एघारौं शतीका लक्ष्मीधर पनि यसलाई शङ्कराचार्यकै कृति मान्दछन् ।

भगवान् शङ्करलाई श्रीविद्याका उपासक भनिन्छ र उहाँका मुख्य गद्दी मानिएका मठहरूमा पनि श्रीविद्याको उपासना गर्ने परम्परा रहेको पाइन्छ ।

उत्खननमा पाइएका श्रीयन्त्रका आदिम रूप भनिएका पाषाण चक्काको विश्लेषण गर्दै सर जान मार्शल भन्छन्– न यसलाई कुनै काममा प्रयुक्त हुने वस्तु भन्न सकिन्छ न खिलौना नै । अतः यो सिन्धु सभ्यतामा प्राप्त योन्याकार चक्का एवं मातृदेवीको उत्तरकालीन रूप हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कथनले विश्लेषण गरिएका तक्षशिलादेखि उडिसासम्मको उत्खनमा प्राप्त श्रीयन्त्ररूपका चक्काहरू ई. पू. का हुन् र मौर्य युगभन्दा पनि पूर्वकालिक मानिएकोले त्यसपछिको विकासक्रममा वर्तमानमा पाइने श्रीयन्त्रको रूप बन्यो होला । लगभग तेस्रो वा चौथो शतीतिर श्रीयन्त्रको निर्माण र उपासना पद्धति बनिसकेको मान्न सकिन्छ ।

तान्त्रिक विद्याको अभ्युदय र उपासनाक्रम दक्षिण भारतमा भएको कुरामा अधिकांश विद्वान्हरूको मन्तव्य पाइनुले पनि तान्त्रिक साधनाको परम्परा उतैबाट वंगाल, विहार हुँदै नेपालमा आएको तथ्य प्रकट गर्छ । इस्वीपूर्व र पछि पनि दक्षिण भारतबाट समुद्रपारको व्यापार हुने गरेको तथ्य फेला परेकोले वेदबाह्य मानिने तान्त्रिक साधनापद्धति बाहिरबाट भारतमा प्रवेश गरेको कुरामा विद्वान्हरूलाई बल मिलेको छ । हाम्रा उत्तर भारतमा निर्मित प्राचीन साहित्यले[३२] पनि तान्त्रिक साधनाको मुख्य स्थल श्रीशैल, धान्यकटक मानेको र तिब्बती परम्पराले पनि यस कुरालाई पुष्टि गरेकोले [३३] पनि तन्त्रशास्त्रको विकासमा दक्षिण भारतकै अग्रिम भूमिका मान्न बाधा छैन । शाक्त सम्प्रदाय र तान्त्रिक साधना पद्धतिको प्रशस्त विकास भयो र एघारौं शतीसम्ममा थुप्रै तन्त्रशास्त्रका ग्रन्थ निर्माण भएको कुरा हामी विभिन्न तान्त्रिक स्रोतबाट थाहा पाउँछौं । सौन्दर्य लहरीका टीकाकार लक्ष्मीधरले 'चतुषष्ट्या तन्त्रैः' भन्ने सौन्दर्य लहरीको व्याख्यामा वैदिक आचारलाई खलल नगर्ने र वेदबाह्यका चौंसठ्ठी तन्त्रको परिगणन गरेका छन् र सौन्दर्य लहरीले इङ्गित गरेका तन्त्रलाई वेदविहित तन्त्रको गणना हो भनेर मानेका छन् । अतः दक्षिण भारतमा व्यापकता पाइसकेको तान्त्रिक साधना पद्धतिको प्रभाव भगवान् शङ्करका पूर्व आचार्यमाथि पनि परिसकेको बोध हुन्छ ।

अद्वैतवेदान्तवादी भगवान् शङ्करद्वारा उपासना गरिने श्रीविद्याको उपासनाक्रम भने सात्त्विक थियो, जसलाई 'समयाचार' को संज्ञा दिइएको छ । दक्षिणाचार, वामाचार, कौलाचार आदि तान्त्रिक उपासना गर्ने क्रम (बाटाहरू) छन् । समयाचारलाई हामी दक्षिणाचारभित्र नै परिगणन गर्न सक्छौं । श्रीसाधना सबै क्रमबाट गर्न सकिन्छ । श्रीयन्त्र निर्माण गर्दा र पूजाक्रममा पनि सृष्टिक्रम, स्थितिक्रम र संहारक्रमले गर्ने परम्परा पनि रहेको पाइन्छ । यसको अर्को संज्ञा कैलासपृष्ठ वा कैलासप्रस्तार, मेरूपृष्ठ (प्रस्तार) र भूपृष्ठ (प्रस्तार) पनि छ ।

यी उपर्युक्त निर्माणका तरिका र उपासनाका आचारक्रियाको परम्परा कहिलेदेखि विकसित भयो भन्ने कुरा अज्ञात छ । तन्त्र साहित्यको इतिहास पनि अझसम्म लेखिएको छैन । किन्तु प्राप्त साहित्यको अनुशीलनबाट छैटौं शतीतिर यसका उल्लिखित पक्षहरूको निर्माण र विकास भइसकेको कुरा भने जान्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विपुल सामग्रीयुक्त तन्त्रशास्त्रको आफ्नै महत्ता छ र यसै कुरालाई भगवान् आद्य शङ्कराचार्यले आफ्नो सौन्दर्य लहरी भन्ने स्तोत्र ग्रन्थमा उल्लेख गर्नुभएको छ ३४ ।

श्री विद्यार्णव भन्ने ग्रन्थ (पृ.१८६) मा श्रीचक्र निर्माणको तीन प्रकार बताइएको छ– मेरूपृष्ठ, कैलासपृष्ठ र भूपृष्ठ । यसैलाई कुनै ग्रन्थमा प्रस्तार पनि भनिएको छ अर्थात् मेरूप्रस्तार, कैलासप्रस्तार, भूप्रस्तार । कैलासपृष्ठरूप यन्त्रमा संहारक्रमले पूजा गर्नु उचित छ भनिन्छ भने संहारक्रम सिद्ध-सन्यासीको लागि विहित छ । कौलिकाचारले उपासना गर्नेहरू जो वास्तवमा षड्चक्र भेदन गरेर समाधिदशामा निमग्न हुन्छन् त्यस्ता सिद्ध योगीहरूको लागि संवित् स्वरूप परम शिवको उपासना नै मुख्य हुन्छ । सृष्टिस्थितिसम्वन्धी विश्व प्रपञ्चको चिन्तनबाट माथि उठेका योगीहरूका लागि सम्पूर्ण ब्रह्माण्डको लयावस्थामा शेष रहने परमसत्ता रूप महाविन्दुमा ध्यान केन्द्रित गर्नु नै चरम लक्ष्य हुन्छ । विमर्शरूपा शक्ति (मूल प्रकृति) को जब परम शिवमा लय हुन्छ । न पुरुष न स्त्रीरूप काल्पनिक विन्दु (शून्यावस्था) नै तान्त्रिक दर्शनले प्रतिपादन गरेको परम सत्ता हो । भू-प्रस्तारमा स्थितिक्रमको पूजा विहित छ र स्थितिक्रमको श्रीयन्त्र उपासना गृहस्थ साधकको निम्ति उत्तम हुन्छ भन्ने वचन शास्त्रको पाइन्छ ।

श्रीयन्त्रको मेरूपृष्ठ या प्रस्तारमा ब्रह्मचारी तथा स्त्रीहरूले पूजा गर्नु भनिएकोले प्रायश: साधकहरू मेरूपृष्ठमा नै पूजा गर्छन् । यद्यपि तीन प्रस्तारको श्रीयन्त्र लेखनविधिको भिन्नता पनि तन्त्रान्तरमा उल्लेख भएको पाइन्छ र संहारक्रमको श्रीयन्त्र निर्माण गर्दा बाहिरबाट बनाउँदै ल्याउने र अन्त्यमा त्रिकोण एवं विन्दु बनाउने उक्ति पाइन्छ, किन्तु जटिल रेखागणितीय पद्धतिद्वारा निर्माण गरिने श्रीयन्त्रको उक्त लेखनविधिको परिपालना कतिसम्म हुन्छ, त्यो विचारणीय छ ।

रत्नसागर भन्ने ग्रन्थमा भनिएको छ– सुर्वणद्वारा निर्मित यन्त्रमा आजीवन चाँदीको यन्त्रमा बीस वर्ष, भूर्जपत्रमा उल्लिखित श्रीयन्त्रमा ६ वर्षतक पूजा गर्न सकिने कुरा लेखिएको पाइन्छ भने स्फटिकमा बनेको श्रीयन्त्रमा टुटफुट नभएसम्म पूजा गरिरहन सकिन्छ । यही कुरा श्री विद्यार्णव भन्ने ग्रन्थ (१८७ पृ.) मा पनि उल्लेख भएको पाइन्छ ।

सुभगोदय (स्तुति) मा स्थितिक्रम, ज्ञानार्णवतन्त्रमा सृष्टिक्रम तथा तन्त्रराज भन्ने ग्रन्थमा संहारक्रमको चक्रोद्धार गर्ने विधि बताइएको छ ।

चक्र निर्माण गर्दा सुन, चाँदी, ताम्रपत्र, स्फटिक, नीलम आदि रत्नमा पनि गरिन्छ र नेपालमा भवानी तुलजाको नामले उपासना गरिने यन्त्र रत्नमय थियो भन्ने कुरा वंशावलीहरूको उल्लेखबाट ज्ञात हुन्छ । परन्तु यसको निश्चिति गर्ने साधन वा उपाय प्राप्त हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोल पत्थर, शालग्राम शिला, गोलस्फटिक र यस्तै रत्नहरूमा श्रीयन्त्र अंकन गर्दा उच्च विषम, निम्नोन्नत एवं समतल स्वर्ण, रजत एवं ताम्रपत्र वा भूर्जपत्रमा गरिने शास्त्रीय वचनले के पुष्टि गर्दछ भने मेरू, कैलास, भू-प्रस्तारको वास्तविक अर्थ सम, विषम र विषमोन्नत यन्त्र निर्माण प्रक्रियालाई इङ्गित गर्दछ। सुन, चाँदी ताम्रपत्रमा यन्त्र वनाउँदा पनि केही उठाई बनाउन सकिन्छ। केवल कागज, भूर्जपत्र, पट्टवस्त्रहरूमा अंकन गर्दा मात्र यन्त्र विस्तार सम हुन्छ। यस आधारमा यन्त्र निर्माणको व्याख्या गर्दा उन्नत मेरूपृष्ठ, निम्नोन्नत कैलासपृष्ठ र समभूपृष्ठ हो भनेर पनि मान्न सकिन्छ। किन्तु विभिन्न तन्त्रहरूमा विभिन्न किसिमका कुरा उल्लेख भएकोले निश्चित अर्थको निम्ति भ्रम हुनसक्ने चाहिं होइन।

वेदमा यन्त्र निर्माणका कुरा र त्रिपुरा सम्बन्धी उल्लेख पाइँदैन। श्रीयन्त्र साधनाको महत्ता दर्शाउने उपनिषद्हरू प्राप्त छन् र त्यसलाई वैदिक साहित्यको गणनाभित्रै समावेश गरिने प्रयत्न भए तापनि निकै अर्वाचीन भएको कुरा विद्वान्हरूले स्वीकारेका छन्। यसै ग्रन्थको प्रारम्भमा पनि पुरातात्त्विक उत्खननवाट प्राप्त गोल चक्काहरूको इतिहास सिन्धु सभ्यतादेखिकै भए तापनि ईसाको तेस्रो शतीभन्दा केही अघिसम्म वर्तमानमा पाइने श्रीयन्त्रको जटिल रेखाङ्कन प्राप्त थिएन। साथै छैटौं शतीतिर यसै कुरालाई भगवान् शङ्कराचार्यले आफ्नो सौन्दर्य लहरी भन्ने स्तोत्र ग्रन्थमा पनि उल्लेख गर्नुभएको छ [३५]।

श्रीयन्त्रका त्रिकोण ऊर्ध्वमुख (जो लिङ्गाकार देखिन्छन्) श्री शिवरूप मानिन्छन् र जो अधोमुख योन्याकार छन् त्यसलाई शक्तिरूप मानिएको छ। यन्त्र निर्माण गर्दा चार त्रिकोण माथि फर्केका र पाँच तलतिर फर्केका परस्परमा संयुक्त बन्दछन्। शिवस्वरूप नौ त्रिकोण र मूल प्रकृति स्वरूपिणी जगदम्बाका नौ त्रिकोण परस्परमा संयुक्त हुँदा ४३ त्रिकोण बन्दछन्। त्यसबाहिर आठ दल कमल र त्यसबाहिर सोन्ह दलको कमलपत्र बनाएपछि त्यसलाई तीन वृत्तरेखाले घेरिन्छ। अनि त्यसबाहिर चार दिशामा चार द्वारको आकार अंकित गरेर चतुरस्त्र घेराको भूपुर बनाइन्छ।

यो श्रीयन्त्र निर्माणको विधि समयाचार (दक्षिणाचार) को हो र यसको पूजाक्रम सृष्टिक्रमले हुन्छ। स्थितिक्रमको यन्त्र निर्माणसम्बन्धी भेद प्राय: पाइँदैन र पूजाक्रममा भने भिन्नता रहेको देखिन्छ। किन्तु संहारक्रममा भने यन्त्र निर्माणको प्रक्रिया पनि भिन्न प्रकारले बताइएको छ र यन्त्र निर्माण गर्दा बाहिरबाट शुरू गर्नुपर्ने हुन्छ। यस निर्माणक्रमलाई कैलासप्रस्तार भन्दछन्। यो परम्परामा कौलहरूले उपासना गर्दछन्। कौल मतावलम्बी उपासक सिद्ध हुनुपर्छ, जो कुण्डलिनी जगाइसकेको समाधिक्रियामा दक्षता प्राप्त योगी होस्। उसले सृष्टिविस्तारबाट संहारक्रमतिर बढ्नुपर्छ, किनकि उसको चरम लक्ष्य परमशिव (संवित्) अथवा विन्दुरूप अवस्थामा पुग्नु हो। विमर्शरूप विन्दुको पनि परमसत्तामा लीन भएको परमशिवको काल्पनिक विन्दुरूप शून्यताको बोध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीको अन्तिम समाधि दशा हो । यसकारण संहारक्रमले श्री साधना गर्न योगी-सन्यासीलाई विहित छ ।

✡

पादटिप्पणी

१. डा. वासुदेवशरण अग्रवाल – भारतीय कला पृ. २८
२. ऋग्वेदमा श्री १-१६६, १०।१ १७९-१-१, १८८, ।६।२।१।, १२; ४।१०, ५।४।२३।, ६।५।४४।२, १०।७१।२ इत्यादि
३. डा. कुमार स्वामी – आरकेइक टेराकोटाज ७२-७३ अर्लि इन्डीयन आइक्रोनोग्राफी इष्टर्न आर्ट ख. १ पृ. १७५-७६
४. ऋग्वेद १०। वागाम्भृणी सूक्त
५. तैत्तिरीय संहिता ।७।५।१४।, वाजसेनेयि संहिता २९।६०
६. अथर्ववेद १२।१।६३ तथा ९।५।३१- ११।१।१२- ११।१।२१ इत्यादि
७. शतपथ ब्राह्मण, २।१।४।९ तथा ११।४।३।१
८. ऐ. ५।४।२।११।
९. जैमिनीय ब्राह्मण २।२५ तथा ऐतरेय ब्राह्मण ८।१२।३
१०. वृहदारण्यक उपनिषद् ।६।४ तथा तैत्तिरीयक उपनिषद् १।४
११. महानारायणीयोपनिषद् १।२
१२. देव्युपनिषद् ८।, सौभाग्यलदम्युपनिषद् १।३ तथा १।१९
१३. भूपाद् भूयादिपद्माभय वरदकरा, तप्त क्रान्तिः स्वराभा
शुभ्रा भ्राभेकध युग्म द्वयकरधृत कुम्भाद्भि रासिच्यमाना ।
रक्तौघा बद्धमौलिर्विमलतर दुकूलार्तवाले वनाद्या
पद्माक्षीपद्मनाभोरसिकृत वसतिः पद्मागरश्री श्रियै नः ॥
सौभाग्यलदम्युपनिषद् १।२८।२९
१४. सा पद्मरागं वसनं वसाना पद्मानना पद्म दलायिताक्षी ।
पद्मा विपद्मा पतितेव लक्ष्मीः शुशोष पद्मसगि वा तपेन ॥ ।६।२६
१५. बरूआ सिन्हा – भरहुँत इन्सक्रिप्सन्स पृ. ४५
१६. डा. मोतीचन्द्र – 'सार्थवाह' (डा. वासुदेवशरणको भूमिकाबाट)
१७ ....रोममा अलक्ष्मीको रूपमा पूजित ई. पू. १५०० तिरको हाम्रो लक्ष्मीको सदृश मुर्ति ।
१८. डा. वासुदेवशरण अग्रवाल – भारतीय कला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९. डा. किरणकुमार थपल्याल – सिन्धु सभ्यता पृ. २२
२०. राहुल सांकृत्यायन– पुरातत्त्व निवन्धावली
२१. हरप्रसाद शास्त्री– क्याटलग ताडपत्र पाण्डुलिपि, नेपाल दरबार लाइब्रेरी प्रकाशन (सन् १९०५) कलकत्ता
२१ (क) गच्छत्त्वं भारतेवर्षे अधिकाराय सर्वतः ।
पीठोपपीठ क्षेत्रेषु कुदसृष्टिमनेकधा ॥

–कुब्जिकामन्त्रतन्त्र

(धर्मशास्त्र का इतिहास भाग ५, पृ. २ मा काणेले पनि यो उधृत गरेका छन् ।)

२२. गुल्मी जिल्लामा नैनादेवीको मन्दिर छ ।
२३. आर्थर एवलोन – महानिर्वाणतन्त्रको भूमिका पृ. २६०
२४. डा. वासुदेवशरण अग्रवाल – भारतीय कला पृ. ९०
२५. डा. वासुदेवशरण अग्रवाल – भारतीय कला पृ. ८९–९५
२६. डा. वासुदेवशरण अग्रवाल – भारतीय कला पृ. ८९
२७. डा. वासुदेवशरण अग्रवाल – भारतीय कला पृ. ९५
२८. आर्थर एवलेन – सर्पेन्ट पावर
२९. राहुल सांकृत्यायन – पुरातत्त्व निबन्धावली
३०. आचार्य बलदेव – भारतीय दर्शन, दोस्रो भाग पृ. २३
३१. आचार्य बलदेव – भगवान् शंकर
३२. प्रवोध चन्द्रोदय (नाटक), मालती–माधव (नाटक)
३३. राहुल सांकृत्यायन – पुरातत्त्व निवन्धावली
३४. चतुर्भिः श्रीकण्ठैः शिवयुवलिभिः पञ्चभिरपि
अभिन्नाभिः शंभोर्नवभिरपि मूल प्रकृतिभिः ।
त्रयश्चेत्त्वांरिशद् बसुदल कलाब्ज स्त्रिवलय
स्त्रिरेखाभिः सार्थ तव भवनकोणा परिणताः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीतलेजु भवानीको ऐतिहासिक पक्ष

श्रीतुलजा भवानीलाई कुलदेवताको रूपमा पहिले कर्णाटकवंशी सिमरौनगढ (बारा जिल्ला, नेपाल) का राजाहरूले पूजा गर्दथे । तुलजा भगवतीको ऐतिहासिक पक्षको अध्ययन गर्दा श्रीयन्त्रमा भगवतीको उपासना गरिएको पाइन्छ, जसको चर्चा माथि भइसकेको छ ।

प्राचीनकालमा नै भगवती लक्ष्मी (श्रीदेवी) को उपासना गरिन्थ्यो । लक्ष्मीको विषयमा अन्वेषण गर्दा ऋग्वैदिक कालमा नै श्रीदेवीको विशेष महत्ता रहेको श्रीसूक्त (ऋग्वेद) बाट थाहा पाइन्छ ।

ऐतिहासिक कालमा सार्थ (व्यापारी) हरूको टोली ठूला ठूला नाउबाट समुद्रयात्रा गरी मिश्र, बेबिलोन (हालको इराक), रोम (इटाली) मा व्यापार गर्न पुग्दथे । यो यात्रा श्रेष्ठीहरूको जीवनमा एकपटक मात्रै हुन्थ्यो । १२/१५ वर्ष विदेशयात्रामा व्यापार गरी धनोपार्जनका लागि बिघ्न नपरोस् भनी श्रीदेवीको पूजा उपासना गर्दथे । श्रीदेवी (लक्ष्मी) को उपासनाले नाउ दुर्घटना हुँदैन भन्ने सार्थवाहहरूको विश्वास थियो ।

एक समय मातृदेवी श्रीदेवीको उपासना संसारभरिकै जातिहरूले गर्दथे । प्राचीन सभ्यताको विकास गर्ने देश मिश्र, बेबिलोन, मेसोपोटामिया एवं रोमको प्राचीन सभ्यतामा पनि लक्ष्मीका प्रतीक तथा मृण्मय मूर्तिहरू पाइएका छन् । यद्यपि स्थानगत भाषाका नाउँहरू विभिन्न छन् तापनि धनकी देवीको रूपमा पूजिने लक्ष्मीको मूर्ति देखेर तथा उनका बारेमा लेखिएका पुरातात्विक लेखहरू पढेर यो कुरा जान्न सक्दछौं । ई. पू. १५०० वर्षतिरको भनी उल्लेख भएको टेराकोटा (माटाको मूर्ति) बेबिलोनको उत्खननमा पाइएको छ [१] जसका हातमा धनका प्रतीक स्वर्ण थैला र पात्र छन् भने अगलबगलमा दुइटा लाटोकोसेरा छन् । प्राचीन मूर्तिकलाको निर्माणाविधामा लक्ष्मीको यस्तै रूप अंकित थियो ।

केही पछि दुइटा हात्तीले सुँडमा कलश बोकी कमलका फूलमाथि उभिएकी लक्ष्मीलाई स्नान गराउन लागेका मूर्तिहरू निर्माण गरिए । कमलको फूल पानीको प्रतीक हो ।

हाम्रा पौराणिक कथामा देव-दानवले अमूल्य रत्नको निम्ति समुद्र मन्थन गर्दा लक्ष्मी प्रकट भएको कुराको उल्लेख गर्दछन् । समुद्रमा मोती, मुगा आदि रत्नका खानी भएका र लक्ष्मीलाई समुद्रकी छोरीको रूपमा कल्पना गरिएकोले धन ऐश्वर्यकी देवी भनेर मानियो । अर्को विचारणीय कुरा के छ भने - समुद्रयात्राद्वारा टाढा-टाढाका देशमा पुगेर व्यापार गर्ने सार्थहरूले अतुल धन-ऐश्वर्य प्राप्त गर्थे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसकारण समुद्र मन्थनको कथा प्रतीकात्मक अर्थमा पुराणमा लेखियो । यस्तै भारतवर्षका मानिसहरू आफूलाई देववंशी भन्दथे र वेबिलोन, असिरिया आदि देशमा बस्नेलाई असुर भन्दथे । पुराणको गहनरूपमा अनुशीलन गरेर ऐतिहासिक साक्ष्यसँग तुलना गरी हेर्‍यौं भने हाम्रा शास्त्रमा पाताल भनिएको देश पश्चिम एशियाको देश, वेविलोन आदि ठहरिन्छन् । सात पातालमध्ये अतल, वितल, सुतल तीन लोक असुर जातिको भनिन्छ र अरू लोक नाग जातिको ।

पाताल लोकमा अर्थात् वेविलोनमा पनि धनकी देवीको पूजा गरिन्थ्यो । यो परम्परा यहाँबाट उता गयो कि उताबाट यता आयो भन्ने कठिन छ । किन्तु आर्यहरूको प्राचीन वैदिक परम्परामा मूर्तिकलाको विकास नदेखिएकोले मूर्तिकलाको रूपमा चाहिं निश्चय नै पश्चिम एशियाका मुलुकबाट हामीकहाँ आयो । भारतवर्षभन्दा पहिले मिश्र, वेबिलोन, असिरिया, यूनान आदि देशमा नै देवताको मूर्ति-कल्पना र मूर्तिपूजाको क्रम थियो भनेर मान्नुपर्छ । पश्चिमसँगको व्यापारिक सम्बन्धले गर्दा नै हो वास्तवमा नै सिन्धु घाटी सभ्यतामा पनि मूर्ति निर्माणविधा रहेको थाहा पाइन्छ । यो सभ्यता वास्तवमा कसको थियो भन्ने कुरा भने निश्चय भइसकेको छैन ।

यसरी मातृदेवी अथवा श्रीदेवीको रूपमा पश्चिम एशिया, पूर्वी यूरोप र उत्तर अफ्रिकाका देशहरूमा प्राचीन ऐतिहासिक कालमा पूजिने देवी श्रीदेवीको रूपमा भारतवर्षभित्र पनि पूजिन्छिन् ।

वैदिककालमा देवताहरूको उपासना गर्दा वैदिक मन्त्रहरू पढेर आवाहन गरी यज्ञमा हवन गर्ने चलन थियो भने देवदेवीको आवाहन (यहाँ आऊ, यहाँ वस) गर्दा कलशमा गर्ने प्रथा थियो । जलपूर्ण कलश मङ्गलमय देवताको निम्ति वैदिककालकै प्रतीक हो । संभव छ, धन ऐश्वर्य, सिद्धिऋद्धिकी देवी लक्ष्मी नै जलमा बस्ने (समुद्रकी छोरी) भनिएकीले नै कमलवनको बीचमा कमलपुष्पमाथि उभिएकी लक्ष्मीकै प्रतीकको रूपमा कलशलाई वैदिककालदेखि नै मंगलमय रूप ठानिएको पाइन्छ ।

ई. पू. तेस्रो-चौथो शताब्दीतिर श्रीचक्रको प्रारम्भिक रूपमा पत्थरका साना चक्कामा मातृदेवीको मूर्ति उत्कीर्ण भएका थुप्रै पुरातात्विक सामग्रीहरू प्राप्त भएका छन् [२] । पश्चिमी भारत, मथुरादेखि उडिसासम्मका ठाउँ-ठाउँमा फेला परेका उक्त गोल चक्काहरूलाई डा. वासुदेवशरण अग्रवालले ई. पू. तेस्रो शताब्दीदेखि तेस्रो शतीसम्मको काल निर्धारण गरेका छन् । यसलाई श्रीयन्त्रको प्रारूप मान्दछन् [३] ।

त्यसपछि श्रीयन्त्रको विकास हुँदै गयो र कुन बेलादेखि पूर्ण विकसित भएर वर्तमान रूपमा आइपुग्यो, त्यो कुरा भन्न चाहिं कठिन छ । तथापि तन्त्रसाहित्यको अध्ययनबाट के कुरा थाहा पाइन्छ भने भगवतीको आराधना गरिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै यन्त्रहरूमध्ये श्रीयन्त्रको विशेष महत्त्व मानिन्छ । श्री शङ्कराचार्यको समयभन्दा पहिले नै श्रीयन्त्रको पूर्णता र महत्व रहेको कुरा थाहा पाइन्छ [४] ।

हाम्रो तुलजा भवानीको प्रतीक पनि यही नै हो भनिन्छ र यसमा त्रिपुरासुन्दरी स्वरूपिणी भगवतीको विशेष आराधना हुन्छ । हाम्रा तान्त्रिक ग्रन्थ र पुराणहरूमा परा, अपरा शक्तिको रूपमा जगत्‌को सृष्टि, पालना, लयकर्तृ, आदि प्रकृति, आदि शक्ति इत्यादि विभिन्न नाउँले पुकारिने तथा महाकाली, महालक्ष्मी, महासरस्वती, दुर्गा, अष्टमातृका, छिन्नमस्ता, धूमावती, तारा, कुमारी आदि विभिन्न नाउँले भिन्नाभिन्नै मन्त्रतन्त्रयन्त्र र उपासनाक्रमले साधना गरिने देवीहरू वास्तवमा एउटै हुन् भनिएको पाइन्छ । तथापि उपासनाक्रममा कादिमत, हादिमत र सादिमतले गरिने पूजाक्रम चाहिं भिन्नाभिन्नै देखिन्छ ।

यस्तै शिवशक्त्यात्मक ईश्वरीय सत्ताको विशेष व्याख्या गर्ने तन्त्रशास्त्रहरूले शिवका पंचवक्त्रका पाँच आम्नाय र उग्रसाधना पक्षमा अधराम्नाय समेत छ आम्नायक्रम बताएका छन् [५] । छ आम्नायका देवीहरूको उपासनाक्रममा पनि पृथकता रहेको पाइन्छ [६] ।

यस्तै पूजाक्रममा पनि विभिन्नता रहेको छ जसको विवरण अन्यत्रै (शाक्त सम्प्रदाय र कुमारी भन्ने ग्रन्थमा) उल्लेख गरिएको छ । यहाँ चर्चित तुलजा भवानी ऊर्ध्वाम्नायकी अधिष्ठात्री देवी मानिन्छिन् ।

श्रीतलेजु उत्पत्तिसम्बन्धमा नेपाली उपाख्यान :

नेपालमा कर्णाटकवंशी राजा हरिसिंहदेव मुसलमान आक्रमणले सिमरौनगढ ई. सं. १३२४ मा ध्वस्त भएपछि परिवारसहित भागेर भित्री मधेश (वर्तमान सिंधुली जिल्लाको मरीन खोला र कमला खोंच) तिर पसे । गोपाल वंशावलीको कथनअनुसार सिंधुली जिल्लाको तीन पाटन भन्ने गाउँमा उनी परलोक भए [७] । उनकी रानी र छोरा उपत्यकामा शरण लिन आइपुगे । त्यसवेला उपत्यकामा रुद्र मल्ल शासन गरिरहेका थिए । हरिसिंहदेवकी रानी देवलदेवीले आफ्नो कुलदेवता तुलजा भवानीको यन्त्र सँगै ल्याएकी थिइन् र भक्तपुरको वर्तमान दरबारक्षेत्रभित्र तुलजादेवीको स्थापना गरियो । यसै कुरालाई लिएर भाषा वंशावलीमा यस्तो कुरा लेखिएको छः-

"अघि हरिसिंह देवका पुर्खा नान्यदेव नाम गऱ्याका २० वर्षका उमेर हुंदा दिल्लीमा आमाबाबु परिवार समेतलाई लिइगै दिल्लीका बादशाह को नोकरी गऱ्या । ५/७ वर्षसम्म बादशाहका नोकर भइबस्या । आमाबाबु स्वास्नी सबै दिल्लीमा मर्दा, आमाबाबु स्त्रीहरूकन पालनपोषण निमित्त नोकरी गऱ्याको हो । यिनीहरू मरी गयापछि नोकरी गर्नको के प्रयोजन छ भनी चित्त उदास भई फकिरी चालसँग रमंता भै अयोध्या आइपुग्या । सरयूका किनारमा फकिरी चालसँग बस्तथ्या ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन नान्यदेवलाई अर्धरात्रीमा यस्तो स्वप्न भयो कि एक अति सुन्दरी स्त्री आई "म तेरा पुर्खाका इष्टदेवता हुँ, म सरयूको जलभित्र छु। ऐले तँ उठेर मलाई जलबाट झिक। म बस्याका ठाउँमा भ्रमराहरूले छोपी राख्याको देख्लास्" भनी यस्ता तरहसँग तुलजा भवानीबाट अनुग्रह गरी स्वप्ना विषे आज्ञा हुँदा, नान्यदेव जागी उठी उसै घडी सरयूका किनारमा जाई हेर्दा धेरै भ्रमराहरू एकत्र भई छोपी राख्याको देख्दा उस ठाउँमा गोतामारी हेर्दा सुनको डब्बाभित्र तुलजा भवानीको यन्त्र र बाहिरपट्टि पूजापद्धतिको पुस्तक समेत ताँबाको पेटाराभित्र हालिराख्याको पाया। डब्बामाथिबाट लेख्याको श्लोक:-

रामोवेत्ति नलोवेत्ति, वेत्तिराजा पुरोरवा।
अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति ॥

(अर्थ - रामले जान्नुहुन्थ्यो, नलराजा जान्नुहुन्थ्यो, राजा पुरुरवा जान्नुहुन्थ्यो, राजा अलर्कको धन पाएर राजा नान्यदेव हुनेछन्।)

अघि देवराज इन्द्रले महादेवको तपस्या गरी महादेवकन प्रसन्न गराउँदा तुलजा माईका तन्त्रमन्त्र पद्धति इन्द्रकन दिया। रावणको पुत्र इन्द्रजीतले इन्द्रकन जिती ती यन्त्र पद्धति समेत लङ्कामा ल्याई पूजा गरी नरवलीसमेत दिई, मानीराख्यो। रामचन्द्रले लङ्काको रावणलाई संहार गऱ्यापछि ती यन्त्र पद्धितिकन अयोध्यामा ल्याई पूजा गरी राख्यापछि रामचन्द्र स्वर्गारोहण हुँदा सरयूमा राखीगया। तहाँ उप्रान्त नलराजाले ती यन्त्र पद्धति पाई पूजा गर्दा देवता प्रसन्न भया। उनको प्राण त्याग हुन्या बखतमा रामचन्द्रले पनि सरयूमा राखी जानुभयो म पनि त्यहीं राख्छु भनी, राखी परलोक भई गया। फेरि पुरोरवा राजाले थाहा पाई सरयूबाट झिकी पूजा मान्य गरी राख्या। उनले पनि अन्तकालमा "अघि रामचन्द्रले नलराजाले सरयूमा राखी गया, अब मैले पनि त्यहीं राखी जान्या हो" भनी सरयूमा राखी परलोक भई गया।

तहां उप्रान्त अलर्कले झिकी पूजा गऱ्या। अलर्क व्रह्मज्ञानी थिया र निष्कामनासँग भक्तिभाव गर्दथ्या। बलिदान पनि दिँदैनथ्या। यसै कारण, देवता प्रसन्न भयाको नदेखी उनले पनि अघि लियाकै ठाउँमा राखिदियाको हो। त्यो डब्बामाथि लेखियाको श्लोक अलर्कका पालामा लेखियाको हो। नान्यदेवले तुलजा भवानीका अनुग्रहले यन्त्रमन्त्र पूजा विधानको पद्धति पाई, पद्धति माफिक देवीको पूजा गर्न लाग्या। अलिक दिनपछि पूजा गरिरहँदा आकाशवाणी भयो:-

"हे नान्यदेव। जनकपुरको निकट एक ठूलो जङ्गल छ। तैले उहाँ मलाई लैजा। मेरो मन्दिर पनि उहीं बनला।" यस्तो आकाशवाणी नान्यदेवले सुनी आश्चर्य मानी उसै घढी गमन गरी सरासर जनकपुरतिर आया र त्यहाँ ठूलो जङ्गल थियो। जो त्यहाँ जान्थ्या ठूला कालसर्पले डसी मर्थ्यो। त्यसैकारणले त्यस जङ्गलमा कौनै मानिस पस्न सक्तैनथ्या। नान्यदेवले आकाशवाणीको प्रतीत मानी आँटी सबैले मनाही गर्दा गर्दै उस जङ्गलबीचमा आई पुग्या। त्याहां पत्थरको ठूलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चट्टान देख्या । रातपर्दा उसैपत्थर माथि ईश्वरीकन पुकारी सुन्दा अर्धरात्रिमा स्वप्न भयो ।

अयोध्यामा सरयूका किनारमा स्वप्नहुँदा देख्याकी सुन्दरी स्त्री आई, यो पत्थरमनि एक खड्ग छ, त्यो खड्ग झिकी हातमा लिई जागी बस, एक मणिधर सर्प आई मणि भुईंमा राखी त्यो सर्प चर्न जाला । त्यो मणिनिर गोबर होला, गोबरले मणि छोपिदियास् । जसै तँमाथि सर्प आइलाग्ला तेरो पालो त्यसैबेला त्यस खड्गले प्रहार गरी त्यो सर्पको शरीर छेदन गऱ्यास् । यस ढुङ्गा मनितिर वरिपरि र इनार माझको समेत ७ इनारमा द्रव्यले भरिराख्याका छन् ती सब धन झिकी लिई यहाँ मेरा मन्दिर बनाई बान्ह मल्लार (मालबार प्रान्त दक्षिण भारत) वाट तेरा जात र स्वदेशीहरूकन झिकाई यहाँ शहर वसाई राज्य गर भनी ईश्वरीवाट स्वप्नविषे यस्तातरहका वचनले आज्ञाहुँदा नान्यदेवले वचन प्रमाण (अनुसार) काम गरी देवीका अनुग्रहले खड्गदान पाई, धनको खवर्दारी निमित्त रह्याको अति भयानक वलवान सर्पकन मारीसकी हेर्दा त अयोध्यामा सरयूवाट निस्क्याको डब्बामाथि लेखियाको श्लोक सर्पका शिरमा सुनका अक्षरले लेखियाको देख्या । त्यहां पछि निर्भयसँग ढुंगामनि खनी हेर्दा ७ इनारभरी द्रव्य राख्याको देखी मनमा वहुतै हर्ष भयो ।"

भाषा वंशावली भाग २ पृ.३१-३३ नेपाल राष्ट्रिय पुस्तकालय प्रकाशन – सं. शंकरनाथ तथा देवीप्रसाद ।

उपर्युक्त भाषा वंशावलीको कथामा कति सत्यता छ त्यो त निश्चित भन्न सकिदैन । नेपालका यो वाहेक अन्य वंशावलीका कुरा पनि यसैसँग मिल्दाजुल्दा छन् । पौराणिक कथासँग यसको कथा दाँज्दा आनतान फरक पर्छ । जस्तै– रामचन्द्रभन्दा राजा नल पनि अगाडिका हुन् र पुरुरवा रामचन्द्रभन्दा लगभग ६ पुस्ता नै अगाडिका छन् । त्यस्तै राजा अलर्क पनि रामचन्द्रपछाडिका होइनन् र यी सबै राजाहरू एउटै सूर्यवंशका पनि होइनन् । यसकारण माथि उल्लिखित श्लोकमा आधारित कथाभित्र कति सत्यता छ भन्ने कुरा शंकास्पद नै छ । तथापि आफूलाई कर्णाटकवंशी भन्ने राजा नान्यदेवको राज्य सिमरौनगढमा थियो भन्ने कुरा चाहिं प्राप्त अभिलेखहरूबाट प्रमाणित हुन्छ । उनको मिथिलामा प्राप्त एउटा अभिलेखमा भनिएको छः-

नन्देन्दुशून्य शशिसम्मित शाकवर्षे
तच्छ्रावणस्य धवले मुनि तिथ्यधस्तात् ।
स्वातौ शनिश्चर दिने रिपुमर्द लग्ने
श्रीनान्यदेव नृपति विदधीत वास्तुम् ॥१॥

–मिथिलामा प्राप्त अभिलेख, उधृत श्री सूर्यविक्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(श्रीशाके १०१९ तदनुसार ११५४ विक्रम सम्वत्को श्रावण महीना शुक्लपक्ष सप्तमी तिथि स्वाति नक्षत्र शनिवारका दिन कन्यालग्नमा श्री नान्यदेवले (सिमरौनगढमा) वास्तु गरे ।

नेपालका केही वंशावलीकारले "इन्दुश्वसोमवसु ८११" यस्तो पाठ दिएर उक्त समयलाई भ्रमपूर्ण बनाएका छन् तापनि अन्वेषक इतिहासकारहरूले शाके १०१९ लाई नै मान्यता दिएका छन् । जसअनुसार ११५६ विक्रम सम्वत्मा नान्यदेवले सिमरौनगढमा राज्य स्थापना गरेको निश्चित हुन्छ ।

कर्णाटकवंशी नान्यदेवको ऐतिहासिकता:-

दक्षिण भारतको कर्णाटक देशका व्यक्तिहरू कसरी उत्तर भारतको उत्तरी क्षेत्र मिथिलामा आएर शासक बने भन्ने कुरा नेपाली स्रोतबाट थाहा पाइँदैन । भारतीय इतिहासकारको अन्वेषणबाट एघारौं शतीको शुरू (१०४३-६८ ई.) का सोमेश्वर प्रथम भनिने दक्षिण कल्याणीका चालुक्यवंशी नरेशले उत्तर भारतका मगध, पाञ्चाल, कन्नौज, बंग, खशा कुरु, आभीर र नेपालका राजालाई जितें भनेर अभिलेख कुँदाएका छन् । यस्तै सोमेश्वरका नाति (विक्रमादित्य षष्ट १०७६-११२६ ई.) ले पनि सिन्धुकाश्मीर, तुरूष्क, आभीर आदि देश विजय गरेको अभिलेख राखेका छन् [७] ।

यसवेलातिर बंग, विहार, मिथिला क्षेत्रमा शासन गर्ने पालवंशी राजाहरू थिए । प्रतापि पाल नरेश महीपाल (९८८-१०३८) पछिका पालवंशी शासकहरू अयोग्य भएकाले कर्णाटकका चालुक्यवंशीहरूले बंगाल, मगध, मिथिला आदि विजय गर्न सकेका हुन् । संभवत: यही उत्तरी भारतको युद्धमा आएका चालुक्य सेनानीमध्येका सामन्त सेन भन्ने व्यक्तिले बंगाल-राढाको उत्तरी भागमा एउटा सानो राज्य कायम गरे । यिनको राज्यस्थापनाकाल सोमेश्वर प्रथमकै विजयपछि देखिन्छ । यसै युद्धमा आएका अर्का सेनापति वा सामन्त नै नान्यदेव हुनुपर्छ । शायद सोमेश्वर प्रथमद्वारा विजित मिथिलाको क्षेत्रमा नान्यदेव हाकिमको रूपमा नियुक्त हुन पनि सक्छन् ।

सोमेश्वरको नेपाल विजय गरें भन्ने अभिलेखको कुरा निर्विवाद छैन । तथापि एउटा कुरामा शंका गर्नुपर्ने के छ भने नान्यदेवले शासन गरेको तिरहुँतको सिमरौनगढ त्यस बेलामा अवश्य नै नेपालकै भूभाग हुनुपर्छ । वैशाली र विदेह आदि ठाउँसँग पुर्ख्यौली सम्बन्ध भएकोले लिच्छविहरूको त्यस क्षेत्रसँग अवश्य नै मोह रहेको थियो । समुद्र गुप्तले सगौरव आफूलाई लिच्छवि दौहित्र भनेका छन् भने यो पनि बलशाली प्राचीन राजवंश भएको र गंगाभन्दा उत्तरका राज्याधिकारी लिच्छवि वंश सम्झेर नै भनेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोमेश्वर प्रथमले पछिल्लो मल्लकालीन नेपाल भनिने पहाडी भागमा नआएता पनि मिथिला क्षेत्रको भाग विजय गरेको हुनाले नै नेपाल विजय गरेको अभिलेख राख्न सकेका हुन् भन्ने तर्क सजिलै गर्न सकिन्छ ।

यो बेला प्रभावशाली लिच्छवि कुल नेपालमा निस्तेज जस्तो थियो । तिरहुँतमा शासन गर्ने सामन्त विजित भएपछि पुनः फर्काउन नसकेको अनुमान हुन्छ । नान्यदेवले सिमरौगढ राज्य स्थापना गरेको बेलातिर उपत्यकामा उत्तर लिच्छवि वंशका हर्षदेव राजा भएको प्रमाण पाइन्छ [८] ।

हर्षबर्द्धनको साम्राज्यपछि अरुणाश्वलाई धूलो चटाउन चिनियाँ राजदूतको पक्षमा राजा नरेन्द्रदेवले घोडचढी सेना पठाएका थिए [९] । अरुणाश्वको पतनपछि संभवतः उत्तर भारतमा शक्तिशाली राजा नहुँदा तिरहुँत नेपालकै अन्तर्गत रहेर नान्यदेवपछि मात्र यो प्रभुत्त्व छुटेको हुनसक्छ ।

श्री सूर्यविक्रम ज्ञवालीज्यू पनि दाक्षिणात्य नान्यदेवको प्रसंगमा उल्लेख गर्दै भन्नुहुन्छ– "एघारौं शताब्दीमा सिमरौनगढको के स्थिति थियो त्यसको अनुमान गर्न गाऱ्हो परेता पनि नान्यदेवले सिमरौनगढ विजय गरी त्यहाँ आफ्नो राजधानी स्थापित गरेका समयमा पनि यो स्थान वर्तमान समयमा झैं नेपालभित्रै अवस्थित हुन संभव छ ।"

उपर्युक्त कुरा षष्ठ विक्रमादित्य (११२४-११२७ ई.) का अभिलेख र तृतीय सोमेश्वरको (११२८-३८ ई.), उनका मन्त्री विज्जल (११४५-११६७ ई.) को नेपालका राजाका शिरमा खुट्टा राखे भन्ने उक्तिलाई अविश्वासका दृष्टिले हेर्दै श्री ज्ञवालीज्यूले उत्तर भारतको साधारण विजय वा आफ्नै दक्षिणात्य कुलका बंगालका सेन र मिथिलाका नान्यदेवहरूको राज्यलाई लक्ष्य गर्दै उक्त कुरा लेखाएका हुन् भन्ने तर्क दिनुभएको छ । यो कुरा युक्तिसंगत नै मान्न सकिन्छ [१०] ।

वर्तमान अवस्थामा पनि सिमरौनगढ नेपालभित्रै पर्छ र त्यहाँ प्राप्त पुरातात्विक मृत्भाण्ड एवं पटरीहरूको अन्वेषण गर्दा पालिसदार र ग्रे रङ्का मौर्यकालीन सभ्यताको पुष्टि गर्ने हुँदा वैशालीका लिच्छविगणकै वस्ती वा दुर्ग रहेको ठाउँमा नान्यदेवले जीर्णोद्धार गरेका रहेछन् र राजधानी बनाएछन् भन्ने कुरा थाहा हुन्छ ।

सात इनारको धन प्राप्त भएको वंशावलीका कथाले पनि प्राचीन कालदेखिकै महत्वपूर्ण राजधानी वा गढ रहेको कुरालाई संकेत गर्छ ।

श्रीतलेजु भवानीको कुलपरम्परा :

श्रीतुलजा भन्ने देवीको शास्त्रीय नाउँ पाइँदैन । नेपालमा तलेज्यू वा तजेजुको नाउँले ख्यातिप्राप्त भएकी देवीको सम्बन्ध दक्षिण भारतसँग भएको हुँदा तेलगु भवानीको अपभ्रंश रूप तलेजु हो कि भन्ने पनि इतिहासका अन्वेषकहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्का गरेका छन् । मैसुरको उत्तरी भाग र तेलगु (आन्ध्र) को पश्चिमी भागलाई नै कर्णाटक भनिन्छ र यसै क्षेत्रमा चालुक्यवंशी नरेशको शासन रहेको थियो । कर्णाटक र वर्तमान महाराष्ट्रको सीमा पनि जोडिएको छ र कुनै बेला यो क्षेत्रको एकछत्र सत्ता पनि रहेको थियो । आज पनि कर्णाटक तथा महाराष्ट्रका ब्राह्मण तथा क्षत्रिय कुलकी कुलदेवीको रूपमा तुलजा भवानी अद्यावधि पूजित छन् । छत्रपति शिवाजीकी आराध्यादेवी (कुलदेवी) को रूपमा यिनै तुलजाको प्रसिद्धि छ । यिनै तुलजा भवानीले महाराजा शिवाजीलाई प्रत्यक्ष दर्शन दिएर दिग्विजयको लागि खड्ग प्रदान गरेकी थिइन् भन्ने लोकोक्ति प्रसिद्ध छ ।

यी देवीको वास्तविक नाउँ त्वरिता (शीघ्र लाभ दिने) हो । त्वरिताकै अपभ्रंशरूप तुलजा भएको हो भन्ने कथन पाइन्छ ।

तुलजा भवानीको मन्दिर रहेको ठाउँलाई तुलजापुर भनिन्छ । दक्षिण भारतको प्रसिद्ध शोलापुर शहरबाट २४ मील टाढा तुलजापुर शहर पर्दछ । शोलापुरबाट मोटर बसको सवारीद्वारा त्यहाँ पुगिन्छ । कल्याणको तीर्थ विशेषाङ्कमा यसबारे निम्नस्थ कुरा लेखेको पाइन्छ:-

"मन्दिरको घेरा ठूलो छ । यो पहाडी क्षेत्रमा पर्दछ र यो पहाडलाई यमुनाचल भन्दछन् । मन्दिरबाट तल झर्दा नारद ऋषिको दर्शन हुन्छ । त्योभन्दा तल कल्लोल तीर्थ नामक कुण्ड छ । यात्रीहरू यस कुण्डमा स्नान गरी देवीको दर्शन गर्दछन् । मन्दिर स्वर्णजडित छ र मूर्ति श्यामवर्णको छ । मन्दिरअगाडि पित्तलको सिंह छ । नजीकैको अर्को मन्दिरमा देवीको शैय्या छ । श्रीतुलजाको अगाडिका मन्दिरहरूमा श्रीभवानीशङ्कर, मन्दिरको नजीकै श्रीगणेश र दत्तात्रेय आदिका मूर्तिहरू छन् । मन्दिरको बाहिर दक्षिणटोलमा श्रीभैरव र उनको अगाडिको थुम्कोमा कालभैरव छन् । उत्तरपट्टि श्रीमानङ्गीको मन्दिर छ । त्यहाँ श्रीराम, हनुमानजीका साथै श्रीसोमेश्वर शिवलिङ्ग स्थापित छ ।"

मुद्‌गल तीर्थ, नृसिंह तीर्थ, नागझरी तीर्थ आदि कुण्डहरू छन् [११] । यस क्षेत्रमा कन्नड भाषा बोलिन्छ । यसकारण पनि कर्णाटकवासीकी आराध्यदेवी श्रीतुलजा नै नान्यदेवकी कुलदेवी अथवा इष्टदेवी थिइन् ।

श्रीतुलजादेवीको मन्दिर भारतको हैदराबाद क्षेत्रमा पर्ने तुलजापुरमा पनि छ भन्ने कुरा डा. डी. आर. रेग्मीले पनि उल्लेख गर्नुभएको छ [१२] । यसबाहेक भातरका अन्य क्षेत्रमा श्रीतुलजाको मन्दिर रहेको कुरा थाहा पाइएको छैन ।

काठमाडौं उपत्यकामा भने काठमाडौं, भक्तपुर, पाटन, फरपिङ् आदि ठाउँमा पनि प्रसिद्ध तुलजाका मन्दिरहरू छन् । मल्ल राजवंशकी कुलदेवीको रूपमा पूजित हुन थालेपछि मल्ल राजकुलका व्यक्तिहरू जहाँजहाँ सामन्त शासक हुन पुगे अथवा केही समय राजाकै रूपमा रहे, त्यहाँ उपास्य इष्टदेवीको रूपमा श्रीतुलजाको स्थापना गरियो । मध्यकालको तान्त्रिक साधना एवं पूजा उपासनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युगमा प्रसिद्ध तुलजा भवानीको यन्त्ररूपमा विभिन्न शहरमा पूजा गरिनु आश्चर्य पनि थिएन ।

देवीको आराधना गर्दा मूर्तिमा, यन्त्रमा, कलशमा आवाहन गरी पूजा गरिन्छ । मूर्ति अचल प्रतिमाको रूपमा स्थापना गरिने हुँदा व्यक्ति अन्य ठाउँमा जाँदा मूर्ति लैजानु संभव थिएन । यसकारण प्रतिदिन पूजा उपासना गरिने इष्टदेवीको चल प्रतिमा हुनु जरूरी थियो । यसको निम्ति यन्त्र नै सजिलो रूप हो । यन्त्र तुरुन्तै लेखेर धातु, पत्थर, रत्न, मणिहरूमा कुँदेर पनि बनाउन सकिन्छ र चल प्रतिमाको रूपमा बोकेर आफू गएको ठाउँमा लान पनि सकिन्छ ।

वंशाव़लीका कथाअनुसार तुलजा भवानीको आराधना गरिने विग्रह यन्त्र थियो । यन्त्रहरूमा पनि अत्युत्तम मानिएको 'श्रीयन्त्र' मा लक्ष्मी, दुर्गा, त्रिपुरासुन्दरी आदि देवीको उपासना गर्न सकिन्छ । यसैकारण सरयूमा प्राप्त गरेको बाकसमा तुलजाको प्रतीक श्रीयन्त्र नै थियो । यी इष्टदेवीको उपासना गर्दा तुलजा (त्वरिता) नाउँकी तुलजा नगरमा पूजित देवीकै भावनाले पूजा गरिएको हुनाले यन्त्रकी अधिष्ठात्री देवी तुलजा नाउँले नै प्रसिद्ध भइन् । तुलजाकै अपभ्रंशरूप तलेजु नाउँले नेपालमा प्रसिद्ध छन् ।

वंशावलीका उपाख्यानमा जे भनिएता पनि कर्णाटकका क्षत्रियले मानिएकी तुलजा कर्णाटकबाटै यन्त्ररूपमा आइन् अथवा सरयूमा नै फेला परेर कर्णाटककी देवीको नाउँले प्रसिद्ध भइन्, त्यो कुरा निश्चय भन्न सकिंदैन । तुलजानगरकी तुलजाको चाहिं मूर्ति नै स्थापना गरिएको छ । यहाँ चाहिं यन्त्ररूपमा नै पूजित छन् भन्ने कुरा थाहा पाइन्छ ।

नेपालमा श्रीतलेजुको आगमन र स्थापना :

गयासुद्दीन तुगलकले बंगाल विजय गरी दिल्ली फर्कंदा तिरहुँतको बाटो गरी आएका थिए । हरिसिंहदेवका सेनाले जिस्क्याइदिंदा उनले सिमरौनगढमा आक्रमण गरी ध्वस्त पारिदिए । हरिसिंहदेव सपरिवार चुरे उत्तरको जंगल पसे । भारतीय इतिहासको स्रोतअनुसार यो घटना १३२४ ई. पौष शुक्ल नवमी (वि. सं. १३८१) को हो । कर्णाटकवंशी सिमरौनगढमा आएर राज्य स्थापना गर्ने नान्यदेवका सातौं पुस्ताका हरिसिंहदेव हुन् । लगभग २२७ वर्षको सिमरौनगढको शासनपछि यो राज्य ध्वस्त भयो । राजा वाग्मतीको किनारबाट उत्तर लागेर मरिनखोलाको किनारै किनार पूर्व लागेर तीनपाटन (सिंधुलीमाढीबाट ४ कोश पूर्व) पुगे । शायद तीनपाटन कोट गाउँको किल्ला त्यसबेला यिनैको अधिकारमा थियो होला । रानी देवलदेवी र केही भाइभारदार यो उपत्यकाभित्र आई भक्तपुरको राज्याश्रयमा बसे । राजाको तीनपाटनमा नै निधन भयो । अरू छोरा मन्त्रीहरू दोलखा जान भनी हिंडेका तामाकोशीको किनार (वर्तमान रामेछाप जिल्ला) मा पर्ने राजगाउँको किल्लामा आएपछि त्यहाँका किल्लानायक माझीहरूले पक्री कैद गरे, धनमाल पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुटे । भक्तपुर आउने रानीले श्रीतुलजादेवीको यन्त्र साथमा ल्याएकी थिइन् । हालको दरवार क्षेत्रभित्र नै मन्दिर बनाई तुलजाको स्थापना गरियो । त्यसबेला उपत्यकाको मुख्य राजधानी भक्तपुर नै थियो र देवलदेवीले त्यहीं शरण लिएकी थिइन् ।

श्रीतुलजाको स्थापना सम्बन्धमा वंशावलीमा निम्नस्थ कुरा लेखिएको पाइन्छ:-

सपनामा तुलजा भवानीको आज्ञा भयो– "जुन ठाउँको माटो खनेर खाडल पुर्दा माटो बराबर हुन्छ त्यही ठाउँमा मेरो मन्दिर बनाउनू ।"

मन्दिर बनाउनको निम्ति दत्तात्रेय मन्दिरनजीक 'लायकु' भन्ने ठाउँमा माटो खनेर खाल्डो पुर्दा खाडल भरिएन । फेरि मेगजिन भन्ने वगैंचामा खनिहेर्दा खाडलमा माटो बढी भयो । फेरि क्वाछें भन्ने टोलमा पनि त्यस्तै भयो । अन्त्यमा एकजना अग्निहोत्री ब्राह्मणको घरनजीक खनिहेर्दा माटो खाडलमा बरावर भएको हुँदा त्यहीं मन्दिर बनाउने इच्छा गरी अरू ब्राह्मणलाई जग्गा सट्टाभर्ना दिई ठाउँ खाली गरियो । अग्निहोत्री ब्राह्मणले जग्गा सट्टाभर्ना लिन र पैसा लिन समेत मानेनन् । जवर्जस्तीसँग निजलाई हटाउँदा चित्त दुखाई त्यहीं नजीकको शिवमन्दिरमा गई आत्महत्या गरी प्रेतरूप लिएर उनले धेरै दुःख दिए । त्यसपछि उनले साधना गर्ने ढुङ्गाको खाट टुक्रा टुक्रा पारी फ्याँकियो । आत्महत्या गरेको ठाउँको मन्दिर पनि तोडी शान्तिस्वस्ति गराई पासाचन्हे (घोडेजात्राको चतुर्दशी) को दिन त्यहाँ वलि दिनको लागि गुठी पनि राखियो । ब्राह्मणले आत्महत्या गरेको ठाउँलाई यमद्वार चोकको नाउँले आजसम्म पुकारिदैछ ।

यी उपर्युक्त कथन पनि वंशावलीकै हो । सपनामा देवीले भनिन्– ती ब्राह्मण गणेशका अवतार हुँदा उनको पहिले नै शिरच्छेदन भएको छ । त्यसकारण ब्रह्महत्या लाग्दैन । उनको सम्झनामा गणेशमूर्ति बनाई स्थापना गरिदिनू भनी आज्ञा भएकोले तलेजु मन्दिरको ढोकामा गणेशको मूर्ति स्थापना गरिएको छ भन्ने कुरा पनि वंशावलीमा लेखिएको छ । स्थापनाको मिति निश्चित छैन तथापि १३२६ ई. माघमा हरिसिंहदेव मरेपछि नै तुलजा भक्तपुरमा ल्याइइन् [१३] ।

यसरी तुलजाको स्थापना भएकोले त्यसपछिका मल्ल राजाहरूले तुलजा भवानीको मन्त्र सुन्ने, पूजा गर्ने परम्परा चल्यो ।

देवलदेवी भक्तपुरमा शरण लिन आउँदा रुद्र मल्ल राजा थिए । सिमरौनगढ ध्वस्त भएको दुई वर्षपछि १३२६ ई. मा रुद्र मल्लको निधन भयो । उनका छोरा थिएनन् र एउटी छोरी नायकदेवी बालकै भएकीले बज्यै यदुमल्लदेवीले पालेर राखिन् । उनको विवाह हरिश्चन्द्र भन्ने काशीनरेशका वंशका राजपुतसँग भयो । नायकदेवी बालक छँदै हरिश्चन्द्र मारिएकाले उनको दोस्रो विवाह हरिसिंहदेवका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा जगतसिंहसँग भयो । यताबाट राजल्लदेवी नाउँकी एक कन्या जन्मिन् र सुत्केरी भएको दशौं दिनमा नायकदेवीको मृत्यु भयो [१४] ।

राजा रुद्र मल्लकी छोरी भएको नाताले नायकदेवी राज्यको हकदार मानिन्थिन् । उनीसँग दोस्रो विवाह गर्ने जगतसिंहले पनि केही वर्ष राज्य चलाएका थिए । उनी पनि षड्यन्त्रद्वारा बन्दी भएका र नायकदेवीको निधन भइसकेकोले अब राज्यको हकदार राजल्लदेवी मानिन थालिन् । उनलाई साथमा राखेर केही भारदारका सहयोगले देवलदेवीले पनि राज्यशासन चलाइन् ।

हिन्दूहरूको धर्मशास्त्रमा वैदिककालदेखि नै एउटा परम्परा चलेको पाइन्छ । कसैका छोरा नभए छोरी मात्रै भए भने छोरीको कन्यादान गर्ने बेलामा जुवाइँसँग यसबाट जन्मेको छोरो वंश चलाउन मलाई दिनुपर्छ भनी शर्त राखेर विवाह भएको छ भने त्यस कन्याबाट जन्मेको छोरो 'पुत्रिकापुत्र' नाउँको हुन्छ र मावलीपट्टिकै कुलगोत्रमा रहेर पूरा अंशभाग खाने बिहाइते छोरासरहकै हुन्छ [१५] । त्यस्ता छोरालाई 'दौहित्र' नभनेर पुत्रिकापुत्र भनिन्थ्यो । यसरी छोरीपट्टीको छोरो लिएपछि आफ्नो छोरो जन्म्यो भने पनि छोरासरहकै अंशभाग खाने छोरीको छोरो हुन्छ भनेर मनुले भनेका छन् [१६] । उपर्युक्त धर्मशास्त्रकै आधार मानेर राज्यको उत्तराधिकारिणी मानिएकी राजल्लदेवीका पति भएका नाताले अर्कै कुल गोत्रका जयस्थिति मल्लले राज्यको उपभोग गर्ने (रानीको नाउँमा राज्य गर्ने) अधिकार पाएको देखिन्छ । राजल्लदेवीसँग विवाह भएपछि शक्तिशाली हुन पुगेका स्थिति मल्लले गर्वसाथ राजल्लदेवीको पति भनेर आफ्नो परिचय शिलापत्रमा लेखाएका छन् ।

नायकदेवी पुरानो मल्लवंशको उत्तराधिकारिणी थिइन् । त्यसकारण उत्तम कुलको केटा हरिश्चन्द्रलाई ल्याएर कन्यादान गरिएको थियो । उनबाट छोरो जन्मेको भए पुत्रिकापुत्रको नाताले रुद्र मल्लकै कुल गोत्रको हुन्थ्यो । नायकदेवीको उमेर नपुग्दै हरिश्चन्द्रको मृत्यु भएकोले जगतसिंहले पुनर्विवाह गरे । अक्षतयोनि विधवालाई पुनर्विवाहको आज्ञा शास्त्रले पनि दिएको छ र उच्च कुलसँगै दोस्रो विवाह हुँदा समाजलाई पनि त्यति आपत्ति परेन होला । उत्तराधिकारिणीकै एक मात्र छोरी राजल्लदेवी भएकीले राज्यको हकको डोरी चुँडिएन । किन्तु अब यिनको पुत्रिकापुत्रको शर्तमा विवाह हुँदा भने रुद्र मल्लको गद्दीमा हकदार भए पनि कुलगोत्र चाहिं कर्णाटकवंशीतिर जोडिएर रुद्र मल्लपट्टिको सम्बन्ध टुट्यो । तथापि रुद्र मल्लकै छोरीपट्टिकी नातिनी भएकीले गद्दीको हकदार होइनन् भन्न चाहिं मिलेन ।

यद्यपि यहाँ तलेजुको ऐतिहासिक पक्षको उल्लेखमा नेपालको राजवंशसम्बन्धी इतिहासको त्यति आवश्यक देखिँदैन । तथापि तुलजा कसरी मल्लहरूकी इष्टदेवी भइन् भन्ने कुराका साथै नेपालका प्राचीन मल्ल राजवंशका सिंहासनासीन उत्तरकालीन मल्ल राजाहरू एक्कासि कसरी कर्णाटकवंशी भनेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो इतिहास लेख्न पुगे भन्ने कुरा पनि कम महत्त्वको छैन र यो विषयलाई लिएर वंशावलीकारहरूले विभिन्न तर्क प्रस्तुत गरेका छन् । कुनै वंशावलीकारले हरिसिंहदेवका सन्तान श्यामसिंहदेवकी छोरी जयभद्र मल्ललाई दिएको र उनका सातौं पुस्तामा स्थिति मल्ल भएको वर्णन पाइन्छ (राइट पृ. १८१)

· स्थिति मल्लकै सन्तान ज्योति मल्लले लेखेको 'मुदित कुवलयाश्व' नाटकमा हरिसिंहकै छोरा बल्लारसिंहका पाँचौं पुस्ताका व्यक्ति स्थिति मल्ललाई देखाइएको छ । स्थिति मल्लकै अन्तिम समयतिर लेखिएको गोपाल वंशावलीमा चाहिं हरिसिंहदेवका छोरा जगतसिंहकी छोरी राजल्लदेवीसँग विवाह गर्ने स्थिति मल्ल दक्षिणबाट आएका छुट्टै क्षत्रिय देखिन्छन् १६ ।

यी सबै उपर्युक्त मन्तव्य केलाउँदा सबैभन्दा पुरानो गोपालवंशावलीकै कथन तथ्यपूर्ण छ । राजा स्थिति मल्ल कर्णाटकवंशका भए राजल्लदेवीसँग विवाह हुन सक्तैनथ्यो । श्यामसिंहका छोरीका सन्तान भए हरिसिंहदेवदेखि आठौं पुस्तामा पर्ने स्थिति मल्ल ने. सं. ४४६ सम्म जीवित हरिसिंहदेवभन्दा २८ वर्ष नै पछि ने. सं. ४७४ मा युवक भइसकेका हुँदैनथे । ४७४ ने. सं. मा राजल्लदेवीसँग उनको विवाह भइसकेको प्रमाणित हुन्छ । साथै जयस्थिति मल्लको प्रशस्ति पढ्दा पनि उनी कर्णाटककुल तथा प्राचीन मल्लकुलसँग कुनै सम्बन्ध नभएको थाहा पाइन्छ । स्थिति मल्लको गोत्र र असुरनारायण वा दैत्यनारायण आदि प्रशस्ति भने जुम्लाका मल्ल राजवंशसँग सम्बन्ध राख्ने देखिन्छ । तर उनी दक्षिणबाट यहाँ आएका थिए भनिएको छ ।

जे होस् तापनि स्थिति मल्ल उच्च क्षत्रियकुलकै व्यक्ति थिए भन्ने कुरामा शङ्का रहँदैन । यिनको आगमन दक्षिणबाट भएको कुरा उल्लेख भएकोले कर्णाटक कुलकी रानी श्री देवलदेवीसँग चाहिं यिनको नाता थियो कि भन्ने अनुमान हुन्छ ।

नायकदेवीबाट एउटी छोरी जन्मनेवित्तिकै नायकदेवीको मृत्यु भएको र नेपालको तत्कालको राजनीतिक उथलपुथलमा जगतसिंहको पनि अस्त भइसकेकोले नातिनी राजल्लदेवीको भरणपोषण गरी हुर्काउने काम देवलदेवीले गरिन् । समयअनुसारको प्रशासन गर्न कुशल देखिएकी देवलदेवी आफ्नै रक्तको अस्तित्वभित्र उपत्यकाको गद्दी पार्न चाहन्थिन् ।

आनन्द मल्लले आफ्नो सहायक उपराजको स्थानमा नियुक्त गरिएका रुद्र मल्लको निधन भइसकेकोले राजाको रूपमा स्थापित भत्ता मात्रै खाने राजा अरि मल्ललाई हर्ताकर्ता मानेता पनि त्यस बेलाको राजनीतिक अस्तव्यस्ततालाई नियन्त्रण गर्ने क्षमता उनीमा नभएको बुझिन्छ । एकातिरको राजकुललाई जयारिदेवले प्रतिनिधित्व गरेपनि 'यूथनिमम्' राजकुल खाली थियो र त्यसको प्रतिनिधित्व रुद्र मल्लकी आमा यदुमलदेवी र हरिसिंहदेवकी रानी देवलदेवीले गरेका थिए । हालै प्राप्त एउटा वंशावली अनुसार देवलदेवी रुद्र मल्लकी बहिनी हुन् भन्ने कुरा खुल्न आएको छ र यो हो भने देवलदेवीले भक्तपुर (माइती) मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरण लिने कुरा र भक्तपुरे जनताले उनको प्रभुत्त्व मान्नुपर्ने कारण स्वाभाविक हुनजान्छ । साथै हरिसिंहदेवका जेठान भएका नाताले रुद्र मल्ल राजा बनेका रहेछन् भन्ने पनि थाहा हुन्छ । भक्तपुरको एउटा राजगद्दी हत्याउन हरिश्चन्द्र मारिएपछि नायकदेवीको आफ्नो छोरासँग पुन:र्विवाह गराउन सफल भइन् । तथापि उनको इच्छालाई भाग्यले साथ दिएन । जगतसिंह भारदारहरूको कुचक्रमा परे भने उनीबाट नायकदेवीमा रहेको गर्भ पनि छोरो नभएर छोरी भइदियो । तैपनि आफ्नै रक्तसम्बन्धको व्यक्ति सत्तासीन बनून् भन्ने इच्छा पुऱ्याउन एउटा सवल र योग्य क्षत्रिय कुलको व्यक्ति खोज्नु परेता पनि इच्छाको केही अंश तुलजाले पुऱ्याइदिइन् । राजल्लदेवीका पति सुयोग्य भएमा उपत्यकाको शासन उनैको हातमा जान्छ भन्ने कुरा केही भारदारले पनि बुझेका थिए । गद्दीनसीन राजा अरि मल्लका सन्तान थिएनन् । अत: राजवंशको अधिकारवाला मल्लहरूको हाँगामा राजल्लदेवी नै कुलीन राजकन्या पर्दथिन् । अन्य बाँकी मल्लवंशका व्यक्ति मठ्याहापट्टि मात्रैका थिए । देवलदेवीले नायकदेवीको संरक्षिका भएर शासन गरिरहेको बेला ने. सं.४६७ पुसमा एउटी छोरी जन्माएर १० दिनपछि नायकदेवी दिवंगत भएकी र त्यसभन्दा अगाडि नै अरि मल्लदेवको निधन भएकोले अब दुवै राजगद्धी खाली हनआयो । अब राजगद्धी खाली राख्न उचित नसम्झी दुवै राजकुलका भाइभारदारका सम्मतिले राजा आनन्द मल्लका ल्याइतेपट्टिका छोरा जयराजदेवलाई त्रिपुराको गद्दीमा राखियो ।

किन्तु आफ्नो रक्तसम्बन्ध भएको कुल नै सत्तासीन गराउने आकांक्षा देवलदेवीको बाँकी नै थियो । अत: उनले भाइभारदार मिलाएर राख्ने र यूथनिमम्बाट गरिने शासनमा कमजोरी देखाइनन् ।

आफ्नो आन्तरिक भावनाको परितृप्तिका लागि जयस्थिति मल्ल बाहिरबाट झिकाई राम्रो परीक्षण गरेपछि शास्त्रअनुसार पुत्रिकापुत्र बनाउने परिपाटीअनुसार सात वर्षकी नातिनी राजल्लदेवीको कन्यादान गरिन् ।

मावलीपट्टिको कुल चलाउन यस कन्याबाट जन्मेको पुत्र एउटा वा सबै मलाई दिनुपर्छ भनी शर्तसाथ कन्यादान दिएको छ र त्यसबाट छोरो जन्म्यो भने त्यो पुत्रिकापुत्र हुन्छ र मावलीपट्टिको कुलगोत्रमा जान्छ । स्पष्टरूपमा शर्त नराखी मनले मात्रै सोचेर दिएको छ भने पनि त्यस्ती कन्याबाट जन्मेको छोरा पुत्रिकापुत्र हुन्छ र विवाहिता पत्नीबाट जन्मेकै छोरासरह अंशभाग पाउने, पिण्डपानी चलाउने हुन्छ [१८] । त्यस्ता पुत्रले मावलीपट्टिकै कुलगोत्र चलाउने हुन्छ भन्ने कुरा स्मृतिकार मनु, गौतम, वसिष्ठ, वृहस्पति आदि धर्मशास्त्रकारको कथन छ । यस्तो शर्त मन्जूर गर्न जयस्थिति मल्ल चुकेनन् होला । यसै नाताले जयस्थिति मल्लका सन्तानले उपत्यकाको राज्य हात लगायो । यसै कारणले होला इतिहासप्रसिद्ध राजा जयस्थिति मल्ललाई राजल्लदेवीका पति भए पनि पछिका राजाहरूले आफ्नो वंश वर्णन गर्दा यक्ष मल्लबाट सोझै हरिसिंहदेव कर्णाटकसँग पुस्ता जोड्न पुऱ्याए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासशिरोमणि बाबुराम आचार्य भने आफ्नो डोलाजी विवाह भन्ने लेखमा खस संस्कृतिको अनुकरणमा भएको मान्नुहुन्छ । जुम्लाको राजवंशको छोरा उत्तराधिकारी नभएपछि पालवंशी राजकुमारलाई छोरी दिई राज्य सुम्पेका थिए र पालबाट जुवाइँ नै मल्ल बनेका थिए । आचार्यको तर्कलाई पनि कतिपय कारणले गर्दा नकार्न सकिदैन ।

स्थिति मल्लका नाति यक्ष मल्लका ६ भाइ छोरामध्ये जेठा राय मल्ल, माइला रत्न मल्ल र साइला रण मल्लको संयुक्त शासन चलेको कुरा प्राप्त अभिलेखबाट थाहा पाइन्छ । तीन भाइ र भानिज भीम मल्ल समेत मिली शासन गरेको देखिए तापनि जेठा राय मल्ल भक्तपुरको मूल गद्दीमा बस्तथे । रत्न मल्लले धेरै अघिदेखि सशक्त सामन्त भारदारका रूपमा काठमाडौंका वैश्य ठकुरीहरूलाई समाप्त गरेर आफ्नो हातमा पूर्णरूपले राजसत्ता पारेका कुरा अन्वेषणबाट थाहा हुन्छ ।

ने. सं. ६०२ मा यक्ष मल्लको निधनपछि [१९] भाइहरूको संयुक्त शासन चलाएका राय मल्ल, रत्न मल्ल, रण मल्लमध्ये काठमाडौंमा ६०४ ने. सं. मा रत्न मल्लले एकाधिकार जमाए । रण मल्लले बनेपाको सत्ता समालेको कुरा अभिलेखबाट थाहा हुन्छ [२०] ।

लगभग ने. सं. ४३५ सम्म संयुक्त शासन गरेपछि राय मल्लको निधन भएको कारणले होला त्यसपछि उपत्यका तीन राज्यमा स्वतन्त्ररूपले विभक्त भएको पाइन्छ । ४३५ पछि सशक्त महापात्रहरूले नाउँ मात्रको सत्ता स्वीकार गरी एकछत्र शासन गरिरहेको पाटन पनि भक्तपुरको छत्रछायाँबाट हटेर एकलौटी रत्न मल्लको सत्ता मात्र स्वीकार गर्न लागेको थाहा हुन्छ ।

बाबुका शेषपछि काठमाडौंका टोलैपिच्छे शासक भएर रहेका वैश्यकुललाई पन्छाई सत्ता हस्तगत गर्न रत्न मल्ल श्रीहरसिद्धिको उपासना एवं शक्तिसाधना गर्न पाटनमा बसेका थिए भन्ने कुरा केही अभिलेखहरूले संकेत गर्दछन् [२१] । स्वतन्त्र रूपमा काठमाडौंको गद्दी प्राप्त गरेर नुवाकोटसम्म विजय गरी काठमाडौंमा मिलाउने रत्न मल्लले पुरानो राजगद्दीको सहभागी भएर पनि रहने जुन कार्य गरे, त्यो काठमाडौंको सत्ता बलियो बनाउने शक्ति र साधन आर्जन गर्नलाई गरेको हो भन्ने कुरा थाहा हुन्छ ।

राजा रत्न मल्लले ८ जना ठकुजुजुलाई सिध्याएर वर्तमान हनुमानढोका दरबारको हिटीचोकमा बस्न थालेपछि उनलाई इष्टदेवीको दैनिक पूजा उपासना गर्ने आवश्यक पऱ्यो होला । शक्तिशाली सामन्त शासक पन्छाउनेबित्तिकै काठमाडौं छोड्न सक्ने अवस्था थिएन र छाडेनन् पनि । संयुक्त शासकको नाताले भक्तपुरमा स्थापना गरिएकी श्रीतुलजाको दर्शन र पूजामा कहिलेकाहीं उपस्थित हुन्थे होलान् । किन्तु भक्तपुरकी तुलजादेवीका प्राचीन गहनामा खोजी गर्दा नरेन्द्र मल्ल, लक्ष्मीनरसिंह मल्लका अभिलेखयुक्त आभूषणभन्दा पहिलेका काठमाडौंका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले चढाएको सामान पाइँदैन । यसकारण अभिलेखद्वारा देखिने संयुक्त शासनको स्थिति देखौवा मात्र थियो भन्नुपर्छ ।

रत्न मल्लले ६०४ वैशाख शुक्ल एकादशीमा सत्ता हस्तगत गरेपछि तत्कालीन गुनपोदरबार, (गुणकामदेवले बनाएको) जसलाई हनुमानढोका राजदरबार भन्ने नाउँले आजकल प्रसिद्धि पाएको छ, त्यसैको एउटा चोकमा श्रीतुलजा भवानीको पनि स्थापना गरेका थिए होलान् ।

एउटा वंशावलीको कथनअनुसार राजाले अन्तिम अवस्था भएपछि आफ्ना उत्तराधिकारीलाई मात्र श्रीतुलजाको गोप्यमन्त्र दिन्थे । यो मन्त्र भाइभारदारका सहयोगले जेठा दाजु राय मल्ललाई थाहै नदिई रत्न मल्लले लिए । यसैकारण दाजुभाइमा वैमनस्य बढ्यो । किन्तु भक्तपुरको गद्दी भने राय मल्लले नै भेट्टाए ।

उपर्युक्त वंशावलीको कथनमा कति सत्यता छ, त्यो त भन्न सकिदैन । परन्तु ऐतिहासिक विश्लेषण गर्दा पनि राय मल्लभन्दा रत्न मल्ल योग्य, भाइभारदारका मन परेका तथा बाबुले पनि योग्य ठहराएका व्यक्ति हुन् भन्ने बुझिन्छ ।

देवी-देवतामा बढी आस्था राख्ने त्यस युगमा हरसिद्धि आदि देवीका उपासक राजालाई नित्यार्चनको लागि अवश्य नै देवीको मन्दिरको आवश्यकता पऱ्यो । श्रीयन्त्रमा उपासना गरिने हुँदा कुनै कोठालाई पूजाकोठा बनाउन सकिन्थ्यो । किन्तु राजाले गरिने विशेष पर्व-पूजाहरूमा प्रशस्त सामान, विभिन्न बलि-उपायनहरू हुने र यस्ता पर्व संचालन गर्न पुजारी तान्त्रिक आचार्यहरू, सुसारे, रकमी तथा वाद्यवादन गर्ने व्यक्तिहरूको जमघट हुने हुँदा सानै भए पनि एउटा मन्दिर र फराकिलो ठाउँको आवश्यक पर्थ्यो । अत: कुनै ठोस प्रमाण नपाइए तापनि सत्ता समालेको केही दिनभित्रै सानोतिनो मन्दिरको व्यवस्था गरेर पूजाआजा चलाएको कुरामा विश्वास गर्न सकिन्छ [२२] ।

वर्तमानकालको श्रीतलेजु मन्दिर, काठमाडौं :

काठमाडौं नयाँ राज्यको रूपमा स्थापना भएको केही कालसम्म शासन-व्यवस्था बलियो पार्न, अड्डाखाना, फौजी व्यवस्था गढ-दुर्गको निर्माण र राज्य विस्तारमा नै समय गुमाउनुपरेकोले होला राजा रत्न मल्ल तथा सूर्य मल्लका पालामा बनेका कुनै कलाकृतिहरू पाइँदैनन् । नेपालका विभिन्न जात्राको चलन ल्याउने श्री अमर मल्ल (नरेन्द्र मल्ल) को नाउँ वंशावलीकारहरूले उल्लेख गरेका छन् तापनि नयाँ कलात्मक निर्माणका स्थायी कृतिहरू उनका पालामा पनि बनेनन् ।

श्री रत्न मल्लभन्दा चार पुस्तापछाडिका राजा श्री महेन्द्र मल्ल एक स्वतन्त्र र उत्साही राजाका रूपमा देखिन्छन् । यीभन्दा अगाडिका राजाले दाम,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैसा र सुकीसम्म प्रचलनमा ल्याएको कुरा पढ्न पाइन्छ । महेन्द्र मल्लले चाँदीका मोहर, रूपैयाँ टकमारी गरी व्यापार बढाएर धेरै धन कमाए । यिनैको नाउँबाट नेपाली रूपैयाँलाई 'महेन्द्रमल्ली' भन्ने चलन आज पनि देख्न सुन्न पाइन्छ ।

यिनै महेन्द्र मल्ल राजाले अरू मन्दिरका साथै तलेजुको यो कलात्मक भव्य मन्दिरको निर्माण गरी काठमाडौंको शोभा बढाए । काठमाडौंका अरू मन्दिर र महलहरूको दाँजोमा यो मन्दिर कलात्मक दृष्टिले अति नै उत्तम छ र उच्चतामा पनि सर्वोपरि छ ।

वंशावलीहरूको कथनअनुसार यो मन्दिरको निर्माण यन्त्राकार रूपमा भएको छ । आवरण देवताले सहित मन्दिर बनाउनू भन्ने श्रीतुलजा भवानीले स्वप्नमा आज्ञा भएको कुरा उल्लेख गरेका छन् । त्यस थानको गजूर यहाँको द्वार वना भन्ने स्वप्नअनुसार भक्तपुरकी श्रीतुलजाको गजूरजति अग्लो चौतारो उठाई मन्दिरको जग लगाएर ढोका राखेको संकेत भाषा वंशावलीकारले गरेका छन् ।

श्री महेन्द्र मल्लले यो मन्दिर वनाएका हुन् भन्ने कुरा वंशावलीले लेखे तापनि खास महेन्द्र मल्लकै यससम्वन्धी अभिलेख भने पाइएको छैन । किन्तु राजा प्रताप मल्लको स्तम्भ-अभिलेखद्वारा यो मन्दिर श्री महेन्द्र मल्लकै कृति रहेछ भन्ने थाहा हुन्छ । मन्दिरको खास जग उठाउन १२ तहको चौतारो वनाइएको छ र त्यसमाथि मन्दिरको गाऱ्हो उठाइएको छ ।

वि. सं. १६२० को माघ महीनामा यो मन्दिर राजा महेन्द्र मल्लले बनाएका हुन् भन्ने कुरा (पूर्णिमा वर्ष ३ अंक ४ को पृष्ठ ३०मा) लेखिएको छ र त्यसमा एउटा अप्रकाशित ठ्यासफुको प्रमाण प्रस्तुत गरिएको छ ।

श्री सूर्यविक्रम ज्ञवालीज्यूले "वंशावलीहरूमा ने. सं. ६२१ मा काठमाडौंमा यिनले तुजलाको ठूलो मन्दिर बनाएका कुराको पनि वर्णन छ" भनी लेख्नुभएको छ [२३] । परन्तु त्यो कुन वंशावलीको कुरा हो देख्न पाइएको छैन । उनले यदि ठूलै मन्दिर बनाइसकेका भए त्यसलाई तोडी महेन्द्र मल्लले मन्दिर बनाउने थिएनन् । यसकारण वंशावलीले वर्तमान मन्दिरलाई नै रत्न मल्लले बनाएको भन्ने सम्झेर लेखेका होलान् ।

श्री महेन्द्र मल्लद्वारा निर्मित यो तुलजाको मन्दिरको प्रतिष्ठा भएको दिन ने. सं. ६८४ माघवदी १० हो भन्ने कुरा एउटा अप्रकाशित ठ्यासफु (श्री ऐश्वर्यधर शर्मा) को उल्लेख पनि श्री गौतमवज्र बज्राचार्यले गरेका छन् [२४] । शहरका तत्कालीन भारदारहरू, साइत हेर्ने जोशी तथा पुरोहितहरूद्वारा टिपिएका यस्ता टिपोट वा ठ्यासफुहरू बढी प्रमाणित हुन्छन् । यसकारण रत्न मल्ल र उनका छोरा-नातिसम्मले सानै मन्दिरबाट पूजापर्व सम्पादन गरेर पनातिका पालामा मात्रै यो कलापूर्ण भव्य मन्दिर बन्यो भन्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूहरूको वस्तुशास्त्रीय परम्परामा शहर बसाँउदा, घर वा देवालयहरूको निर्माण गर्दा यन्त्राकार, खड्गाकार, भद्रबन्ध, पद्मबन्ध आदि वेदकालीन शुभ प्रतीककै परिकल्पनामा बनाइने परम्परा पाइन्छ । लम्बाइ, चौडाइ परिधिको नाप पनि फाप अफाप मनिन्छ [२५] । यसकारण तुलजा मन्दिरको नक्सा यन्त्रकै रूपमा गरियो भन्न बाधा छैन ।

उपास्य श्रीतुलजादेवीको पूजा के कसरी हुन्छ भन्ने कुरा जानिराख्नुपर्ने आवश्यकता देखिएता पनि यो कुरा परम्परादेखि गोप्य राखिएको छ र तुलजाको मन्त्रदीक्षा नलिएका व्यक्तिले हेर्न, पढ्न र जान्न पाइँदैन ।

माथि वर्णन गरिएको कौशीरूपको अलि ठूलो चौताराभन्दा माथि पुन: तहतहको पेटी शुरू हुन्छ । मूल मन्दिरको ढोकामा पुग्ने सिंढीका दाँया-बायाँ पेटीका प्रत्येक तहमा सिंह, चुचे मुख भएका महापशुहरू एवं हातमा ढाल, तरबार लिएका भव्य द्वारपाल मूर्तिहरू लहरै देखिन्छन् ।

सिंढीबाट उक्लदै चौकाका विभिन्न तह नाघेर माथिल्लो चौतारामा पुगेपछि मन्दिरको मुख्य रूप उठाएको ठाउँमा पुगिन्छ । त्यहाँ मन्दिरको मुख्य ढोकाअगाडि दायाँ-बायाँ दुई प्रस्तर स्तम्भ छन् र त्यसमा धातुनिर्मित ध्वजाहरू पनि छन् । ती स्तम्भहरू राजा प्रताप मल्लका छोरा चक्रवर्तीन्द्र मल्लले तुलादान गरी त्यसको स्मारकको रूपमा राखेका हुन् [२६] । यी स्तम्भका सँगै अगलबगलमा दुइटा ठूला घण्ट छन् । तीमध्ये दायाँपट्टिको वि. सं. १७७० मार्गमा राजा जयप्रताप मल्लले राखेका हुन् र बायाँपट्टिको चाहिं राजा भास्कर मल्लदेवले १७७१ मा चढाएका हुन् [२७]।

मन्दिरको यही तहमा कुना कुनामा साना-साना प्रशस्त स्तम्भहरू गाडिएका छन् र ती स्तम्भमाथि हनुमान, गरूड, माछा, सिंहका धातुनिर्मित मूर्तिहरू राखिएका छन् ।

यी मूर्तिहरू मोहनचोकका मूर्तिहरू जस्तै भएकाले राजा प्रताप मल्लद्वारा नै राखिएका हुन् कि भन्ने शंका गौतमवज्रले गरेका छन् [२८] । उक्त मूर्तिसँगै धातुनिर्मित ध्वजा पनि छन् ।

तह-तह तला बनाएको चौतारामाथि मूल मन्दिर निर्मित छ । यसको माथिल्लो मन्दिरको पाटा ४३ फीटका छन्, तल्लो जग ७३ फीटको छ र मन्दिर चारपाटे सुन्दर शैलीमा बनेको छ । यस मन्दिरमा मन्दिरअनुसारकै सुहाउने गरी विशाल ढोका, झ्याल, टुँडाल र छाना राखिएका छन् र अन्य सामानहरू पनि जडिएका छन् ।

दुई तह गारो लगाई बनाएका मन्दिरलाई 'त: देवल' भन्ने नाउँले लोकभाषामा पुकारिन्छ । यो शिल्पविधा शास्त्रीय हो र ठूला मन्दिर निर्माण गर्दा नेपाली शैलीमा यो निर्माण विधिलाई अनिवार्य सम्झिइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिर मूल मन्दिरको गारो र त्यसभित्र भित्री प्रदक्षिणामार्ग राखेर अनि भित्रको गारो उठाएर बनाएको कोठालाई गर्भगृह भन्दछन् । कति हात लम्बाइ-चौडाइको गर्भगृह बनाइन्छ, त्यही नापअनुसारको मूर्ति, लिङ्ग स्थापना गर्नुपर्ने कुरा शिल्पशास्त्रहरूमा उल्लेख भएको पाइन्छ [२९] । वास्तु निर्माणविधि केवल कला प्रदर्शनी मात्र नभएर शास्त्रीय मान्यता, धर्मसंस्कृतिका विशेष अवधारणाहरू एवं फलाफलको विचार गरेर मात्र गरिने विधा भएकोले शास्त्रीय मर्यादाको पालना गर्दै प्रस्तुत गरिएका शिल्पकारिताको सौन्दर्यमा कलाको सहजता पाइँदैन भन्ने विवेचकहरू पनि प्रशस्तै छन् । धार्मिक नियममा आबद्ध रहेर पनि कलासौष्ठवको जुन अद्‌भुत नमूना नेपाली कलाकारहरूले प्रस्तुत गरेका छन्, त्यो नै यस मन्दिरको निर्माण शैलीभित्र पनि पाइन्छ ।

यो मन्दिरका चारै दिशामा तीनमुखे चार प्रवेशद्वारहरू बनेका छन् । दक्षिणाभिमुखको मूल प्रवेशद्वार कलात्मक सुनका खापा र तोरणहरूले सजाइएको छ । वर्तमान अवस्थामा दरबारको घेराबाहिरबाट यो मन्दिरको भव्यता स्पष्ट देखिने हुनाले बाहिरको तोरणद्वार र मन्दिरको प्रवेशद्वार एवं टुँडालहरू समेत सुवर्णका पातालले मोरिएका छन् । अन्य भागमा चाहिं ढोकाका खापा र तोरणहरू मात्र धातुनिर्मित छन् । हरेक तोरणको बीचमा विभिन्न देवीदेवताका मूर्तिहरू अंकित छन् ।

दक्षिणाभिमुख मूल ढोकामाथिको तोरणमा श्रीतुलजा भवानीको ध्यानमा कल्पना गरिने मूर्ति अंकित छ । यसरी मूल ढोकामाथिको तोरणमा मूल देवताको मूर्ति अंकन गरिने परम्पराअनुसार मन्दिर निर्माण विधाको एक अङ्ग हो । किन्तु मूल देवताको प्रतीक मूर्ति, यन्त्र, कलश जे पनि भित्र हुनसक्छ । कुन रूप, वर्ण, आसन, मुद्रा र आयुधयुक्त, देवताको भावना गरिने यन्त्र कलशहरू स्थापना गरिएका छन् भन्ने कुरा चाहिं तोरणका मूर्तिबाट जान्न सकिन्छ । यस्तै अन्य बाँकी अरू ढोकाका तोरणहरूमा पनि महिषमर्दिनी दुर्गा, काली आदि भिन्नाभिन्नै देवीका मूर्तिहरू अंकित गरिएका छन् । प्राचीनकालमा देवायतन निर्माण गर्दा वाह्यकलाको सौन्दर्य केवल कलाको लागि मात्रै नभएर तन्त्रशास्त्रका वास्तुविधामा वर्णित तन्त्र, मन्त्र, यन्त्र, आवरण देवताहरूका प्रतीकहरू नै चित्ररूपमा अंकित गरिन्छन् । यिनै प्रतीकहरूबाट तन्त्र विशेषज्ञहरूले मन्त्रोद्धार र यन्त्रोद्धार गर्दछन् । यसकारण तान्त्रिक भावनाले उपासना गरिने देवीका मन्दिरहरूको मध्यकालीन वास्तुकला कलाको लागि मात्रै नभएर धार्मिक पक्षमा अर्थपूर्ण हुन्छ र वास्तुविन्यासमा नियमबद्धता पनि हुन्छ । यसले गर्दा कलाको अभिव्यक्ति मात्रै नभएर त्यसमा रहेका प्रत्येक वस्तु, चिन्ह, बुट्टा पनि अर्थयुक्त हुन्छन् ।

कति लम्बाइ चौडाइको मन्दिर बनाउने, टुँडाल कतिओटा राख्ने, कुन ठाउँको टुँडालको कुन रङ्ग हुनुपर्छ र कुन देवताको कुन आसन, मुद्रा हुनुपर्छ, कति हात भएको मूर्ति बनाउने र कुन कुन हातमा कुन कुन आयुध (हतियार) को अंकन गर्ने भन्ने कुरा शास्त्रसम्मत हुनुपर्छ । यसकारण नेपालका मन्दिरहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेका चित्र, बुट्टा, रंग, विग्रह सबै नै कला प्रदर्शनको लागि मात्रै नभएर साधनापक्षमा पनि अर्थयुक्त र सारगर्भित छन् । मन्दिर निर्माण गर्दा एउटा मात्रै टुँडाल यताउति पार्न र शास्त्रीयक्रम नमिलाईकन जडान गर्न पाइँदैन ।

यसकारण तलेजु मन्दिरका प्रत्येक द्वार, खापा र चौकोसहरू तथा अन्य अवयवहरू उपर्युक्त कारणले कलात्मकको साथै अर्थयुक्त छन् । पूर्ण कलश, मकर, नाग, कमल आदि वैदिक प्रतीकहरू कलापूर्ण र आकर्षक ढङ्गले जडिएका छन् । तीनमुखे मूल द्वारहरूको खोल्न नहुने गरी दायाँ-बायाँ जडान गरिएका ढोकाहरू राजा प्रताप मल्लले वि. सं. १७२८ मा राख्न लगाएका हुन् भने कुरा त्यहाँ राखिएका ठूला सुवर्णपत्रका अभिलेखले थाहा हुन्छ [३०] । त्यसमा राजा प्रताप मल्लले आफैंले बनाएको तलेजुको स्तुति लेखिएको छ । बीचको ढोकामा प्रयोग भएका सुनका दुई खापा पनि राजा प्रताप मल्लले नै बनाएका हुन् । वि. सं. १७२७ मा निर्माण गरिएका ती दुई कलात्मक खापामा श्रीमहाकाल, गणेश, शिवपार्वती देवदेवताका स-साना मूर्तिहरू, श्मसानमा दाहसंस्कार गरिएको, यमदूत अगाडि उभिएको दृश्य प्रस्तुत गरिएको छ । विभिन्न शास्त्रको अध्ययन गरी त्यो खापामा दृश्य अंकित गरिएको कुरा त्यसै खापामा रहेको उनको अभिलेखबाट थाहा हुन्छ ।

मन्दिरको टुँडालमा श्रीतलेजु भवानीका आवरण देवताको रूपमा पूजा हुने देवीहरूका मूर्ति कुँदिएका छन् । कतैकतै दाम्पत्य प्रेमका सौम्य मूर्तिहरू पनि अंकित छन् ।

मन्दिरको पश्चिमोत्तर कुनामा रहेको एउटा कुँसलमा भने सर्वाङ्ग नांगी एउटी युवतीले कुंसलको लिङ्ग आलिङ्गन गरिएको दृश्य प्रस्तुत गरिएको छ ।

मन्दिरका छाना सबै ताँवाका छन् । छानाका किनारामा चारैतिर घण्ट झुण्ड्याएका छन् । हावाको लहरमा ती घण्टहरू हल्लेर आवाज गरिरहन्छन् ।

पहिलो तहको छानामुनि चारैतिर आँखिझ्यालको पर्दा जडिएको छ । दोस्रो र तेस्रो छानामुनि केवल टुँडाल मात्र छन् । पहिलो र दोस्रो तहको छानाका चार कुनामा धातुनिर्मित पताका लट्काइएका छन् । ती पताकामा पनि शिव, गणेश आदि देवमूर्ति अंकित छन् । सबैभन्दा माथिल्लो छानाका कुनामा चाहिं सुराही जस्तो देखिने लाम्चिला आकारका कलशहरू झुण्डयाइएका छन् ।

मन्दिरको टुप्पामा पाँचओटा सुनका गजूर छन् । चार कुनामा रहेका चार गजूर चाहिं केही साना छन् र बीचको गजूर चाहिं अरूभन्दा निकै ठूलो छ । बीचको गजूरमाथि सुनकै छत्र छ ।

वि. सं. १९९० सालको भूकम्पमा मन्दिरको माथिल्लो तला पूरा नै भत्केको र अन्य भाग पनि टुटफुट भएको थियो । १९९६ सालमा जीर्णोद्धार गरी यथावत् बनाउने प्रयास गरियो [३१] ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस मन्दिरको भित्री भागको परिचय् गोप्य नै रहेकोले यहाँ पनि उद्घाटन गर्ने प्रयास गरिएन।

पादटिप्पणी

१. डा. वासुदेवशरण अग्रवाल - भारतीय कला पृ. ९०
२. डा. वासुदेवशरण अग्रवाल - भारतीय कला पृ. ९०
३. डा. वासुदेवशरण अग्रवाल - भारतीय कला पृ. ९५
४. श्रीआद्यशंकराचार्य - सौन्दर्य लहरी स्तोत्र
५. महाकाल संहिता (गुह्यकाली खण्ड) भाग - १ पृ. २५
६. महाकाल संहिता (गुह्यकाली खण्ड) भाग - १ पृ. १२६
७. डी. पी. एस. मनराल- प्राचीन भारत का राजनैतिक तथा सांस्कृतिक इतिहास पृ. ५९६
८. प्रा. श्री ढुण्डिराज भण्डारी- नेपालको ऐतिहासिक विवेचना पृ. ६०
९. तत्वसद्भावतन्त्र-सूची भाग २ पृ. ११३, उद्धरण- सूर्यविक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास पृ. २३ तथा हिष्ट्री अफ बंगाल, भाग १ पृ. ५-६
१०. सूर्यविक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास पृ. ३० - ३१
११. कल्याण तीर्थाङ्क सं. १ वर्ष ३१ को पृ. ३६२ - ६३ (गीता प्रेस गोरखपुर) - १९५७ ई.
१२. डी.आर. रेग्मी - मेडियाभल नेपाल, भाग २ पृ. ५८
१३. गोपाल राजवंशावली तथा इतिहास संशोधनको प्रमाण प्रमेय, पृ.२३२ - ३६ (वि. सं. १३८२)
१४. गोपाल राजवंशावली, २८ पत्र ५ पंक्ति
१५. अपुत्रोकनेन विधिना सुतां कुर्वीत पुत्रिकाम्।
यदपत्यं भवेदस्यां तन्ममस्या स्वधाकरम्॥ मनु ९ अ. १२८ श्लोक।

(यसबाट जन्मेको छोरो मेरो स्वधा (श्राद्धकर्ता या वंशकर्ता) हुनेछ भनेर शर्त गरी अपुत्राले छोरी विवाह गरेर दिएको छ भने 'पुत्रिकापुत्र' मावलीपट्टिको वंशकर्ता हुन्छ।)

(क) अविद्यमानपुत्रो यदस्यामपत्यं जायते तन्मम श्राद्धाद्यौर्ध देहिककरं स्यादिति कन्यादानकाले जामात्रासह संप्रतिपत्ति रूपेण विधानेन दुहितरं पुत्रिकां कुर्यात् इति टीकाकारः कुलुक भट्टः॥

(छोरा नहुनेले यसबाट जन्मेको पुत्र मेरो क्रियाकर्म गर्ने होस् भनेर कन्यादान गर्ने बेलामा जुवाईँसँग भनेको छ भने यस विधानबाट छोरीको छोरो पुत्रिकापुत्र हुन्छ भन्ने कुरा टीकाकार कुलुक भट्टले भनेका छन्।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) अभ्रातृकां प्रदास्यामि तुभ्यं कन्या भलङ्कृताम्
अस्यां जनिष्यते पुत्र स मे पुत्रो भवेदिति ॥ वसिष्ट स्मृति ।

(भाइ नभएकी सिंगारिएकी कन्या तपाईलाई दिएको छु। यसबाट जन्मेको छोरो मेरो छोरो हुनेछ भन्नू) भन्ने कुरा वसिष्टको वचन छ।

(ग) अकृता वा कृता वाकपि यं विन्देत् सदृशात् सुतम्।
पौत्री मातामहस्तेन दद्यात् पिण्डं हरेध्दनम् ॥ मनु ९।१३

"अकृता कृतावेति पुत्रिकाया या एव द्वैविध्यं तत्र यदपत्यं भवेदस्यां तत्ममस्यात् स्वधाकरम्" इत्यभिधाय कन्यादानकाले वरानुमत्या या क्रियते सा कृता। अकृता तु अभिसंधिमात्र कृताः, वाग्व्यवहारेण न कृता इति टीकाकारः।

(शर्त राखेर वा सोद्देश्य विश्वासले मात्रै भए पनि कन्यादान गरिएको भएमा/त्यस्ती छोरीको छोरो पुत्रिकापुत्र हुन्छ, क्रिया पनि गर्छ, धन पनि खान्छ।)

यसै कुराको विशेष व्याख्या गर्दै टीकाकार भन्छन्- शर्त राखेर होस् अभिसन्धि (विश्वास) राखेर मात्रै होस् छोरा नहुनेले कन्यादान गरेको छ भने पनि पुत्रिकापुत्र हुन्छ, वचन लिइरहनुपर्दैन।

यस्तै प्राचीन महर्षि गौतमको मत पनि छः- अभिसन्धिमात्रात् पुत्रिकेत्वेषाम् (गौतम धर्मसूत्र – ३।१०।१७)

यस्तो विधानले पहिलेको युगमा आफ्नो वंशवृद्धिको लागि पुत्रिकापुत्र अर्थात् छोरीको छोरालाई आफ्नो छोरो दक्षप्रजापतिले बनाएका थिए भनेर मनु भन्छन्-

अनेनतु विधानेन पुराचक्रेकथ पुत्रिका
विवृद्ध्यर्थं स्ववंशस्य स्वयं दक्षप्रजापतिः।

मनु मृ. ९।१२८ श्लोक

विवाहित पत्नीबाट जन्मेको छोरो र पुत्रिकापुत्र बराबर हुन्छन्। अरू छोरा चाहिं घिउको साटो तेलले काम चलाउनु जस्तै हो भनेर बृहस्पतिले भनेका छन्ः-

आज्यं विना यथा तैलं सद्भिः प्रतिनिधि स्मृतम्।
तथैकादश पुत्रास्तु पुत्रिकौरसयोर्विना ॥

१६. पुत्रिकायां कृतायांतु यदिपुत्रोनु जायते।
समस्तत्र विभागस्यात् ज्येष्टता नास्ति हि स्त्रियाः ॥ मनु

छोरीको छोरोलाई पुत्रिकापुत्र बनाइसकेपछि छोरो जन्म्यो भने बराबरै अंशको भागिदार हुन्छ। छोरी जेठी छ भने जेठा छोराले पाउने जेठाक (विशेष भाग) पाउँदिन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७. गोपाल राजवंशावली– ५३ पत्र – ४ पं. स ४७४ आश्विनि सुद्धि ९ श्री जयस्थिति राजमलस कोवनाम्विज्याङा ख्वपोन्दुम्बियां त्यंखो चोन ङालालिव विवाहजुव ॥

१८. दौहित्रो ह्याखिलं रिक्थं अपुत्रस्य पितुर्हरेत् ।
स एव दद्यात् द्वौ पिण्डौ पित्रे मातामहस्य च ॥ ९ १३७ – मनुस्मृति ।
(अर्थ – छोरीका छोराले अपुत्र मावलीपट्टिको र अरू बाबुपट्टि छोरा छैनन् भने बाबुपट्टिको पनि सबै सम्पत्ति पाउँछ । यस्ता दुवैपट्टिको धन खाने छोराले मातामह र बाबुलाई पिण्डदान गरोस् (अर्थात् दुवैपट्टिको क्रिया गरोस्) उपर्युक्त मनुको वचनअनुसार बाबुपट्टिको पनि काजक्रियामा सरीक भएको नाताले पुत्रिकापुत्र भएता पनि दुवै कुलका साझे सम्झेर होला, पछिका मल्ल राजाले यक्ष मल्लमा पुस्ता जोडी ज्योति मल्ल, जयस्थिति मल्लको उल्लेख नै नगरी सिधै कर्णाटकवंशी हरिसिंहदेवसँग पुस्ता जोडी आफ्नो वंश कर्णटकवंश हो भन्ने देखाए । राजाहरूको यही विचारसँग मेल गराई वंशावली पनि तयार गराएकाले इतिहासको यो पक्ष धूमिल र अविश्वसनीय भएको छ ।

१९. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ.९३ को टिप्पणी

२०. डी. आर. रेग्मी – मेडियाभल नेपाल, भाग ३ को परिशिष्ट, ९९ पृष्ठ । सं. ६०४ वैशाख शुक्ल ॥ एकादशी ॥ श्रीरत्न मल्ल देवन ज्ञ देश तेल ॥
तथा – श्रीरत्न मल्ल राजान 'ज्ञ' देश त्यल ओअम्हं ८ थकु जुजु स्याङाओ हितिचुकस रायकुर हङाव च्वँ ॥

२०. (क) अमोघवज्र– कालक्रम, संस्कृत सन्देश १ वर्ष १०।१२ अंक पृ. ८१
गौतमवज्रद्वारा पनि हनुमानढोका राजदरबार भन्ने पुस्तकमा उधृत

२१. डी. आर. रेग्मी – मेडियाभल नेपाल, भा. ३

२२. वर्तमान तुलजाको मन्दिर पनि पुरानै मन्दिर भएको ठाउँमा बनेको हो भन्ने अनुभुति छ । एउटा ठ्यासफुको उल्लेखद्वारा हिटीचोकमा रत्न मल्ल बस्न थालेको कुरा थाहा हुन्छ । यो चोक कहाँ थियो, त्यो कुरा आज थाहा छैन । १९१० सालमा विभिन्न चोकको नाम लेखिएको कागजमा हिटीचोकको नाउँ पाइन्छ । आजभोलि भने प्रताप मल्लको अभिलेखयुक्त हिटीअगाडिको चोकलाई नै हिटीचोक भनिन्छ ।

२३. श्री सूर्यविक्रम ज्ञवाली– नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ. ११५

२४. ऐश्वर्यधर शर्माद्वारा प्राप्त ठ्यासफु 'सम्वत् ६८४ माघवदी १० तव देवल प्रतिष्ठा दिन लुपोल गजुलि' –
उद्धरण – गौतमवज्र, हनुमानढोका राजदरबार

२४. (क) पूर्णिमा ३ वर्ष, ४ अङ्क – सम्वत् ६८४ माघकृष्ण ॥ दशमी कुन्हु तवदेवर प्रतिष्टा याङा दिन जुरो ॥
उद्धरण – गौतमवज्र, हनुमानढोका राजदरबार पृ. ११६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. श्रीराजाभोजकृत समराङ्गण सूत्रधार (सं. द्विजेन्द्रनाथ शुक्ल)
२६. गौतमबज्र वज्राचार्य – हनुमानढोका राजदरबार परिशिष्ट नं. २७/२८ को स्तम्भलेख
२७. गौतमबज्र वज्राचार्य – हनुमानढोका राजदरबार परिशिष्ट नं. ५९ को अभिलेख
२८. गौतमबज्र वज्राचार्य – हनुमानढोका राजदरबार, पृ १२०
२९. रूपमण्डन (शिल्पशास्त्र), चौखम्बा प्रकाशन
३०. राजा प्रताप मल्लको अभिलेख (परिशिष्ट खण्डमा हेर्ने)
३१. गौतमबज्र वज्राचार्य – हनुमानढोका राजदरबार, पृ. १२०
उधृत – मोहिनी विनोदको वंशावलीबाट टिप्पणीमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीतलेजुका जात्रापर्व र गुठी-व्यवस्था

श्रीतलेजु भवानीको ऐतिहासिक र धार्मिक मान्यतावारेमा संक्षेपरूपमा चर्चा गरियो । साथै काठमाडौंको मन्दिर निर्माण सम्बन्धी र कला पक्षमा पनि दिग्दर्शन गरियो ।

अब यसका केही सांस्कृतिक पक्षका मुख्य पर्वहरू र विभिन्न प्राचीन देवमन्दिरसँग रहेको सम्वन्ध एवं जात्राहरूको दिग्दर्शन गर्नु आवश्यक भएको छ ।

तलेजु भवानीको उपत्यकाभित्र कुन वर्ष महिनामा विधिवत् स्थापना गरियो, त्यसको विवरणात्मक इतिहास पाइएको छैन । वंशावलीले घटनाक्रमका कथाहरू बनाए तापनि अनुश्रुतिभन्दा वढी प्रामाणिक महत्त्व राख्दैनन् ।

श्रीतलेजुको नित्य पूजाको निम्ति चाहिने मासिक दरवन्दी वनेको छ । यस कामको लागि साढे बयालीस रोपनी जग्गा गुठी राखिएको थियो । यसको आम्दानी धान र गहुँ गरी कुत बाउन्न मुरी अठार पाथी आठ माना आउने गर्थ्यो । यो खेतको आम्दानी खाई वर्षभरिलाई चाहिने पूजापर्वका सामानहरू ठेकेदारले दिन्थे । जग्गाको हकभोगसम्वन्धी कागजपत्रहरू र ठेक्का चलाउन पाएका पट्टा बहाली ठेकेदारसँग नै रहने गरेको कुरा थाहा पाइन्छ ।

गुठी जग्गाको व्यवस्थित रूपमा लगत तर्जुमा हुन नसकेकोले र पुराना लालमोहर ताँवापत्रहरू हराउँदा गुठी नै लोप भई पूजापर्वमा विघ्न पर्ने स्थिति देखिएकोले र गुठी जग्गासम्वन्धी मोही र तलसिङ् (गुठियार-ठेकदार) बीच पनि झगडा परिरहने स्थिति देखिएकोले १९०३ सालतिर गुठी कचहरी भन्ने अड्डा खडा भई गुठी जग्गाको लगत बनाउने काम पनि सुम्पिएको हुँदा १९०९ सालमा प्रारम्भिक लगत खडा भएको पाइन्छ ।

लगत बनेपछि पनि पूजापर्वहरू ठेक्का बन्दोबस्तबाटै चल्यो । एकीकरणपछिको विशाल नेपालभित्रका गुठी जग्गा-जमीनहरूको व्यवस्थित लगत बनाउनुपर्ने भएकोले गुठी कचहरीले यो काम गर्दै रह्यो । जग्गा-जमीनको निश्चित नाप नभएका पुराना कागजपत्र, ताँवापत्र आदि अभिलेखहरूको संकलन पनि हुन नसकेकोले सबै काम सम्पन्न हुन सकेन । पाइएका कागजपत्रद्वारा पत्ता लागेका गुठी जग्गाको लगत चाहिं बन्दै गए तापनि बीचमा कारणवश यो कार्य नचलेको थाहा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिराज्यभरिका गुठीहरूको रेखदेख, पूजापर्वको प्रबन्ध र त्यसमा आइपर्ने बाधा-कठिनाइले गर्दा मुद्दा-मामिलापट्टि गुठी कचहरी व्यस्त रह्यो । तथापि यसैद्वारा काम चल्दै आएकोमा पुन: ठेकेदारहरूबाट गुठीको बाली उठाई पूजापर्व चलाउने काम ठीकसँग नहुँदा ठेक्का 'सिष्टम' तोडी गुठीसम्बन्धी सबै काम हेरी निकासा दिने-लिने काम र अमानत पूजापर्व चलाउने कामका लागि १९३५ तिर गुठी बन्दोबस्त अड्डा खडा गरिएको पाइन्छ । यसैबेलातिर पुन: ०९ सालमा बनेका लगत ठीक-बेठीक छुट्याई नयाँ लगत बनाउन र जग्गाको कम आय आउने ठाउँमा हेरी-जाँची आँठासरह कुत लिने व्यवस्थासमेत गरी १९४५ सालमा नयाँ लगतहरू बने ।

उक्त लगतमा पनि त्रुटि कम भएन । साथै आम्दानीले खर्च नपुग्ने ५।न भयो र गुठी बन्दोवस्तले मात्रै रेखदेख गरी असूल तहसिल गर्न र पूजापर्व संचालन गर्न नभ्याएकोले पुन: ठेक्का प्रथा लागू गरिएको थाहा पाइन्छ ।

यसपछि पनि ठीकसँग काम नचली अव्यवस्था हुँदा खर्च अड्डा खडा गरी ठेक्का प्रथा तोडियो । त्यसपछि पनि आम्दानी खर्च नमिली अव्यवस्था नै रहेकोले गुठी बन्दोवस्तको जाहेरीअनुसार १९६८ सालमा खड्ग निशाना सनद भई लगत अड्डा खडा गरी १९७३ सालमा १९०९ साल, १९~५ सालको लगत र ठेकेदारसँग भएको असूली लगत एवं अन्य कागजपत्रहरू हेरी खर्च अड्डासँग भएको लगतसँग भिडाई १९५८ सालपछिको दरभाउले रूपियाँ १। को धान पाथी ।५ र रु. १। को गहुँ पाथी ।३।४ तीन पाथी चार माना तोकी बजार भाउसँग मिलाई खर्च गरी बाँकी बचत रहने गरी लगत तयार गरिएको कुरा गुठी लगत तथा तहबील कार्यालयका लगत स्रेस्ताबाट थाहा पाइन्छ ।

यसरी लगत खडा गर्दा उत्पादन हुने वस्तु घिउ, तेल, गहुँ, बोका, राँगा, परालका कल्ली, दाउरा, पात आदि पूजापर्वमा चाहिने रकमहरू पनि जग्गाको कुत कम गरी अन्य रकम असूल गर्ने लगत व्यवस्था गरिएको छ । प्राचीन मल्ल राजाहरूले नै पूजापर्वको निम्ति जग्गा छुट्याई गुठी राखी आम्दानी खर्च मिलाएका थिए । परन्तु यस्तो गुठी जग्गाको यति आम्दानी र खर्च भन्ने कुरा लालमोहर, शिलापत्र, ताडपत्र, ताँवापत्र आदिमा उल्लेख गरी सम्वन्धित गुठियार, पुजारी, सुसारे, नाइके, द्वारे, अमालीहरूको जिम्मा दिएका थिए । यही परम्पराबाट चल्दै आएकोले सरकारी स्तरमा छुट्टै लगत राख्नुपर्ने आवश्यकता पनि थिएन । उपत्यकाभित्र नै तीन राज्य र छुट्टाछुट्टै इलाकाका सामन्त, भारदारहरू भएकाले हिनामिना हुने र राज्यको दृष्टि नपुग्ने स्थिति नै थिएन । साथै अन्य कुरामा झेलबखेडा गरे पनि देवस्वमा बदमासी गर्ने साहस नै गर्दैनथे । विशाल नेपालको निर्माणपछि उपर्युक्त कुरा संभव रहेन र राष्ट्रले व्यवस्थित रूपमा धर्मसंस्कृतिको संरक्षण गर्न नयाँ उपाय गर्नुपऱ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक भावनाले प्रभावित समाज त छँदै थियो । साथै पुराना राजा-महाराजाहरूले चलाएको, दान दिएको धार्मिक सांस्कृतिक कुराको त्रुटि भएमा सामाजिक मर्यादामा विघ्न पर्नुको साथै नयाँ राजाप्रति आस्था-विश्वासमा आँच आउन सक्दथ्यो ।

यसकारण अगाडिका राजाले छाडेर गएका धार्मिक कृतिहरूको प्रमाण हेरी तदनुरूप थमौती गरिदिने, उनीहरूले चलाएका पर्व, पूजा, जात्रा, चाडपर्वका नृत्य, भोज, समारोहहरूलाई यथावत् जीवन्त राख्ने कामका साथै नयाँ पूजापर्वका लागि आफूले पनि नयाँ गुठीको व्यवस्था गरेकोले शाहवंशप्रति नेपाली जनताको श्रद्धा र विश्वास वढेको थाहा पाइन्छ ।

श्रीतलेजु भवानीको नित्य पूजा र विशेष पर्वमा गरिने विशिष्ट पूजाको लागि राजा रत्न मल्लका पालादेखि पछिका मल्ल राजाहरूले र शाह राजाहरूले पनि जग्गा गुठी राखी दरवन्दी कायम गरी व्यवस्थित ढंगबाट परम्पराको पालना गर्दै आएको देखिन्छ । साथै प्रत्येक गुठीलाई वर्गीकरण गरी आवश्यक पर्ने गुठी जग्गा छुट्याई दाताको नाउँ र गुठीको नाउँ यथावत् कायम राखी व्यवस्था बाँधिएको छ ।

यसरी गुठीको लेखा गर्दा काठमाडौं तलेजु भवानीको पर्व पूजा चलाउने जम्मा ६२ (बयसट्ठी) गुठी देखिन्छ र ७३ सालमा लगत खडा भएको कायमी जग्गा सोन्ह सय छयासी रोपनी छ आना तीन दाम देखिन आएको छ, जसको तेरिज यसकै परिशिष्टमा समावेश गरिएको छ ।

विशेष पर्व र था पूजा गुठी:-

(क) नित्य पूजा सधैं गर्नुपर्ने हुँदा कति दिनको महिना छ, त्यति नै दिनको हिसाबले पूजा खर्च बराबरी रूपमा दिइन्छ । साथै प्रत्येक महिनाको कृष्णपक्षको अष्टमी र चतुर्दशीको दिन बलिदान गर्न चार-चार वटा बोका दिने दरवन्दी छ ।

(ख) राजा-महाराजाहरूले विशेष दिनमा विशेष पूजा र गुप्त पूजा गर्नको निम्ति था पूजा गुठी भनेर जग्गा परसारेका छन् । यस्ता था पूजाहरू आफ्नो जन्मोत्सव पर्वका दिन, देवीको विशेष पर्व परेको दिन, विशेष प्रकारले पूजा गर्नको निम्ति 'था पूजा' भन्ने नामाकरण गरी गुठी राखिएको छ । था पूजाको विशेष अर्थ लगाउन त सकिएको छैन तथापि निर्देश गरिएको दिन स्थायी रूपले विशेष पूजा गर्नू भन्ने अर्थ गर्न उचित होला । संस्कृतमा भने था पूजाको अर्थ महापूजा गरिएको छ ।

(ग) लगतमा उल्लिखित था पूजा गुठी राख्नेहरूमा श्री महेन्द्र मल्ल (१) प्रताप मल्ल (२) नृपेन्द्र मल्ल (३) पार्थिवेन्द्र मल्ल (४) भूपालेन्द्र मल्ल (५) श्री ५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुर शाह (६) ऐ को ६ ओटा अरु था पूजा गुठी देखिन्छ (७) जयप्रकाश (८) जगज्जय मल्लका पनि था पूजा छन् ।

उपर्युक्त था पूजाको निम्ति गुठी जग्गा राख्नेहरूमा सबैको भन्दा बढी श्री ५ रणबहादुर शाहकै देखिन्छ । उहाँबाट जन्मोत्सव पर्वमा १०० (सय) रोपनी र ६ ओटा अन्य था पूजाको लागि १९३ रोपनीजति गुठी जग्गा राखिएको देखिन्छ ।

(घ) लगतमा जग्गा नचढेको तर नगद खर्च, आम्दानी र बचत समेत लेखिएका आठवटा गुठी देखिन्छन् । शायद लगत बनाउन बाँकी रहेको काम बाँकी फाइलमा यसको आँकडा हुनुपर्छ । लगत नबनेको कारणले यसमा समावेश गर्न सकिएको छैन ।

वर्षवन्धन पर्व:-

देवताको स्थापना गरी पूजा शुरू गरेको दिनलाई वर्षबन्धन नाउँले विशेष पूजा गरिन्छ । वर्षबन्धन पर्वको लागि अठतीस रोपनी जग्गा गुठी राखिएको छ र यो पर्व फागुन कृष्ण दशमीको दिन पर्ने भएकोले श्रीतुलजा भवानीको काठमाडौंमा यसै दिन स्थापना भएको मान्नुपर्ने भएको छ ।

श्रीराजा महेन्द्र मल्लले वर्तमान तलेजुको मन्दिर ने. सं. ६८४ (वि. सं. १६२०) माघ कृष्ण दशमीका दिन सकी मन्दिरको प्रतिष्ठा गरेका थिए । त्यसको एक महिनापछि श्रीतलेजुको वर्षबन्धन पर्व पर्ने भएकोले श्रीतलेजुको रत्न मल्लले स्थापना गरेकै दिन यो वर्षबन्धन पर्व मान्ने गरेको बुझिन्छ ।

ने. सं. ४४६ (वि. सं. १३८२) को माघ महिनामा कर्णाटकवंशी सिमरौनगढका राजा हरिसिंहदेवको तीनपाटनमा मृत्यु भएको कुरामा इतिहासकारहरू सहमत भएकाले संभवत: उनी मरेपछि नै उनले सधैं पूजा गरिने इष्टदेवी तुलजाको यन्त्र लिएर देवलदेवी भक्तपुर आएकी हुनुपर्छ । यसो हो भने तुलजाको वर्षबन्धन, फाल्गुण कृष्ण दशमी पर्व, भक्तपुरमा स्थापना भएको दिन पनि हुनसक्छ ।

मातृका वर्षवन्धन गुठी:-

काठमाडौं तुलजा भवानीको मन्दिरसँग सम्बन्धित अष्टमातृका देवीहरूको वर्षबन्धन पर्व ज्येष्ठ शुक्ल पञ्चमीका दिन तोकिएको छ । यसकारण श्रीतुलजा भवानीको स्थापनापछि नै अष्टमातृकाको स्थापना गरी श्रीतलेजुसँगै पूजा गरिने व्यवस्था बाँधिएको थाहा पाइन्छ । सँगै स्थापना भएको भए तुलजासँगै मातृकाहरूको पनि वार्षिक पर्व पर्ने थियो । यससम्बन्धी अन्य प्रमाण प्राप्त नभएकोले मातृका-स्थापनासम्बन्धमा अरू कुरा भन्न सकिएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमहालक्ष्मी था पूजा गुठीः-

प्राचीन समयदेखि नै श्रीमहालक्ष्मीको ब्रत गर्ने र विशेष पूजा गर्ने चलन थियो। श्रीरानी राजल्लदेवीका साथ राजा स्थिति मल्लले महालक्ष्मीको ब्रत गरेको कुरा गोपाल वंशावलीमा उल्लिखित छ। यो ब्रत १५ दिनको हुन्छ, भाद्र शुक्ल अष्टमीदेखि शुरु गरेर आश्विन कृष्ण अष्टमीको दिन ब्रतको समाप्ति हुन्छ।

राजदरवारमा लक्ष्मीको स्थापना गर्ने र पूजा गर्ने परम्परा पुरानो हो। आश्विन कृष्ण अष्टमी ब्रत समाप्तिको दिन भएकोले त्यसदिन श्रीतलेजु भवानीको मन्दिरमा श्रीमहालक्ष्मीको विशेष पूजा (था पूजा) गर्न गुठी राखिएको पाइन्छ। श्रीमहालक्ष्मीको यो था पूजा निमित्त ३८ रोपनी जग्गा गुठी रहेको लगतबाट देखिन्छ।

राजाको राज्यलक्ष्मी स्थिर रहोस् र धनधान्य वृद्धि होस् भनी इष्ट देवताको रूपमा महालक्ष्मी वा सिद्धिलक्ष्मीको उपासना गरिन्थ्यो। प्रायशः कुलदेवीको रूपमा पूजित देवी तान्त्रिक मतानुसार विभिन्न लक्ष्मीका रूपमध्ये सिद्धिलक्ष्मीकै उपासना हुन्थ्यो। यसबारे लेखकको शाक्त सम्प्रदाय र कुमारी भन्ने ग्रन्थमा विशेष चर्चा गरिएको छ।

यो भाद्र शुक्लमा शुरू भएर आश्विनमा ब्रत समाप्ति गरिने विधान चाहिं शास्त्रीय परम्परामा नै आधारित छ।

श्रीतलेजु भवानीका वार्षिक पर्वहरूको लेखा गर्दा साना-ठूला गरी ४७ ओटा पर्व पर्दछन्। यी पर्व कुनै एक दिनका, कुनै पाँच दिनका, कुनै नौ दिनका र कुनै महिना दिनका पनि छन्।

श्रीतलेजुका सांस्कृतिक पर्वहरू :

श्रीतुलजा भवानीका पूजापर्वहरूको विश्लेषण गर्दा प्रायशः दुई प्रकार पाइन्छन्– एक, शास्त्रीय पर्व र दोस्रो, व्यक्तिविशेषको विशेष दिनको पर्व। यस्ता पर्वहरूमध्ये शास्त्रीय महापर्वका दिन पनि था पूजा (महापूजा) गरिन्छ भने व्यक्तिविशेषको जन्मोत्सव आदि महत्वपूर्ण दिनमा पनि था पूजा गर्न गुठी राखिएको छ।

नेपालका मल्ल राजाहरूकी इष्टदेवीको रूपमा विशेष रूपले पूजित हुँदै आएकी श्रीतुलजालाई आफ्नो जन्मदिनको पर्वमा विशेष रूपमा पूजा गर्न गुठीको व्यवस्था गरिएको छ र यस्ता पर्वहरू सम्पादन गर्ने सामग्रीहरूको लेखाजोखा गर्दा करीब करीब सबै राजाका था पूजाहरूमा समान रूप नै देख्न पाइन्छ। यसबाट एउटा अर्को कुरा पनि के थाहा पाइन्छ भने कुन राजाको जन्मदिन कुन तिथिमा पर्दछ भन्ने जानिन्छ। यसको साथै ती विगत युगका मल्ल राजाहरूद्वारा जग्गा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जमीन गुठी राखिएको तथा पूजापर्व संचालन गर्ने दरबन्दीको ताँवापत्र वा लालमोहर पाउन सकेको भए राजनीतिक पक्षको एउटा गतिलो इतिहास लेख्न मद्दत पुग्दथ्यो होला । किन्तु त्यसबेला गुठी संचालन गर्ने कार्य राज्यस्तरबाट नभएर कुनै व्यक्तिविशेषको जिम्मा दिइन्थ्यो । यस्ता गुठी संचालन गर्ने व्यक्तिलाई गुठियार, द्वारे, बिसेट आदि नाउँले अभिहित गरिन्थ्यो र ताँवापत्र, लालमोहरहरू र अन्य अधिकारपत्रहरू पनि उनीहरूकै जिम्मामा रहन्थ्यो ।

यस्ता ताँवापत्रहरू, लालमोहर तथा द्वारे, अमालीहरूका पट्टा-वहालीहरू जुन राजाको पालामा भएको छ उनको शेषपछि नयाँ हुने राजाहरूले ती गुठी र विर्ता, वेख, छापहरूको समर्थन (थमौती) गरिदिनुपर्ने परम्परा थियो । यसो गर्दा कुनै राजाले पुरानो लालमोहरहरू खिची त्यो वेहोरा पारेर नयाँ थमौतीका ताँवापत्र तथा मोहरहरू गरिदिन्थे । यसकारण अधिकांश प्राचीन कागज तथा लालमोहर, ताँवापत्रहरू सम्वन्धित व्यक्तिसँग नहुन सक्थे । कुनै कारणवश व्यक्ति बदलिएमा पुराना कागजपत्र पुरानै व्यक्तिसँग रही नयाँ व्यक्तिलाई नयाँ ताँवापत्रहरू गरिदिएको पनि देख्न पाइन्छ । यस्तो कारण परी नयाँ भएकोमा पछिपछि नयाँ राजाका पालामा पुराना प्रमाण देखाई हक दावी गरेका र मुद्दा चलेका प्रशस्तै उदाहरण पनि नपाइने होइनन् । पुराना प्रमाण खिची नयाँ प्रमाणहरू दिइने परिपाटीले गर्दा प्राचीन कागज र ताँवापत्र आदि आज धेरै पाउन सकिँदैन । किन्तु विर्तावारहरूसँग भने केही अंशमा पटक-पटकका यस्ता कागजपत्रहरू पाउन सकिन्छ । गुठीसम्बन्धी कागजपत्र, ताँवापत्रहरू गुठी चलाउने व्यक्तिसँग नै हुन्थे र पछिपछि सजिलोको लागि गुठियार र पुजारीहरूले ठेक्का बन्दोवस्त गरी ठेकेदारलाई नै कागजपत्र जिम्मा दिई उनैद्वारा गुठी चलाउन लगाई बचत खाने गरिआएको देखिन्छ ।

नेपालको एकीकरणपछि पहिले तीन राज्यमा विभाजित उपत्यकाका मठ-मन्दिर र अन्य विजित पहाड तथा मधेशका राज्यमा रहेका मन्दिरहरूका गुठीहरूको लगत खडा गर्नुपर्ने र जग्गा-जमीनको व्यवस्थित ढङ्गमा नापजाँच गरी तत्कालीन अवस्थाको मुख्य आयस्रोत जमीन नै हुँदा आय बढ्ने गरी लगत बनाउनुपर्ने कुरा जरुरी महसूस गरी विभिन्न अड्डाहरू खडा गरिए । गुठीसम्बन्धी ठेक्का प्रथालाई नै कायम राखे तापनि जग्गाको लगत बनाउनु जरुरी थियो । यस्तै कामका लागि र गुठीसम्बन्धी वादविवाद उठेमा त्यसको निराकरण गर्न गुठी कचहरी नामक अड्डा खडा भएको देखिन्छ । गुठीका मुद्दा-मामिला हेर्नुको साथै गुठीका ताँवापत्र, लालमोहर, शिलापत्रहरूको अध्ययन गरी त्यसबाट लगत बनाउने काम १९०० सालको शुरुदेखि पनि गुठी कचहरीले गरेको देखिन्छ । एकीकरणपछिको नेपालका गुठी जग्गा-जमीनको ठीक-ठीक नापजाँच र अन्वेषण गरी लगत बनाउने काम सजिलो थिएन । १८२५ सालपछिका वर्षहरूमा पनि वडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको पहिलो काम मुलुकको बृद्धि गर्नु नै थियों र यसमा नै दृष्टि दिनुपर्दा प्रशासन सुधारतिर दृष्टि पुऱ्याउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिदैनथ्यो । साथै परम्परादेखि चलेको रीतिस्थिति, जात्रा, पर्व, जग्गा-जमीनको व्यवस्था, गुठी व्यवस्था आदिमा नयाँ काम कुराहरू गर्न निकै सोचविचार पुऱ्याउनुपर्ने थियो । साथै पहिलेदेखि खाइपाइआएका गुठियार, विर्तावार, उमराव, अमाली, द्वारे, पट्टादारहरूको नेपाल् एकीकरण गर्ने विजय अभियानमा पूरा सहयोग र समर्थन आवश्यक भएकोले पनि यस्ता विषयमा खलल पर्ने कामकुरा गर्नु उचित थिएन । यस्ता व्यक्तिहरूको सहयोग लिन विर्ताबिख थामिदिने, राम्रो सहयोग गरेमा अन्य शिरोपाउ (मानमर्यादा) दिने आश्वासनका साथ पत्रहरू लेखिए । नयाँ राजाबाट सांस्कृतिक जात्रा, पर्व र खाइपाइआएका कुरामा बाधा-विरोध नपरेकाले नेपाली जनताहरूले राजा बदलिएको कटु अनुभव नै गरेनन् । तथापि यसबीच आइपरेका प्रशासनिक न्याय-निसाफका काम कुराहरू भने राम्रोसँग हेरिन्थे र विवेकपूर्ण निर्णयहरू गरिन्थे ।

देशको भूभाग बढाउने कामका युद्धहरू श्री ५ पृथ्वीनारायण शाहभन्दा पछि पनि पाँच पुस्तासम्म नै लगातार चलिरहेकोले तात्कालिक परेका कामकुरा बाहेक अन्य प्रशासनिक सुधार र व्यवस्था लगभग एक शताब्दीभरि नै हुनसकेन । सुगौली सन्धिपछि मात्र यसतर्फ दृष्टि दिइयो ।

युद्ध समाप्तिपछि पनि विभिन्न क्षेत्रमा प्रशासनिक र युद्धनेताको रूपमा प्रतिष्ठा पाएका भारदारहरू सबै काठमाडौंमा जम्मा भएकाले अधिकार प्राप्तिका लागि आपसी होडबाजी गर्दै दरबारका जेठी-कान्छी रानी र राजाको पक्ष-विपक्षमा गुटबाजी, उचाल-पछारको प्रतिफल, भीमसेन थापा समेतको पतन र थापा, पाँडेको षड्यन्त्र एवं अन्य पक्ष-विपक्ष भाइ-भारदारको अमेल र गुटबाजीले गर्दा थापापछि पाँडेको पतन भयो । गगनसिंहको हत्यापछि त कोतपर्वले राष्ट्रिय महत्वका सबै भाइ-भारदारको विनाश गऱ्यो ।

यसपछि शक्तिशाली भएका जङ्गबहादुरको उदयपछि नै राष्ट्रिय प्रशासनका विविध पक्षमा सनद, सवाल, ऐनको व्यवस्था र यसलाई प्रयोग गर्ने विविध निकायहरूको विशेष तर्जुमा गरिएको पाइन्छ ।

यसकारण गुठी राख्ने केही राजा महाराजाहरूको नाम र जग्गा-जमीन सम्बन्धी केही आँकडा प्राप्त भए पनि साल, मिति र कारण देखाउने प्राचीन प्रमाणहरू उपलब्ध छैनन् । तथापि मल्ल राजादेखि चलिआएको यो परम्परा अक्षुण्ण रूपमा चल्दै आएको पाइन्छ । उनीहरूका नाउँमा रहेका गुठी जग्गा पनि छँदैछन्, पर्वहरू पनि चलेकै छन् ।

सांस्कृतिक पर्वका आधारहरूः-

शास्त्रमा पर्वदिन भनेर प्रत्येक महिनाका शुक्ल-कृष्णपक्षका अष्टमीहरू, प्रत्येक शुक्ल-कृष्णपक्षका चतुर्दशीहरू र पूर्णिमा तथा औंसीलाई धर्मशास्त्रकारले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्व भनेर उल्लेख गरेका छन् । साथै वैशाख संक्रान्ति अथवा आइतवार र संक्रान्तिलाई पनि पर्व नै भनिएको छ ।

चतुर्दश्यष्टमी चैव आमावास्या च पूर्णिमा ।
पर्वाण्येतानि राजेन्द्र ! रविसक्रान्तिरेव च ।

– महाभारत र स्कन्दपुराण

गृहस्थहरूले स्त्रीसंगम गर्दा पर्वदिन छाडेर मात्र गर्ने भएमा सधैं ब्रम्हचारी भन्न सकिन्छ भन्दै मनुले भनेका छन्:-

आमावास्याष्टमीश्चैव पौर्णामासीश्चतुर्दशीम्
ब्रम्हचारी भवेन्नित्यमफपृतौ स्नानको द्विज: ॥ मनु ४/१२८

यसकारण अष्टमी, चतुर्दशी, पूर्णिमा, औंसी प्राचीन कालदेखि नै पर्व मानिएको पाइन्छ । पछि वैष्णवहरूले आइतवार र एकादशीलाई पनि पर्व मान्न लागे ।

यहाँ शिवशक्तिको नै विशेष महत्त्व भएकोले एकादशी र रविवारको पर्वले त्यति महत्त्व राख्दैन । विशेष गरेर शुक्ल र कृष्ण दुवै पक्षका अष्टमी देवीका निम्ति र चतुर्दशी शिवका लागि पर्व मानिन्छ । तथापि चतुर्दशीमा पनि शिवरात्रि बाहेकका अन्य चतुर्दशी देवीका लागि नै पनि पर्व मानिन्छन् ।

चार नवरात्रि १ आश्विन शुक्लको, जसलाई हामी बडादशैं भन्दछौं, त्यस पर्वमा व्यापक रूपमा भगवती घरघरै पूजा-वन्दना हुन्छ र यो राष्ट्रिय पर्वका रूपमा नै मनाइन्छ । यो एउटा नवरात्रि भयो ।

त्यस्तै चैत्र शुक्ल प्रतिपदादेखि चैते दशैको नाउँले अर्को नवरात्र शुरु हुन्छ, जसमा राष्ट्रबाट ठाउँ-ठाउँका शक्तिपीठहरूमा पूजापर्व गरिन्छ र अष्टमी-नवमी छुट्टी मनाएर नै राष्ट्रियपर्वका रूपमा विशेष पूजा, बलिदान गरिन्छ । यो दोस्रो महत्त्वपूर्ण नवरात्र हो ।

यस्तै माघ शुक्ल नवरात्रको पनि तान्त्रिक ग्रन्थ र पुराणहरूमा वर्णन छ । साथै आषाढ शुक्ल प्रतिपदादेखि नवमीसम्मको नवरात्रिलाई पनि नवरात्र भनिएको छ । परन्तु पछिका दुई नवरात्रहरूको त्यति चल्ती. छैन ।

"कुलागत रहस्य" भन्ने ग्रन्थमा यी चार नवरात्रलाई भगवतीका चार विशेष पर्व बोधनम्, भोजनम्, शयनम् र परिवर्तनम् नामले वर्णन गरिएको छ । अर्थात् असोजमा जाग्ने, माघमा खाने, चैत्रमा सुत्ने र असारमा कोल्टे फर्कने भनिएको छ ।

उपर्युक्त चार महिनाका चार नवरात्रि बाहेकका अन्य पर्वहरूमा वीररात्रि (१) महारात्रि (२) कालरात्रि (३) सिद्धिरात्रि (४) घोररात्रि (५) क्रोधरात्रि (६) अचलारात्रि (७) तारारात्रि (८) शिवरात्रि (९) दिव्यरात्रि (१०) दारुणरात्रि (११) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार एघार रात्रिको गणना गर्दै शक्तिसंगम तन्त्रमा त्यसको विस्तृत व्याख्या पनि गरिएको छ [२]।

त्यसमध्ये चतुर्दशी तिथिले आधा रात भेट्यो भने र मंगलवार अथवा शुक्रवार पनि परेको छ र जोर पर्ने नक्षत्रमध्येका कुनै नक्षत्र पऱ्यो भने अर्थात् यी बार र नक्षत्रलाई (कुल बार र नक्षत्र भनिन्छ) त्यस्तै द्वितीया, षष्ठी र दशमी तिथि बाहेकका जोर तिथिलाई अर्थात् चौथी, अष्टमी, द्वादशी र चतुर्दशीलाई कुल तिथि भनिएकोले र कुल तिथि, बार, नक्षत्र, शक्ति उपासना गर्ने पर्व मानिएकाले कुल 'बार' नक्षत्रयुक्त चतुर्दशी पऱ्यो भने 'वीररात्रि' भनिन्छ [३]।

असोज शुक्लको अष्टमीलाई महारात्रि भनिन्छ । चतुर्दशी उदय भएको कार्तिक कृष्ण औंसी (लक्ष्मीपूजा गर्ने दिन) लाई कालरात्रि भन्दछन्, जुन पर्वमा तारा कालीको विशेष उपासना गरिन्छ ।

भाद्र कृष्ण अष्टमी (कृष्ण जन्माष्टमी) को दिन योगमाया विन्ध्यवासिनीको पनि जन्मदिन भएकोले त्यो दिनलाई मोहरात्रि भनिएको छ [४]।

चैत्र शुक्ल नवमी (रामनवमी) मंगलवार युक्त छ भने क्रोधरात्रिको संज्ञा दिइन्छ [५] । यी चार रात्रिलाई चण्डिकाको रूप नै मानेर चण्डी सप्तशतीको पहिलो अध्यायमा ब्रह्माले निद्रारूपिणीको स्तुति गर्दै भन्दछन्- "कालरात्रि महारात्रि मोहरात्रिश्व दारुणा" [६]

यस्तै मंसीर महिनाका कृष्णपक्षको अष्टमी तिथि महाकाल स्वरूप हो, जसलाई घोररात्रि भनिन्छ [७]।

फागुनको कृष्ण एकादशीको दिन शुक्रवार अथवा मंगलवार पऱ्यो भने त्यो पर्वलाई अ॰न्नारात्रि भनिन्छ [८]।

ज्येष्ठ शुक्ल दशमी उदयदेखि मध्य रात भेट्टाउँछ र जोर नक्षत्रमध्येको नक्षत्र शुक्र वा मंगलवार परेको छ भने त्यसलाई तारारात्रि भनिन्छ [९]।

फागुन कृष्ण चतुर्दशीले आधा रात भेटेको छ भने शिवरात्रि हुन्छ र अझ त्यो दिन शुक्रवार पनि परेको छ भने सर्वसिद्धिदायक रात्रि हुन्छ [१०]।

चैत्र महिनाको अष्टमी संक्रान्तियुक्त छ भने त्यसलाई सिद्धिरात्रि भनिन्छ [११]।

त्यस्तै, वैशाख शुक्ल तृतीया (अक्षय तृतीया) शुद्ध छ र जोर नक्षत्रमध्ये एक तथा मंगल वा शुक्रवार युक्त छ भने दारुणरात्रि भनिन्छ र त्यो दिन देवी-सेवा गर्दा सर्वसिद्धि पाइन्छ [१२]।

त्यसैगरी प्रत्येक महिनाको कृष्णपक्षको अष्टमी तिथि मंगलवार युक्त होस् अथवा नहोस् तापनि 'देवी-रात्रि' भनिन्छ [१३]।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त पर्वहरू शक्तिसंगम तन्त्र आदि प्रमुख तन्त्रशास्त्रमा वर्णित छन् । यसबाहेकका देवीजयन्ती (जन्मतिथि) को वर्णन तन्त्रशास्त्रमा वर्णन गरिएको छ, त्यसको छोटो दिग्दर्शन गरिन्छ ।

वैशाख पूर्णिमा (चण्डी-पूर्णिमा) चण्डिकाजयन्ती [१४], मंसीर कृष्ण चतुर्दशी बाला (शोडषी) जयन्ती [१५], वैशाख कृष्ण चतुर्दशीको अर्धरात्रि सिद्धिलक्ष्मीजयन्ती [१६], माघ शुक्ल पंचमी (श्रीपंचमी) सरस्वतीजयन्ती [१७], मंसीर पूर्णिमाको मध्यान्ह अन्नपूर्णाजयन्ती [१८], श्रावण पूर्णिमा गायत्रीजयन्ती [१९], आषाढ शुक्ल नवमी पार्वतीजयन्ती [२०], विजयादशमी अपराजिताजयन्ती [२१] आदि भगवतीका विशेष जयन्ती र अन्य पर्वको संक्षिप्त चर्चा गरियो ।

तांत्रिका पूजा-आजा गरिने देवीका मन्दिरहरूमा माथि उल्लिखित पर्वहरूमा साधारण पूजा त नित्यपूजाभित्रै परिहाल्छन् । त्यसबाहेक आफ्नो इष्टसिद्धिको लागि विशेष पूजा तथा था पूजा (महापूजा) को व्यवस्था पनि गरिएको पाइन्छ [२२] ।

नेपालमा वैदिक धर्मको प्रभाव त शुरुदेखि नै छँदै थियो । किराँतभन्दा पनि पहिले प्रवेश गर्ने गोपालक जाति शैव भइदिएका र पशुपति शिवका उनीहरू उपासक भएकोले त्यसपछि पशुचारक जातिकै रूपमा घुम्दै उपत्यकामा आउने किराँत जाति पनि शैव गोपाल जातिको प्रभावले कट्टर शैव नै भए । लिच्छविहरू प्रवेश गर्दा पशुपति त प्रसिद्ध नै थिए तापनि समकालिक भारतका गुप्त सम्राटहरु वैष्णव धर्मका विशेष अनुयायी भएकोले र गुप्त लिच्छविको सामाजिक सम्बन्ध पछि नै भए तापनि भारतमा वैष्णव धर्मको अभ्युदय मात्रै होइन कि प्रशस्त प्रभाव पनि ईशापूर्व नै जमिसकेकोले र सुरक्षा निम्ति नेपाललाई विशेष राजधानी बनाए पनि वैशालीसम्मकै प्रशासन गर्ने राजा जयदेव प्रथमले अथवा तीभन्दा पनि अघिकै राजाले यहाँ वैष्णव धर्मको चतुर्व्यूहको प्रतिरूप चार नारायणको स्थापना गरेको थाहा पाइन्छ ।

ईशाको प्रथम शतीमा यहाँ मूर्तिकलाको शुरु भएको र मथुरा शैलीको प्रभाव परेको देखिएकोले मथुरा क्षेत्रमा नै जन्मेको वैष्णव सम्प्रदायको यहाँ प्रवेश भएको मान्न बाधा पर्दैन । साथै एउटै नारायणको स्थापनाले पुग्नेमा चार नारायण- बलराम, कृष्ण, प्रद्युम्न, अनिरुद्धहरू, (चतुर्व्यूह) को प्रतीकको स्थापनालाई बल मिल्छ । त्यसमध्ये शेषनारायण फर्पिङ् (बलराम), गरुडनारायण (कृष्ण) चाँगु हुन् भने इचंगु र विचङ्गुमध्ये अरू दुई व्यूह हुन् भन्ने थाहा पाइन्छ ।

लिच्छविकालमा शक्तिपीठहरुको त्यति लामो सूची हामी यहाँ पाउँदैनौं तापनि सम्राट गृहपतिकी पत्नी विजयस्वामिनीले विजयेश्वरी भगवती (जो आज पलाञ्चोक भगवतीको नाउँले प्रसिद्ध छन्) स्थापना गरिन् । यो लिच्छवि राजा मानदेव प्रथमकै पालामा हो । त्यसपछि दरबारभित्रै श्रीदेवी (लक्ष्मी) को नाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंशुवर्माले रकम छुट्याएको शिलापत्र पाइन्छ । त्यसबेला राजदरबारभित्र लक्ष्मीको स्थापना र पूजाको परम्परा चलेको कुरा हर्षचरितबाट पनि थाहा पाइन्छ । त्यसपछि नै शक्ति उपासना गर्ने परम्परा नेपालमा व्यापक रूपमा चल्यो र मध्यकालमा तान्त्रिक विधि-विधानको उपासना र साधना-पद्धतिकै बढी मान्यता भएकोले लक्ष्मी, तारा, काली आदि देवीहरू नै राजाहरूका कुलदेवी र आशुफल दिने देवीका रूपमा सर्वत्र पुजिन थाले ।

आयु, धन, यश, राज्यवृद्धिका निम्ति उपास्य देवी पीठहरू नै भएकोले राज्यमा विघ्नबाधा आइपर्दा देवीहरूलाई नै भाकल गरी विशेष पूजा गर्ने चलन चलेको थाहा पाइन्छ ।

कर्णाटककी कुलदेवी तुलजाको दैनिक पूजाआजा र बलिदान गर्ने राजा हरिसिंहदेव तीनपाटन कोटमा आइबसेको बेला परलोक भएपछि नै नित्यपूजा गरिने उक्त तुलजाको यन्त्र सीधा सुरक्षाको दृष्टिले काठमाडौं ल्याइयो । कान्छी रानी देवलदेवीले यो काम गरिन् । योभन्दा अगाडि दोलखातिर जान लागेका अन्य परिवारका व्यक्ति र धनमाल रजगाउँका माझीले लुटिसकेको र जेलमा थुनेको खबर देवलदेवीले पाइसकेकी थिइन् भन्ने अनुमान हुन्छ ।

हरिसिंहदेवको निधनको निश्चित मिति थाहा नपाइएता पनि १३२४ ई. तदनुसार वि. सं. १३८१ पौषमा सिमरौनगढ ध्वस्त भएको र त्यसको लगभग एक वर्षपछि १३८२ को माघ महिनाको कुनै दिन हरिसिंहदेवको तीनपाटन कोटगाउँमा मृत्यु भयो । काजक्रिया सकेर नै देवलदेवी उपत्यकामा आइन् । यो आगमन फागुनको शुरूमा भयो होला र फागुन शुक्ल दशमीसम्म सानो मन्दिर तयार गरी तुलजाको स्थापना गरियो होला ।

उपर्युक्त तर्क प्रस्तुत गर्नुपर्ने कारण यहाँ किन पऱ्यो भने काठमाडौं तलेजुको मन्दिर ने. सं. ६८४ (१६२०) माघ कृष्ण दशमीका दिन श्री महेन्द्र मल्लले तलेज्यूको ठूलो मन्दिर बनाई स्वर्ण गजूर राखे भन्ने र त्यसै दिन मन्दिरको प्रतिष्ठा भयो भन्ने स्पष्ट उल्लेख भएका ठ्यासफुहरू प्राप्त छन् । किन्तु श्रीतलेज्यूको वर्ष-बन्धन पर्व भने फाल्गुण कृष्ण दशमीका दिन एक महिनापछि मात्र गरिन्छ ।

देवीका जन्मजयन्ती र विशेष पर्वहरूको उल्लेख गर्दा फागुन कृष्ण दशमीको विशेषता पाइँदैन । मन्दिरको गजूर राखेर प्रतिष्ठा गर्ने काम माघ कृष्ण दशमीमै सम्पन्न भइसकेको छ । प्रतिष्ठा गर्ने विधिमा गजूर राख्ने ठाउँबाट छिराई देवताको स्थापना गरी त्यसपछि मात्रै गजूर राख्नुपर्छ । यसकारण तुलजाको नयाँ मन्दिर प्रवेश र मन्दिरको प्रतिष्ठा उक्त दिन नै भइसकेपछि एक महिना बितेपछि मात्र वर्षबन्धन पर्व किन ?

श्रीतुलजाको यो भव्य मन्दिर बनेपछि स्वयं तुलजा आकाशमार्गबाट यहाँ बस्न आइन् भन्ने किम्बदन्ती छ । हुनत यस्तै कुरा पाटनकी तुलजाको निम्ति पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनिन्छ । तथापि काठमाडौंको मन्दिर प्रतिष्ठा र वर्षबन्धन पर्व, जो आजसम्म पनि परम्परागत रूपमा सम्पादन गरिदैछ, यो अन्तरले श्रीतुलजाको नेपाल उपत्यका प्रवेश र यहाँ पहिलो स्थापना-पूजा फागुन कृष्ण दशमीका दिन भएको ऐतिहासिक तथ्यलाई अम्ल्याउँछ । यो दिन रत्न मल्लले काठमाडौंमा शुरू गरेको दिन भन्न पनि मिल्दैन । किनकि तुलजा उनका लागि पनि नयाँ देवी होइनन् र तुरुन्तै मन्दिर बनेन । मन्दिर बनेको भए पनि नयाँ भव्य मन्दिर बनाई प्रतिष्ठा गरी तुलजाको स्थापना भएपछि त्यसै दिन मन्दिर वा देवीको वर्षबन्धन हुनुपर्थ्यो । यसो नभएको कारणले नेपाल प्रवेशको दिन नै फागुन बदी दशमी (वि. सं. १३८३) हो भन्ने निष्कर्षमा पुगिन्छ ।

तीनपाटन कोटगाउँ यो लेखकको घरबाट ५/६ कोश टाढा पर्दछ र त्यहाँ तीनपाटन कोटदेवीको नाउँमा एउटी देवीको पूजाआजा हुन्छ । परन्तु ऐतिहासिक दृष्टिले अध्ययन नगरिएको हुँदा तत्सम्बन्धी विशेष कुरा भन्न सकिएन ।

श्री महेन्द्र मल्लले आफ्नो जन्मदिन पारेर यो पर्व राखे भन्न पनि मिल्दैन । उनको जन्मदिनको था पूजा (महापूजा) आश्विन कृष्ण त्रयोदशीमा पर्दछ ।

श्रीतलेजुको पूजा-पर्वका दिनहरू :

श्रीतलेज्यूको नित्यपूजाको प्रवन्ध राजा रत्न मल्लको पालादेखि नै चलेको हुनुपर्छ । परन्तु सधैंजसो युद्धरत र दह्रो प्रशासनिक व्यवस्था मिलाउँदैमा समय गएको र ठूलो आयस्रोत पनि नबनेकोले रत्न मल्लबाट स्थायी कीर्तिको रूपमा देखिने मठमन्दिर आदि पाइँदैन । त्यसपछिका सूर्य मल्ल र अमर मल्लबाट पनि उल्लेखनीय कीर्ति रहेको पाइँदैन । अमर मल्ल मनोरञ्जनपट्टि बढी चाख राख्ने हुँदा उनका पालामा भोजभतेर खाने जात्राहरू निकै चलेको कुरा वंशावलीबाट थाहा हुन्छ । त्यसपछि महेन्द्र मल्लले टक छापी भोटसँगको व्यापार बढाएको हुँदा निकै कोष जम्मा भएकोले नयाँ भव्य मन्दिरहरू बनाई अमर कीर्ति राखे ।

नित्यपूजाः-

श्रीतलेजुको नित्यपूजा गर्न साढे बयालीस रोपनी जग्गा राखिएको देखिन्छ । यो स्थायी गुठी राख्ने पनि महेन्द्र मल्ल नै देखिन्छन् । उनीभन्दा अगाडिका राजाहरूद्वारा गुठी राखिएको नदेखिएकोले र पुराना गुठीको अनुसन्धान गर्दा यक्ष मल्लकै पालादेखिका प्रमाणहरू पाइएको तथा पछिका कागजपत्रहरूमा प्राचीन राजाका गुठीको व्यवस्था उल्लेख गरी यथास्थितिमा राखिएको पाइनुले पनि महेन्द्र मल्लभन्दा अघिका राजाले गुठी राखेनन् ।

पर्वहरूः-

(१) प्रत्येक महिनाका अष्टमी पर्वहरू (शास्त्रीय)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) प्रत्येक महिनाका चतुर्दशी पर्वहरू (शास्त्रीय)
(३) प्रत्येक महिनाका पूर्णिमा पर्व (शास्त्रीय)
(४) मेष संक्रान्ति पर्व (दीपमाला गुठीबाट खर्च हुने (प्रताप मल्ल)
(५) वैशाख कृष्ण अष्टमी दमनारोहण पर्व (दमनारोहण गुठी)
(६) वैशाख शुक्ल चौथी पर्व (ड्वागला गुठी)
(७) वैशाख शुक्ल पूर्णिमा (चण्डी-पूर्णिमा) जगज्जय मल्ल स्था पूजा गुठी
(८) ज्येष्ठ शुक्ल पञ्चमी पर्व (मातृका वर्षबन्धन), यी मातृकाहरू तुलजा मन्दिरभित्र नै स्थापना गरिएका छन्)
(९) दशहरा ज्येष्ठ शुक्ल दशमी पर्व (शास्त्रीय पक्षमा ताराराात्रि) ५१ रोपनी गुठी छ
(१०) ज्येष्ठ शुक्ल पूर्णिमा– जयप्रकाश मल्ल था पूजा (जन्मजयन्ती)
(११) आषाढ कृष्ण दशमी- श्री ५ रणबहादुर शाह था पूजा (जन्मोत्सव पर्व)
(१२) आषाढ शुक्ल षष्ठी- श्री राजा नृपेन्द्र मल्ल था पूजा (जन्मोत्सव पर्व)
(१३) आषाढ शुक्ल नवमी– श्री पार्थिवेन्द्र मल्ल राजाको था पूजा (जन्मोत्सव पर्व)
(१४) आषाढ शुक्ल पूर्णिमा- श्री भूपालेन्द्र मल्ल था पूजा गुठी (जन्मोत्सव पर्व)
(१५) श्रावण कृष्ण चतुर्दशी– पवित्रारोहण पर्व गुठी (शास्त्रीय पर्व)
(१६) श्रावण शुक्ल द्वादशी- गुम्फो गुठी (विशेष फूल चढाउने पर्व)
(१७) भाद्र कृष्ण अष्टमी पर्व, ६ था पूजा गुठी (श्री ५ गीर्वाणयुद्ध विक्रम शाह)
(१८) भाद्र शुक्ल चौथी, ड्वागला गुठी था पूजा (श्रीगणेशजयन्ती पर्व)
(१९) भाद्र शुक्ल अष्टमी (कागे अष्टमी पर्व) लक्ष्मी व्रतारम्भ
(२०) भाद्र शुक्ल नवमी पर्व (६ था पूजा गुठीबाट) - श्री ५ गीर्वाण
(२१) भाद्र शुक्ल द्वादशी पर्व, तलेज्यू दुका गुठी पर्व (इन्द्रजात्राको शुरु)
(२२) आषाढ शुक्ल त्रयोदशी पर्व, ठूलो नीर (ल) कमल गुठी
(२३) भाद्र शुक्ल १३ त्रयोदशी पर्व, ठूलो नीर (ल) कमल गुठी
(२४) भाद्र शुक्ल १३ त्रयोदशी पर्व, सानु नीर (ल) कमल गुठी
(२५) भाद्र शुक्ल पूर्णिमा पर्व (पोशाक फेर्ने गुठीबाट खर्च हुने)
(२६) आश्विन कृष्ण त्रयोदशी पर्व (श्रीराजा महेन्द्र मल्ल था पूजा जन्मोत्सव गुठी)
(२७) आश्विन कृष्ण अष्टमी पर्व- श्री महालक्ष्मी था पूजा गुठी (तलेजुभित्र नै आवाहन गरिने र १५ दिनको लक्ष्मी व्रत समाप्ति पूजा)
(२८) आश्विन शुक्ल परेवा (घटस्थापना) देखि दशमी (टीका) तक दीपमालिका गर्ने श्रीराजा प्रताप मल्ल दीपमालिका गुठी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२९) आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक पूर्णिमातक (कार्तिक स्नान) दीपमाला गुठी श्रीराजा प्रताप मल्ल
(३०) कार्तिक कृष्ण औंसी (लक्ष्मीपूजा) पर्व, तीन तिहार गुठीबाट
(३१) मार्ग कृष्ण परेवादेखि पञ्चमीसम्म पाँच दिनको पर्व, लाथों था पूजा गुठी
(३२) मार्ग कृष्ण अष्टमी पर्व, ६ था पूजा गुठीबाट (भैरवाष्टमी)
(३३) मार्ग कृष्ण दशमी, दीपमाला (प्रताप मल्ल) गुह्येश्वरी जात्रा पर्व
(३४) मार्ग कृष्ण चतुर्दशी (बालाचतुर्दशी पर्व, ऐ गुठीबाट) (श्री बाला त्रिपुरासुन्दरीजयन्ती पर्वको था पूजा)
(३५) मार्ग शुक्ल पंचमी पर्व, ६ था पूजा गुठी (श्री ५ गीर्वाण)
(३६) मार्ग शुक्ल द्वादशी पर्व ६ था पूजा गुठी (श्री ५ गीर्वाण)
(३७) मार्ग शुक्ल पूर्णिमा पर्व हुलकुल गुठीबाट था पूजा पर्व (धान्यपूर्णिमा)
(३८) पौष कृष्ण चतुर्दशी पर्व, गुँगुर गुठीबाट
(३९) पौष शुक्ल पूर्णिमाको पर्व, पुष्प गुठीबाट
(४०) माघ कृष्ण अष्टमी पर्व
(४१) माघ बदी चतुर्दशी पर्व
(४२) माघ औसी पर्व श्री प्रताप मल्ल था पूजा गुठी
(४३) माघ शुक्ल पंचमी (श्रीपंचमी) सरस्वतीजयन्ती
(४४) फागुन कृष्ण षष्ठी खम्बा गुठीको पर्व, ६ था पूजा गुठीबाट पनि खर्च हुने
(४५) फागुन कृष्ण चतुर्दशी पर्व, शिवरात्रि पर्व, बालाचतुर्दशीबाट पनि खर्च जाने पर्व र ६ था पूजा गुठीबाट पनि खर्च हुने
(४६) चैत्र कृष्ण चतुर्दशी पर्व, (पिशाच चतुर्दशी) भद्रकाली जात्रा, घोडे जात्रा (विशेष रूपले देवी पूजा पर्व)
(४७) चैत्र शुक्ल अष्टमी पर्व- हुलकुल गुठीबाट हुने पूजा (ताराजयन्ती) नवमी पर्छ ।

उपर्युक्त पर्वपूजाको तालिकाबाट हामीलाई दुई किसिमको पूजापर्वको ज्ञान हुन्छ । एउटा देवीहरूको जन्मजयन्ती आदि पर्व र राजा महाराजाहरूको जन्मोत्सव पर्वमा चिरायु र निरोगिताको निम्ति गरिएको महापूजाहरू । यही महापूजालाई स्थानीय भाषामा था पूजा भनिन्छ । 'था' को शब्दार्थ स्थायी पनि हुन सक्छ, नेवारी भाषामा अन्त्याक्षर लोप गरी सजिलो र छोटो उच्चारण गर्ने परिपाटी चलेको छ । यसैकारण नै प्राचीन नेवारी भाषा अन्त्यका वर्णलोप र कठिन उच्चारणलाई सरल गराउन खोज्दा भएका प्रयोगले आज उनीहरूलाई नै बुझ्न दुरूह भएका छन् ।

प्रायश: रत्न मल्लका पालामा नै प्रारम्भिक रूपमा पूजा चलेको अनुमान गरे तापनि वर्तमानमा खडा रहेको भव्य मन्दिर राजा महेन्द्र मल्लले खडा गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र त्यसपछि था पूजाको गुठी व्यवस्था गर्नेहरुमा राजा महेन्द्र मल्ल (१) राजा प्रताप मल्ल (२) राजा नृपेन्द्र मल्ल (३) राजा पार्थिवेन्द्र मल्ल (४) राजा भूपालेन्द्र मल्ल (५) राजा जगज्जय मल्ल (६) राजा जयप्रकाश मल्ल (७) श्री ५ रणबहादुर शाह (८) श्री ५ गीर्वाणवाट रहेको ६ वटा गुठी (९) को परम्परा देखिन्छ ।

किन्तु श्रीतुलजा भवानीको लागि रहेका गुठीको संख्या ६४ छन् । यी गुठीहरू बेला-बेलामा गरिने था पूजा र विशेष पर्वका लागि एवं बत्ती बाल्ने तेल, घिउ, भोगको लागि खीर चढाउने, विशेष पूजामा सिन्दूर चढाउने, बोका चढाउनको लागि, पवित्रारोहण, दमनारोहण आदि शास्त्रीय पर्व चलाउनका लागि राखिएका देखिन्छन् । यसबाहेक बजी (चिउरा) स्याबजी (स्म्य बजी) आदि तुलजाका पूजारी, सुसारे, जोशी, विसेटहरूलाई भोज खान खुवाउन छुट्टै गुठी जग्गा राखिएको देखिन्छ ।

खीर, ठूलो लड्डु, सौरी रोटी, (सूर्य जस्तो बाटुलो आकारको हुन्छ र जो प्रसाद पनि भनिन्छ) आदि नैवेद्य चढाउन पनि बेला-बेलामा छुट्टै गुठी राखिएको देखिन्छ र यस्ता गुठीको अलग्गै लालमोहर गरी जग्गा पर सारिएको कारणले गुठी जग्गाको संख्या अलग नै राखी लगत बनेको छ ।

पुराना लालमोहर, ताँवापत्र, शिलापत्रहरूका आधारमा लगत व्यवस्था गर्न गुठी कचहरी अड्डा खडा भई १९०९ सालसम्म जम्मा हुन सकेका कागजहरूबाट लगत बनाउने काम भयो । यसमा त्यति व्यवस्थित रूप नआई आवश्यक आम्दानीमा पनि एकरूपता नआएको कारणबाट यो काममा प्रगति नभएको थाहा हुन्छ ।

त्यसपछि पुन: १९४५ सालतिर ठेकेदारसँग भएका लालमोहर, सनद, ताँवापत्रहरू र उसले बाली असूल गर्ने गरेको लगत हेरी त्योभन्दा केही अगाडि सनद, लालमोहरका आधारमा गुठी खर्च अड्डा खडा भई केही पर्वपूजा चलाउने गरेको स्रेस्ता समेत जम्मा गरी लगत बनाउने काम भयो । त्यस लगतमा पनि कुत निर्धारण गर्दा जग्गा हेरी हुनुपर्ने आयस्ता नआएको अनुभव गरी १९५२ सालपछिका बजार भाउले अन्नको भाउ कायम गरी १९७३ सालमा सबै पुराना लगत र ठेकेदारहरूबाट समेत लगत लिई नयाँ लगतहरू बनाउने काम भएको देखिन्छ । त्यसमध्ये पनि कतिपय जग्गा पत्ता लगाउने काम नभएको र अन्य पनि कतिपय कारणले लगत बनाउन बाँकी रही काम बाँकी फाइलको नाउँमा थुप्रै पोकाहरू आज पनि गुठी लगत अड्डामा राखिएका छन् । परन्तु लगत तयारी रूपमा बनिनसके तापनि लगत बनाउनुपर्ने स्थितिका प्रामाणिक कागज सामग्री सकलन चाहिं भइसकेकोले आम्दानी असूल हुने व्यवस्था भइसकेको देखिन्छ । नयाँ नापीमा गम्ना जग्गा पनि दर्ता भएको नयाँ लगतबाट देखिन आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९७३ सालमा गुठीका लगतहरू तर्जुमा गर्दा आँठा सरह अवल, द्वयम हेरी धान र गहुँ रकम लिने कुनै गुठी छन् भने धान, गहुँ, रकम कम गरी पूजालाई चाहिने बोका, राँगा, तेल, घिउ, रकम पनि लागेको लगतबाट देखिन्छ ।

साल १९७३ को लगत बनाउँदा धान रु. १। को ।५ पाँच पाथी र गहुँ रु. १। को ।३।४ तीन पाथी चार माना कायम गरी त्यसबाट हुने नगदले तात्कालिक बजार भाउमा सामान खरीद गर्दा बढी हुन आएको रकम जम्काबाट पुनः जग्गा नै खरीद गरी गुठीको स्थायी सम्पत्तिको वृद्धि गर्ने व्यवस्था थियो । त्यसबखत नगद राख्ने बैंकहरू नभएका र अन्य सरकारी रकमका ढुकुटीमा देवस्व नमिसाउने परम्परागत नियम हुँदा बढी रकम जम्मा हुन आएमा जग्गा नै खरीद गरी राखिदिनु भन्दा अर्को विकल्प पनि थिएन ।

यस्तै चोरी, जारी, हत्या आदि पंचपातकमा गनिएका अपराध गर्ने व्यक्तिहरुबाट आएको दण्ड, कुण्ड एवं .सर्वस्व गरिएको रकम पनि राजस्वमा नमिसाएर देवस्वमा नै खर्च गर्न दिइन्थ्यो, अर्थात् यस्ता रकमहरू गुठीमा नै जान्थ्यो । आम्दानीबाट खर्च नपुग्ने गरी न गुठी जग्गा नै राखिएका थिए, न अपुग हुने गरी खर्च गर्ने, खर्चको लगत नै तयार हुन्थे । वचत धेरै हुने गुठीका रकमबाट र नपुग हुने ठाउँमा राजा-महाराजाहरूले अरू जग्गा पनि थप गरी पाठशाला, अस्पताल, पुल, पाटी पौवा, धर्मशाला बनाउने काममा नै खर्च गर्ने गरेको पाइन्छ । अविकसित अवस्थाका सामाजिक कार्यहरू पनि थोरै नै हुन्थे र यस्ता कार्यहरू सम्पादन गर्न गुठीकै धन खर्च गरिन्थ्यो तथा मर्मत संभारको निम्ति पनि गुठी जग्गा नै पर सारिएका हुन्थे । धर्म गर्ने भावनामा पाटी, पौवा, हिटी, धर्मशाला, चौतारा, बाटो, पुल, घाट र देवालयहरू निजी सम्पत्ति खर्च गरेर व्यक्तिहरूले नै बनाउँथे र आफ्नै पसीनाबाट आर्जेको स्थायी सम्पत्ति मर्मत संभारको लागि गुठी राखी संरक्षण गर्ने दायित्व सरकारलाई सुम्पन्थे ।

यसरी गुठी राख्नेमध्ये एक-दुईले बाबु, आमा, आफ्नो उद्धार होस् भन्ने हेतुले राखेको भनेका छन् भने धेरैजसो व्यक्तिले मन्दिर, पाटी, पौवा बनाई शिलापत्र, ताँवापत्रहरू राख्दा भनेका छन्:-

काले वर्षतु पर्जन्यः पृथिवी तस्य शालिनी
देशोऽयं क्षोभरहितः ब्राहमणा सन्तु निर्भयाः ॥

(ठीक ठीक बेलामा वर्षा होस्, पृथ्वी धनधान्यले पूर्ण हुन् । देश दुःख, क्लेश, चिन्ताले रहित होस्, ब्राम्हणहरू निर्भय भएर आफ्नो कर्म-धर्म गर्न पाऊन्)

यस्तै राजा सधैं धर्मात्मा हून्, जनता सुखी हुन् र निरोगी हुन् भन्ने उद्देश्यले मैले यो मन्दिर बनाएँ भनेका शिलापत्रहरू पनि पाइन्छन् ।

✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पादटिप्पणी

१. नवशक्ति समायुक्तं नवरात्रं तदुच्यते
एकैव देवदेवेशि ! नवधा परिनिष्टिता ॥
वो धनं भोजनं चैव शयनं परिवर्तनम्
चतुर्धा नवरात्रं तु भोग मोक्ष प्रदोभवेत् ॥
इषे प्रवोधनं चैव माघमासेकय भोजनम्
चैत्रेतु शयनं प्रोक्तं आषाडे परिवर्तनम् ॥
दुर्गा भगवती मेतच्चतुर्विध महोत्सवे
जानताकजानता वापि दृढ भक्ति परायणः ॥
नीराहारी फलाहारी त्वेक भक्तो जल व्रत
नक्तभोजी हविष्याशी यया शक्त्या समर्चयेत् ॥

–कुलागम रहस्य तन्त्र

(नौ ओटी देवीको उपासना गर्ने दिन हुनाले नवरात्र भनिन्छ । एउटै नै छन् तापनि नौ किसिमकी देवीको रूप पाइन्छ । उठ्ने, खाने, सुत्ने र कोल्टो फिर्ने, यी चार नवरात्रि मानिन्छन् । यो नवरात्रमा देवीको सेवा व्रत गर्नाले यो लोकको सुख र पछि मोक्ष पद पाइन्छ ।

असोज (दशैं) को नवरात्रि जागा हुने, माघ शुक्लको नवरात्रिमा भोजन गर्ने, चैत्र नवरात्रि (दशैं) मा सुकला हुने र असारको नवरात्रिमा कोल्टे फर्कने कुरा तन्त्रशास्त्रमा लेखिएको छ । यी चार नवरात्रिमा कही नखाएर अथवा फलाहारी भएर वा एक छाक मात्रै खाएर, पानी मात्रै खाएर राति मात्रै खाने तथा हविष्यान्न मात्रै खाएर दृढ भक्तिवान् भएर यथाशक्ति देवीको पूजा गरोस्)

२. वीररात्रिर्महारात्री क्रोधरात्रिस्तथैवच,
तथैव चाककचलारात्रिस्तारारात्रि तथैवच ।
शिवरात्रिर्दिव्यरात्रिर्दारुणा च यथाक्रमात्
कथ्यते परमेशानि ! शृणु सावहिता भव ॥

–शक्तिसंगम तन्त्र

३. चतुर्दश्यां संक्रमेच कुलर्क्षे (जोर नक्षत्र) कुल बासरे (मंगल शुक्रबार)
अर्धरात्रे तदा योगो वीररात्रिः प्रकीर्तिताः ॥

–शक्तिसंगम तन्त्र

४. शुक्लाष्टमी चाश्विनस्य नवरात्रं तु तस्य वै
'महारात्रि' महेशानि ! कालरात्रि शृणुप्रिये ॥
दीपोत्सव चतुर्दश्यां त्वमायां योग एव तु
"कालरात्रि" महेशानि ! तारा काली प्रियङ्करी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्माष्टमी महेशानि । मोहरात्रिः प्रकीर्तित
कृष्णवतार पर्यन्तं ताराया शाप ईरितः ॥
जाते कृष्णा वतारेतु निर्मुक्ता तारिणी परा
उत्पत्तौ विन्ध्यवासिन्या विद्युत्रूपे समागते ॥
श्रीमहातारिणी विद्या महारण्य परायणाः
स्मरणादेव संसिद्धा मतिपुष्टिकरी परा ॥

५. चैत्रमासे नवम्यां च शुक्लपक्षे च भूसुते [1]
क्रोधरात्रिर्महेशानि । तारारूपा भविष्यति ॥

६. कालरात्रि, महारात्रि, मोहरात्रिश्व दारुणा ॥

– सप्तशती १।

७. मासि मार्गशिरे प्राप्ते कृष्णाष्टम्यां महेश्वरी
महाकाल स्वरूपा च 'घोररात्रि' प्रकीर्तिताः ॥

८. प्राप्ते फाल्गुनके मासं कृष्णैकादशिका तु या
भृगु भौमयुक्ता चेत् स्यात् "अचलारात्रि" ईरिताः ॥

९. ज्येष्टीया दशमीयुक्ता दशयोग समन्विता
कुल ऋक्ष समायुक्ता ग्रहणं यदिचेद् भवेत्
"तारारात्रिस्तु" संप्रोक्ता भाग्यादेव तु लभ्यते ॥

१०. फाल्गुने कृष्णपक्षे तु ह्यर्धरात्रौ भृगौ शिवे
शिवरात्रिस्तु सञ्जाता सर्वसिद्धिः प्रदायिनी ॥

११. अष्टमी चैत्रमासीया संक्रमेण समन्विता
सिद्धिरात्रिरितिख्याता तारा काली समाकुला ॥

१२. तृतीया माधवे शुद्धाः कुलवारर्क्ष संयुता
दारुणा कीर्तितादेवि । सर्वसिद्धीश्वरी परा ॥

१३. अष्टमी प्रतिमासस्य कृष्णपक्षस्य पार्वती
भौमयुक्ता तथा ऋक्षयुक्ता वा केवला च या
देवरात्रिरितिख्याता सर्वसिद्धि प्रदायिका ॥

– शक्तिसंगम तन्त्रे

१४. वैशाख शुक्ले शुभ पूर्णिमायां
श्रीचण्डिका प्रेय समुद् भवासीत् ।
तस्मिन्दिने श्रीजगदम्बिकाया
मान्या जयन्ती किल शाक्त वर्गौः ॥

---

[1] कुलवार- मंगल र शुक्रवार । कुल नक्षत्र- जोर नक्षत्र कुल नक्षत्र हुन् । चौथी, अष्टमी, द्वादशी, चतुर्दशी तिथि कुल तिथि भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. मार्गेकृष्णे चतुर्दश्यां श्रीबाला सुन्दरी परा
प्रादुर्भूता तदा मान्या श्रीबालाया महोत्सवः ॥

१६. वैशाखस्य सितेपक्षे ह्यर्धरात्रौ महेश्वरी
'सिद्धिलक्ष्मी' समुत्पन्ना नृसिंहस्य समीपतः
तस्मिन् काले चतुर्दश्यां जयन्ती मान्यतां बुधैः ॥

१७. माघे शुक्ले च पञ्चम्यां प्रादुरासीत् सरस्वती ॥

१८. शुक्ल पक्षे पूर्णिमायां मध्यान्ने मार्गशीर्षके
समुत्पन्ना महामाया ह्यन्नपूर्णा स्वरूपिणी ॥
तद्दिने चान्न कूटाद्यैर्मान्यस्तज्जन्मनोत्सवः ॥

१९. शुक्ल पक्षे पूर्णिमायां श्रावणे ह्यरूणोदये
समुत्पन्ना चादि विद्या गायत्री सूर्यमण्डलात् ।
तस्याजयन्ती तत्काले मान्या स्नानादि तर्पणैः ॥

२०. आषाढे नवमी शुक्ले पार्वती परमेश्वरी
मेनका गर्भतो जाता तदा चक्रार्थनादिभिः
साधकै सर्वदा मान्य पार्वती जननोत्सवः ॥

२१. इषेशुक्ले दशम्यांतु दिवसे चापराजिता
प्रादुरासीत् राघवस्य यात्रा विजयकारिणी ॥
तस्या तद्दिवसे मान्यः सर्वैस्तज्जननोत्सवः ॥

२२. भाद्र कृष्णाष्टमी रात्रौ विन्ध्याचल निवासिनी
प्रादुरासीत्तदा तस्या जयन्ती मान्यतां बुधैः ॥

– तन्त्रसंग्रहे

यसरी विभिन्न महिना, पक्ष र तिथिहरू भगवतीको जन्मजयन्तीका रूपमा तन्त्रशास्त्रहरूले विशेष पर्व मनाई पूजा-वन्दना गर्न निर्देशन गरेको पाइन्छ, जुन पर्वदिनहरू शक्तिको विशेष रूपले मान्यता गर्ने नेपाल देशका हिन्दूहरूले आजसम्म मान्दै आएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीदिगुतलेजु : काठमाडौं

काठमाडौं शहरको प्राचीन दरबारलाई आजभोलि हनुमानढोका राजदरबारको नाउँले जान्न सकिन्छ। यसको प्राचीन नाउँ गुन (ण) पो थियो। स्थानीय भाषामा 'पो' को अर्थ दरबार हुन्छ र गुन (ण) चाहिं राजा गुणकामदेवले वनाएको भन्ने होला।

हनुमानको मूर्ति ढोकामा स्थापना गर्ने राजा प्रताप मल्ल हुन्। यसपछि नै यो दरवारको नाउँ हनुमानढोकाको नाउँले प्रसिद्ध भएको हो।

उपर्युक्त दरबारकै पश्चिमपट्टिको लङमा बाहिरबाटै देखिने गरी श्री देगुलि तलेजुको मन्दिर बनेको छ। उचाइको परिमाणले दरबार विभिन्न बुर्जाहरू र त्यस क्षेत्रभित्रका मन्दिरहरूमध्येमा श्रीतुलजा मन्दिरपछि यो दोस्रोमा गनिन्छ। पुरानो नाप लेखिएको कागजमा यो दिगुलि तलेजुको उचाइ ६२ हात लेखिएको छ।

दरबारकै एउटा महत्त्वपूर्ण अङ्गको रूपमा निर्मित यो मन्दिरको जग चाहिं छुट्टै उठाइएको छ। पुरातन वास्तुशास्त्रानुसार दरवारको निर्माण गर्दा वरिपरि परखालले घेरेर बीच-बीचमा बाहिर-भित्रको गतिविधिमा सुरक्षात्मक दृष्टि दिन्थे।

दिगुलि तलेजुको निर्माणविधिको अवलोकन गर्दा यस्तै कोट्ट-अट्टालिका (बुर्जा) को रूपमा जग लगाइएको अनुमान हुन्छ। मजबूत, ठूलो गाहारो लगाएर चौकोर कोटा हुने गरी यसको निर्माण गरिएको छ र तल्लो तलामा राखिएको झ्यालसमेत पुरिने गरी पछि माटाले भरिएको छ। त्यसमाथि दलिन राखेर तलो छापिएको छ र त्यसभन्दा माथि पुनः गाहारो उठाएर दोस्रो तला छापिएको छ।

यो दोस्रो तलाका कक्षहरूमा प्रवेश गर्ने ढोका पनि घुमाउरो पाराले राखिएको छ र भित्रका कोठाहरूमा दुर्गरक्षाको निम्ति रहने प्राचीन हतियार धनुष, वाण, भाला, वर्छीहरू राखिएका छन्। यसबाट पनि यो बुर्जाकै रूपमा निर्माण गरिएको रहेछ कि भन्नुपर्छ।

पहिलेको जस्तै दलिन छापेर वनाएका तलामाथि मुख्य मन्दिरको जग उठाइएको छ र तीनतले छाना भएको मन्दिरको निर्माण भएको छ।

जुनबेला तीनतलामाथिको बुर्जा सुरक्षाको निम्ति मात्र प्रयोग हुन्थ्यो त्यसबेला माथि चढ्ने काठको भरेङ लागेको हुँदो हो। त्यस बुर्जालाई नै मन्दिरको रूप दिएपछि त्यसमा दैनिक पूजाआजाको लागि जान सजिलो भरेङको आवश्यक पर्‍यो तथा पूजाका सामान, भाँडाबर्तन राख्ने ठाउँ र आवश्यक जात्रापर्व चलाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेला अस्थायीरूपमा पुजारी पनि वस्न हुने गरी त्यही मन्दिरको जगलाई सहायक हुने गरेर भित्रपट्टिको चोकबाट अर्कै चौकोर घर उठाइएको पाइन्छ ।

हाल मन्दिर भएको तलामा पुग्न यही सहायक घरको रूपमा पछि निर्माण गरिएको ठाउँबाट काठको भऱ्याङ् चढेर जानुपर्छ ।

तेस्रा तलामाथि नेपाली शैलीको यो भव्य मन्दिर निर्माण गर्न जग कमजोर नहुने किसिमले तलैदेखि गाहारो उठाइएको हुनाले नै यस ठाउँमा उक्त मन्दिरको रचना हुनसकेको हो ।

तेस्रो तलालाई मन्दिरको जगको रूपमा राखेर त्यसको पूर्वपट्टिको भागमा वास्तविक मन्दिरको जग लगाइएको छ । अगाडि (पश्चिमी) भागमा फराकिलो ठाउँ छाडिएको छ । नागरशैलीका मन्दिरहरू निर्माण गर्दा मन्दिरको अग्रभागमा सभामण्डप वा आस्थानमण्डपहरू बनाउने कुरा वास्तुशास्त्रमा उल्लेख भएको पाइन्छ । जुन मण्डपहरूमा भक्तजनहरू वसून् भन्ने र मूल देवताका सहचारी अन्य देवताको स्थापना गर्नुपर्ने भएमा पनि ठाउँ पुगोस् भन्ने हेतुले मन्दिरसँगै जोडेर मण्डप बनाउने परम्परा विकसित भएको थियो ।

यो मन्दिर दरवारभित्रकै भएकोले सार्वजनिक रूपमा यसको स्थिति थिएन । साथै मल्ल राजाहरूको देवाली गर्ने (कुलदेवता) एवं इष्टदेवताको यो मन्दिर भएकोले राजकुल बाहेक अरूले दर्शन गर्न पाउने परम्परा पनि थिएन । तथापि यस मन्दिरको पश्चिमाभिमुखको प्राङ्गण भने तीस-चालीस मान्छे अटाउने गरी बनाइएको छ ।

मन्दिरको निर्माणशैली:-

मन्दिर निर्माण गर्ने विभिन्न शैली र विधाहरू हाम्रा प्राचीन वास्तुशास्त्र, पुराण, आगमशास्त्र र तन्त्रहरूमा प्रशस्त वर्णन गरिएको पाइन्छ तापनि मध्यकालिक मन्दिर-निर्माण-कलामा नेपाली शैलीले नयाँ विधाको जन्म दिएको छ । दुई, तीन, पाँचतले छानाको निर्माणशैलीलाई विद्वान्हरूले छत्रे शैली (प्यागोडा) को नाउँ दिएका छन् । किन्तु न छाता जस्तो गोल छाना नै यहाँ छ, र न यो शैलीको रूप हुबहु चीन-जापानका प्यागोडासँग मिल्छ ।

मण्डपशैलीको विकसित रूप नेपालका मन्दिरको निर्माणशैलीलाई नेपाली शैली नै भन्नु उपयुक्त होला जुन वैदिककालदेखिकै परम्परा छ ।

नेपालका विशिष्ट देवमन्दिरहरू श्रीपशुपतिनाथ, तुलजा भवानी, पाटन तथा काठमाडौंका मत्स्येन्द्रनाथ, मीननाथ आदि मन्दिरहरू यस्तै नेपाली शैलीको विशेषता बोकेर निर्माण भएका छन् ।

वास्तुशास्त्रको मन्दिर-निर्माण प्रविधिमा, जग (भुइँबाट माथि उठाइएको चौतारो) माथि हुन्छ । मन्दिरको बाहिरी गाहारो र त्यसभित्र वरिपरि प्रदक्षिणापथ.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसभित्र चारै दिशामा चार ढोका राखेर उठाइएको भित्री गाहारो र त्यसभित्रको चौकोर कोठाको बीच भाग पारेर मूल देवता स्थापना गर्ने कुरा उल्लेख भएको पाइन्छ। यस्तो भित्री कोठालाई गर्भगृह भन्दछन्।

मूर्ति, लिङ्ग, कति लम्बाइ-चौडाइको नाप राखेर बनाइन्छ, त्यसअनुसार नै गर्भगृहको लम्बाइ-चौडाइ पनि हुनुपर्छ। खास गरेर शिवलिङ्ग स्थापना गर्दा गर्भगृहको मध्यभाग पारेर गरिने हुँदा लिङ्गको नापअनुसार नै मन्दिरको गर्भगृह हुनुपर्ने शास्त्रीय विधान छ।

देगुलि तलेजु, तलेजु, श्रीपशुपतिनाथ, श्रीमच्छिन्द्रनाथ आदिको मन्दिर-रचनाशैली एकै किसिमको भए पनि के फरक पाइन्छ भने श्रीपशुपति, श्रीमत्स्येन्द्रको दर्शन गर्दा बाहिरका ढोकाबाट भित्र पसेपछि वरिपरि घुम्न हुने गरी बनाइएको प्रदक्षिणापथमा उभिएर गर्भगृहमा विराजमान मुख्य देवताको दर्शन पाइन्छ। तलेजु, दिगुतलेजु आदि दुई-चार मन्दिरमा भने प्रदक्षिणापथमा पुगेर पनि मुख्यदेवताको दर्शनबाट वञ्चित रहनुपर्छ।

तान्त्रिक साधनाबाट विशेषरूपले उग्र उपासना गरिने देवीपीठहरूमा दीक्षा प्राप्त नगरेका व्यक्तिहरूलाई दर्शन-स्पर्शन गर्न नदिने परम्परा रहेको छ। शाक्तसम्प्रदायका देवीहरूको विग्रह निर्माण गर्दा पनि भयावह वा यौन उत्तेजनायुक्त उन्मुक्त शैलीहरूमा रचना गरिने कारणले पनि गोपनीयता राखिएको हुन्छ। तान्त्रिक साधनाद्वारा अभिचारक्रिया (मारण, मोहन, उच्चाटन, वशीकरण) आदि उग्र क्रिया सम्पादन गर्ने ठाउँमा राखिने देवताहरू पनि उग्ररूप प्रतिविम्वित हुने गरी निर्माण गरिएका हुनाले आगमघरभित्र रहेका यस्ता देवमूर्तिको पनि दर्शन सुलभ हुँदैन।

कुलदेवताको पूजा गर्ने परम्परा प्रायशः सबै जाति र वर्गमा पाइन्छ। ब्राह्मण वा क्षत्रियका कुलदेवता भएको ठाउँमा पनि अरूले जान पाउँदैनन्। कुनै वर्गविशेषका कुलपूजामा त त्यसै कुलका स्त्री र बालकहरूलाई पनि दर्शन र प्रसादग्रहण गर्न निषेध गरिएको पाइन्छ।

दिगुलि तलेजु मल्ल राजाहरूकी कुलदेवी हुन्। यिनको पूजा दीक्षा प्राप्त गरेका राजोपाध्यायद्वारा सम्पादन हुन्थ्यो र दैनिक उपासना पूजामा राजाहरू स्वयं पनि उपस्थित हुन्थे। कुलदेवीको रूपमा उपास्य दिगुलि तलेज्यूको दैनिक उपासनामा सम्मिलित हुने गरी दरवारभित्रैबाट जाने-आउने सुविधायुक्त ठाउँमा मन्दिर निर्माण गरिएको पाइन्छ। यसबाट राजा र राजपरिवारको दैनिक पूजामा सम्मिलित हुने कुरा अनुमान हुन्छ।

साधारण परिवारहरूको पनि कुलदेवता राख्ने प्रायशः घरकै अलग कोठाहरू हुन्छन्, जहाँ सबैको प्रवेश संभव हुँदैन। बाहिर ठाउँ बनाई दिवाली पूजा गर्ने समाजको पनि कुलदेवताको दीयो, घण्ट, चमर आदि विशेष प्रतीक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखेको कोठामा मात्रै पनि पस्न नदिने चलन छ । प्रायश: धेरै जातिको कुलपूजा गर्दा गुप्तरूपमा नै सम्पादन गरिन्छ ।

उपर्युक्त परम्पराभित्रै सबैले दर्शन गर्न नपाइने गरी स्थापना गरिएकी मल्ल राजाकी इष्टदेवी दिगुलि तलेजुको यहाँ चर्चित मन्दिर माथि उल्लेख गरिएको नेपाली शैलीमा वनेको छ र यस्ता मन्दिरहरूलाई यहाँको स्थानीय भाषा (नेवारी) मा तब देवल वा त: देवर भन्ने चलन छ । तव देवल या त: देवलको अर्थ ठूलो मन्दिर भन्ने हुन्छ र गर्भगृहयुक्त मन्दिरलाई नै ठूलो मन्दिरको लेखामा राखिएको पाइन्छ ।

मल्लवंशको राज्य उन्मूलन भए तापनि उनीहरूकी इष्टदेवी तथा कुलदेवीको पूजापर्व, जात्रा-उत्सवमा कुनै पनि विघ्नवाधा परेन । पूर्वकालका राजाहरूको धार्मिक आस्था र सांस्कृतिक मान्यतामा आधारित चाडपर्व र उत्सवहरूलाई पूर्ण स्वीकार गरी शाहवंशी राजाहरूले आफ्ना तर्फबाट पनि झन् विशेष योगदान गरेको कुरा अध्ययनबाट थाहा हुन्छ ।

आजभोलि श्री दिगुतलेजुको पूजाआजा राजा प्रताप मल्लका पालादेखि राजगुरुपुरोहित हुँदै आएका रिमाल थर हुने र राजोपाध्याय भनिने ब्राह्मणहरूबाट चलेको छ र वर्तमान अवस्थाका पुजारी वयोवृद्ध पं. रमेशानन्द राजोपाध्याय हुनुहुन्छ । किन्तु यिनीहरूभन्दा अगाडि आचाजु (तान्त्रिक विधिकर्तावर्ग) ले पूजा गर्दै आएको कुरा अनुश्रुतिबाट थाहा हुन्छ । कारणवश यो परम्परा टुट्यो । यसपछि नै राजोपाध्याय पुजारी भए ।

मल्ल राजाहरूकी कुलदेवीको रूपमा पूजित हुने देवीको कस्तो रूपको मूर्ति छ भन्ने कुरा देख्न नपाइने हुनाले भन्न सकिदैन । दरबारभित्रकै एक भागमा वनेको मन्दिर भएकोले राजकुलसँग अन्तरङ्ग सम्वन्ध रहेको कुरामा भने विवाद छैन ।

मल्ल राजाहरूको प्रशस्तिमा 'श्री मन्मानेश्वरीष्ट देवता वरलब्धप्रसाद' भन्ने उल्लेख भएको पाइन्छ । यी मानेश्वरी भनिएकी कुलदेवी हुन् र राजकुलकी यति सम्मान्य देवीको मन्दिर कहाँ छ भन्ने कुरा खोजीकै विषय रहेको छ । देगुलि तलेजु भन्ने शब्दबाट त कुनै देवताको नाउँ बुझ्न सकिदैन र देवीको कुन नामको कस्तो आसन, मुद्रा, कति हात, के के आयुध र बाहन छन्, त्यो कुरा थाहा नपाईकन कुन रूपकी देवी हुन् भन्ने कुरा पनि जानिदैन । देगुली शब्दबाट दिवाली गरिने देवताको मात्र बोध हुन्छ ।

त्यस्तै मल्लकालकी इष्टदेवी मानेश्वरीको बारेमा पनि सप्रमाण जान्न सक्ने स्थिति छैन । अनुमानकै आधारमा भन्नु निरर्थक हुन्छ ।

वर्तमान अवस्थामा मानेश्वरी नामकी देवीको प्रसिद्धि टङ्गाल ठाउँमा पर्ने र मानेश्वरी नभएर मानेश्वरको मन्दिर हो भन्ने इतिहासका अन्वेषकहरूको कथन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यदि मानेश्वरी त्यो देवता नभएर मानेश्वर (शिव) को मन्दिर हो भने मानेश्वरीको रूपमा मल्लहरूकी इष्टदेवी श्री देगुलि तलेजु नै हुन् कि त भने शङ्का उठ्नु अस्वाभाविक हुँदैन । किन्तु यससम्बन्धी अवधारणालाई टेवा दिने अभिलेखहरू आजसम्म उपलब्ध नभएकाले यो पक्षलाई अहिले अघि बढाउन सकिएन ।

मानेश्वरको मन्दिरभित्र पनि गुप्त रूपमा मानेश्वरीको स्थापना गरिएको छ ।

मन्दिरको निर्माणकाल:-

मल्ल राजाहरूकी इष्टदेवी भएकीले यिनको स्थापना र पूजा कमसेकम रत्न मल्लको पालादेखि नै भएको मान्नुपर्छ । बान्ह टोलका वैश्य-ठकुरीको प्रशासन रहेको काठमाडौंमा ती सामन्तवर्गको विनाश गरी राज्य कायम गर्दा सधैं सतर्क स्थितिमा रहनुपर्ने र भक्तपुर राजकुलको अधीनस्थ रहेका पाटन, काठमाडौंका सामन्त र उनीहरूका समर्थक बसेका शहरमा आफ्नो प्रभुत्त्व जमाई एउटा स्थिर राज्य कायम गर्ने उद्देश्यमा नै रत्न मल्लको समय गएको अनुमान हुन्छ, जुन कारणले गर्दा नयाँ कलाकृति जन्मन सकेनन् ।

नयाँ राज्यव्यवस्थाको छुट्टै कोष, सेना, अड्डाखाना, मन्त्री, भारदारहरूको व्यवस्था र सुरक्षा एवं किल्लानिर्माण आदिको काम-कार्यवाही गर्दागर्दै रत्न मल्लका उत्तराधिकारीको समय पनि व्यतीत भएको अनुमान हुन्छ । रत्न मल्लका नाति अमर मल्लका पालामा विभिन्न जात्रा, नाचहरूको प्रवन्ध गरिएको ग वंशावलीले बताउँछन् तापनि स्थिर कीर्तिको लागि मन्दिर, प्रासादहरू बनेको भने पाइदैन ।

यसपछि चाँदीको टक छापी भोटसँग व्यापार गरी धनोपार्जन गर्नेमा राजा महेन्द्र मल्लको नाउँ आउँछ, जसका पालमा तलेजु मन्दिर, महेन्द्रेश्वर, चतुर्मुखी विष्णु, (हाल जगन्नाथ मन्दिरका नाउँले प्रसिद्ध) र कोटिलिङ्गेश्वरको मन्दिरहरू निर्माण गरिए, जुन मन्दिरहरू भव्य र कलात्मक छन् ।

उपर्युक्त सुन्दर एवं गरिमायुक्त कलाकृति भएका मन्दिरबाहेक दरबारका अन्य आवश्यक भागहरू पनि उनले अवश्यै बनाएका होलान् । किन्तु त्यसको विवरण जान्ने साधन पाइएको छैन ।

राजा महेन्द्र मल्लपछिका राजा सदाशिव मल्ल उद्दण्ड स्वभावका थिए भनेर इतिहासकारले उल्लेख गर्छन् । उनलाई हटाई उनका भाइ शिवसिंह मल्ल राजा भए ।

महेन्द्र मल्लकै समयमा तलेजु जस्ता भव्य मन्दिर बनेका हुँदा उनको समयमा पनि बाबुको जस्तै स्थायी कीर्ति रहने कलाकृति सिर्जने भावना जाग्रत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो होला, जसको फल तलेजु मन्दिरकै उचाइसँग सादृश्य राख्न खोज्ने देगुतलेजुको मन्दिर निर्माण गरे ।

भाषा वंशावली (पृ.६९.) मा यो मन्दिर शिवसिंह मल्लले बनाए भनी लेखिएको छ र देगुतलेजु गुठी सम्बन्धी श्री ५ प्रताप सिंहले राखेको भन्ने एउटा कागजको प्रमाण श्री गौतमवज्रले पनि उल्लेख गरेका छन् । राजा शिवसिंह मल्लले नित्यपूजाको निमित्त गुठी राखेको र त्यसपछि राजारानीहरूले गुठी राखेकोलाई समर्थन गर्दै गुठी व्यवस्थित गरिएका लालमोहर एवं जग्गाका लगतहरू गुठी लगत तथा तहवील कार्यालयमा पनि सुरक्षित छन् । यसबाट वंशावलीका कुराको समर्थन हुन्छ ।

पहिले दरबारको यसै भागको कुनै कोठामा कुलदेवी 'देगुतले' को स्थापना गरिएको अनुमान हुन्छ । शायद पहिले सानो मन्दिरको रूपमा रहेको हुँदो हो । पछि त्यसै ठाउँमा यो मन्दिर बन्यो होला ।

दरबारक्षेत्र सुरक्षाको दृष्टिले आबादीको बीच भागमा बनाइन्थे । प्राचीनकालमा काठमाडौं शहर दक्षिण कोलीग्राम र उत्तर कोलीग्रामको नाउँले विभक्त रहेको प्रमाण पाइन्छ । आज पनि नेवारी भाषामा दक्षिणक्षेत्र यंगाल र उत्तरीक्षेत्र यम्बुको नाउँले पुकारिन्छ र यसको विभाजन यही दरबार क्षेत्रको सीमा बाँधिएर नै भएको छ ।

वर्तमान हनुमानढोकासम्बन्धी अनुसन्धान गर्ने गौतमवज्र वज्राचार्यले यो दरबारलाई लिच्छविकालीन दरबार हो भन्ने तर्क दिनुभएको छ । त्यसो भनिहाल्ने ठोस प्रमाणको अझै अभाव नै छ ।

तथापि हनुमानको मूर्ति स्थापनाले हनुमानढोका नामकरण हुनुभन्दा अगाडि यो दरबारलाई 'गुन पो' भनेर पुकारिने गरिन्थ्यो भन्ने प्रमाण चाहिं प्रशस्त पाइएका छन् ।

वंशावलीअनुसार राजा गुणकामदेवले खड्गाकार कान्तिपुर शहर बसाली बीच भागको खाली ठाउँमा यो दरबार बसाइएको हुनुपर्छ भन्ने कुरा मैले पहिले नै उल्लेख गरिसकेको छु (इन्द्रजात्रा) । यस कुरामा अब तर्क बाँकी रहदैन । संभव छ त्योभन्दा अगाडि पनि यहाँ कुनै राजकुलको दरबार भएर भग्नावशेष भएकै ठाउँमा पछिल्लो दरबार बनेको होस् । परन्तु नाउँले उपर्युक्त कुराको नै पुष्टि हुन्छ तापनि लिच्छविकालको अभिलेखको प्राप्तिले गर्दा पुरानो दरबारकै ठाउँ हो भन्ने शङ्का पनि नहुने होइन ।

मन्दिरको निर्माणविधा:-

चारपाटे आकारमा चारैतिर ढोका राखी यो मन्दिर बनेको छ । ती द्वारहरू भने तीनमुखे छन् । तीनमुखे द्वार बनाउने कुरा पनि शास्त्रीय विधाअनुसार नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ । शक्तिको आराधना गर्ने यन्त्रहरू प्राय: तीनकुने हुन्छन् । हवनकुण्ड पनि देवीको लागि योन्याकार नै बनाइन्छ ।

द्वारहरूमा अनेकन् फूलबुट्टा, मुण्डमाला, नाग, पूर्णकलश, देवदेवीका प्रतिमा आदि कलात्मकरूपमा कुँदिएका छन् । यसको मूल प्रवेशद्वार दक्षिण फर्केको भए तापनि मन्दिरमा जोरिएर बनेको घरले छोपिएको छ । उत्तरपट्टिको प्रवेशद्वार बाहिरको सडकबाट देखिन्छ । त्यस द्वारमा अङ्कित अभिलेखद्वारा त्यो ढोका चाँदीको पाताले मोरेर सुन्दर बनाएको चाहिं श्री ५ गीर्वाणयुद्धविक्रम शाहदेवले हो भन्ने कुरा जान्न सकिन्छ ।

यस मन्दिरको तल्लो छानामुनिका कुँसलहरू विशेष प्रकारका देखिन्छन् । दुइटा सिंहका टाउकामाथि टेकेर एउटा हिंस्रक जन्तु बसेको देखिन्छ, जसका मोटा मोटा ठूला भेडाकै जस्ता सिङ पनि छन् । त्यसका पनि टाउकामाथि टेकेर कुँसल उभिएको छ ।

प्रत्येक टुँडालमा कमलका फूलमाथि उभिएका शिवपार्वती कुँदिएका छन् । कमलका फूलमुनि पशुपंक्षीका जस्ता शिर भएका देवताहरू विभिन्न मुद्रामा अंकित छन् ।

प्रत्येक तलामा ग: झ्याल र याकु झ्याल जडिएका छन् । छानाको किनारमा, जसलाई प्रचलित भाषामा 'मोहमत' भन्ने चलन छ, त्यसमा लहरै घण्टहरू झुण्डयाइएका छन् । काठमाडौंमा मोहमतलाई तोरण भन्ने चलन छ ।

छानाका चारै कुनामा धातुनिर्मित पताकाहरू लर्काइएका छन् । बीचको भाग खाली देखिन्छ । सबैभन्दा माथिल्लो छानामा पताकाका सट्टा लाम्चिला देखिने कलशहरू झुण्ड्याइएका छन् ।

छानाको उपरिभागमा सुनका गजूर छन् । प्रायश: गजूरहरू एक, तीन, पाँच, सात, एघार अर्थात् बिजोर पारेर राखिएका हुन्छन् । गजूरबाट मूल देवताको कति रूपमा उपासना गरिन्छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ ।

यहाँ प्रताप मल्लको अभिलेखमा छ गजूर छन् भन्ने कुरा लेखिएको छ भनेर गौतमवज्रले उल्लेख गरेका छन् । तर चार कुनामा चार र बीचको ठूलो गजूर समेत पाँचवटा मात्र हालमा देखिन्छन् ।

शिवसिंह मल्लले यसको निर्माण गरेपछि यसलाई विशेष सजाउने कारू प्रताप मल्लले गरे । त्यसपछि पनि यसको बेला-बेलामा मर्मत संभार भयो होला ।

हाल २०४०/०४१ सालमा पनि श्री ५ महाराजाधिराज सरकारबाट हुकुम बक्सेबमोजिम यस मन्दिरको तलैदेखि काठ, इँटा आदि फेर्दै मन्दिरको छानासम्म मर्मत गर्ने काम गुठी संस्थानबाट भएको छ ।

बाहिरको कलात्मक अभिव्यक्ति रचनाशैली, यसमा भएका अभिलेख, यी देवतालाई चण्डिका, भवानी, कालिका आदि नामले सम्वोधन गरी बनाइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तुतिहरूबाट शक्तिमन्दिर भन्ने कुरा स्पष्टै थाहा हुन्छ । नाउँ भने देगुलितले भनिएकोले दिवाली गरिने कुलदेवी भन्ने अर्थ मात्रै जानिन्छ र 'जु' भन्ने सम्मानवाचक शब्द जोडिएकोले विशिष्ट देवीको रूपमा मान्यता गरिएको पनि ज्ञात हुन्छ ।

यिनै देगुतले भवानीपट्टि हात जोरेर परिवारसहित बसेका प्रताप मल्लको ठूलो शिलास्तम्भ उत्तरपट्टिको डबलीमा ठडिएको छ । यसबाट प्रताप मल्लको विशेष भक्तिभाव देगुतलेजुप्रति रहेको पनि थाहा हुन्छ ।

देगुतलेजुबारे वंशावलीको कथन साथै किम्वदन्ती पनि छः-

श्रीतलेजु भवानीको मूलमन्त्रको दीक्षा गद्दीका हकदार राजाले मात्र लिन पाउँथे । यो दीक्षा उत्तराधिकारीलाई अन्तिम समयमा मात्र दिइन्थ्यो । राजा हुने रहरमा बाबु लक्ष्मीनरसिंह मल्ललाई बन्दी बनाई प्रताप मल्ल राजा भए । लाजले उनी कहिल्यै बाबुअगाडि परेनन् ।

अन्तिम समयमा तुलजाको दीक्षामन्त्र दिन प्रताप मल्ललाई बाबुले बोलाए । किन्तु भारदारहरूले अनेकन् तर्क गरी जान दिएनन् । यो थाहा पाएपछि एउटा गोल्फु मगाई त्यसैमा दीक्षामन्त्र फुकी लक्ष्मीनरसिंह दिवंगत भए । दुर्भाग्यवश तलेजुको दीक्षा लिने मौका प्रताप मल्लले पाएनन् । त्यो मन्त्र फुकेको गोल्फु पनि पाटन पुग्यो । तुलजाको सक्कली यन्त्र पनि सिद्धिनरसिंहकी आमाले पहिले नै उडाइसकेकी थिइन् । पछि गुरुबाट मूलमन्त्रको दीक्षा लिएर पाटनमा तुलजाको स्थापना गरियो । काठमाडौंका राजाहरू यो परम्परागत दीक्षाविधानबाट वञ्चित रहे । अनुश्रुतिमा भने तुलजाको मन्त्र फुकेको गोल्फु इनारमा फालियो, त्यहीं प्रताप मल्लले दिगुतलेजु मन्दिर बनाए भन्ने कुरा पनि चलेको पाइन्छ ।

उपर्युक्त अनुश्रुति तथा वंशावलीका कथनमा कति सत्यता छ, त्यो निर्णय गर्ने साधन पाइँदैन । पाटनको राजगद्धीको स्थिरता एवं तुलजाको विशेषरूपले पाटनमा पनि मान्यता होस् भन्ने उद्देश्यले यो कथा रचिएको पनि हुनसक्छ । यस्तै कथा रत्न मल्लको बारेमा पनि प्रचलित छ । यक्ष मल्लसँग भाइभारदारका जोडले गर्दा राय मल्लले पाउनुपर्ने दीक्षा रत्न मल्लले लिए । यसैकारण भाइभाइमा फूट भयो । रत्न मल्ल दीक्षाको प्रभावले गर्दा काठमाडौंका राजा भए इत्यादि ।

परन्तु काठमाडौंका राजाहरूको काठमाडौंमा तलेजुको स्थापना र पूजा एवं दीक्षाको परम्परा रहेको भएता पनि भक्तपुरकी तुलजालाई पनि विशेष सम्मान गर्थे भन्ने कुरा काठमाडौंका राजा नरेन्द्र मल्ल, लक्ष्मीनरसिंह मल्ल आदिले रत्नजटित ताटंक (कर्णफूल) भक्तपुरकी तुलजालाई चढाएका थिए भन्ने कुरा त्यसै गहनामा भएको अभिलेखबाट थाहा पाइन्छ । त्यस्तै प्रताप मल्लभन्दा ४ पुस्ताअगाडिका शिवसिंह मल्लले नै देगुतलेजुको भव्य मन्दिर बनाएको र प्रत्येक राजाले गुठी राखेको कुराबाट तलेजुभन्दा देगुतलेजुको मान्यता पनि कम थिएन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने थाहा हुन्छ । खेत, पाखो जग्गा, गुठीको संख्या र पूजापर्वको तुलना गरी हेरेमा पनि देगुलितेलजुको मान्यता र महत्त्व थाहा पाइन्छ ।

वास्तवमा तुलजा र देगुलितले देवीको आप्त प्रमाणहरूको अनुशीलन गर्दा के चाहिं बुझिन्छ भने देगुलितले परम्परागत कुलदेवीको रूपमा उपासित हुँदै आइन् । साधनापक्षको विश्लेषण गर्दा तुलजा भवानीको उपासनामा प्रयोगपक्ष बढी रहेको र अभिचार क्रियाहरू तुलजाको सान्निध्यमा सम्पन्न ठूला ठूला कार्यसिद्धि गरिएको थाहा पाइन्छ ।

तन्त्रविधान र यसको साधनापक्ष अत्यन्त नै जटिल छ । लिखित विषयवस्तुको अध्ययन र तदनुरूप प्रयोगले मात्रै यसमा पार पाउन सकिंदैन । तान्त्रिक साधनामा गुरुको अत्यन्त नै महत्त्व छ । केवल दीक्षामन्त्र दिने र साधारण बाह्य अर्चनापद्धति सिकाउने गुरु अझै पनि पाउन सकिएला, परन्तु साधनापक्षको गूढ रहस्य दिने साधकहरूलाई सिद्धिदान गर्न सक्ने सिद्ध गुरुहरूको चाहिं नितान्त अभाव भइसकेको छ ।

साधानाक्रममा साधनासिद्ध गुरु भएनन् भने ठूलो विघ्न पर्न सक्छ र उल्टो प्रतिक्रियाले उपासक नै नष्ट हुन पनि सक्छ । यस्ता घटनाहरू विगतका इतिहासमा घटेका थिए भन्ने अनुश्रुति प्रशस्तै सुन्न पाइन्छ ।

असीम श्रद्धा लिएर निर्भयरूपमा योग्य गुरुहरूको निर्देशनमा एकनिष्ठ भएर गरिएको साधनाद्वारा अमोघ सिद्धिलाभ गरी देवत्त्वमा पुग्ने गोरक्षनाथ, मत्सेन्द्रनाथ, जालन्धरनाथ आदि ८४ सिद्धको वर्णन र मान्यता सुन्न पाइन्छ । आजभोलिका युगमा श्रद्धा, आस्था, विश्वासको त अभाव छँदैछ, साथै यस्ता पक्षमा निरन्तर लाग्ने धैर्य पनि असम्भव नै भइसकेको छ ।

विगत युगदेखि नै साधक र साधनापक्षको कमी हुँदै आए तापनि देवी-देवताको राष्ट्रिय मान्यता एवं परम्परागत बाह्य अर्चनाविधि र दीक्षापरम्परा चाहिं आजसम्म पनि जीवित छ । यसमा प्रमुख कारण अतीतका राजाहरूले पूजापर्वका निम्ति बाँधेको व्यवस्था र जग्गा-जमीनका आयस्रोत नै मुख्य हुन् । किन्तु धार्मिक आस्थामा बाँचेका गुठीका जग्गा-जमीनप्रति नयाँ समाजको हेय दृष्टि र अति लोलुपताले गर्दा आयस्रोत घट्तै गएको र रकमी पुजारीहरूको खानदान पनि समयसापेक्ष हुन नसकेकोले देवमन्दिरका पूजापर्वको भविष्य निराशाजनक नै देखिएको छ तापनि देशको सांस्कृतिक धरोहरको समुचित युगानुसारको व्यवस्था मिलाई रक्षा गर्न गुठी संस्थान प्रत्यनशील रहेको छ ।

श्रीदिगुतलेजुका सांस्कृतिक पर्वहरू :

मल्ल राजाहरूका पालामा विभिन्न देवीदेवताहरूलाई विभिन्न पूजापर्व र जात्राको खर्च गर्न दरवन्दीको व्यवस्था गरी ताँवापत्र, लालमोहर खडा गरिएता पनि यस्तो पर्वपूजा, जात्रा चलाउने काम राज्यका तर्फबाट व्यक्तिविशेषलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुम्पिएको हुन्थ्यो । ती गुठी जग्गाको आम्दानी जम्मा गरी काम गर्ने व्यक्ति गुठियार (थकाली) कहिन्थे । कुनै कुनै ठाउँमा जात्रापर्व चलाउने दायित्त्व द्वारे, अमालीहरूको हुन्थ्यो । अमालीद्वारा गुठी जग्गाको रेखदेख गर्ने, त्यस क्षेत्रको प्रशासन गर्ने र ठेकिएका पर्वपूजा गरी जात्रा चलाउने तथा जिम्मा लिएको कार्य सम्पादन गर्ने अड्डा 'अमालकोट कचहरी' नाउँले श्रीपशुपतिनाथको लागि आजसम्म पनि रहेकै छ । उक्त अड्डाका कर्मचारीको दर्जा, काम, कर्तव्यहरूको अध्ययनबाट नेपालको प्राचीन प्रशासनको एक झलक पाइन्छ ।

तुलजा र 'दिगुलितले' आदि विशिष्ट मान्यताप्राप्त देवताको निम्ति पनि गुठियार (ठेकदार) हरूबाटै पर्वपूजा चलाउने गरेको थाहा पाइन्छ ।

नेपालको एकीकरणपछि पनि एक्कासि परिवर्तन गर्नु सम्भव थिएन र देशको आयस्रोत बढाउन र विशाल नेपालमा मिलेको विभिन्न राज्यको भूमिव्यवस्थामा एकरूपता ल्याउन केही नापजाँच गर्नु तथा लगत व्यवस्थित गर्नु आवश्यक थियो । विजीत राज्यहरूमा यथासम्भव प्रशासनिक व्यवस्था मिलाउँदै गएता पनि विशाल साम्राज्यको निर्माणमा संलग्न रहेका नेपालीले सबै प्रबन्ध गर्न सकेका थिएनन् ।

साम्राज्य विस्तारमा ठूलो योगदान गर्ने ब्राह्मण, क्षत्रिय र अन्य जातिलाई विर्ता, वेष, मानाचामल, मरओट, छाप आदि दिएकोले राज्यलाई चोखो आम्दानी रैकर जग्गा कम हुँदै गएको थियो । उत्पादनयोग्य जमीन विर्ता र गुठीमा लागेको र आयस्ता नभई राष्ट्रको कोष खाली भएकोले १८६२ मा देशभरिका विर्ता वेष (वेष वा वेश) तथा गुठीहरू हरण गरिए । यो अपहरणमा पर्ने विशेष व्यक्तिहरूको माग सरकारसमक्ष पुगेमा सट्टाभर्नाको रूपमा अन्यत्रको कालाबञ्जर (जङ्गल र पर्ती) जमीन सट्टाभर्ना दिइयो ।

विर्ता र वेषको लागि यस किसिमको व्यवस्था मिलाइएता पनि धर्मप्राण हिन्दूराज्यमा देवताको गुठी अपहरण हुनु उचित मानिएन र श्रीस्वामी महाराजको निधनपछि नै गुठी जग्गाहरूको सम्पूर्ण लेखा राखी वर्षभरिका पर्वपूजा, जात्रा र विशेष उत्सवका लागि दरबन्दी बनाई ढडडा लालमोहरहरू खडा गरिए तथा र्तावापत्र, लालमोहर हेरी लगत बनाउने कार्य पनि शुरू गरियो । यसै सन्दर्भमा श्रीपशुपतिनाथको र जयवागीश्वरीको दरबन्दीसहितको जग्गाको लगतको १८६७ सालमा लालमोहर गरी पशुपतिका मूल भट्टलाई जिम्मा दिइएको अनुशीलनबाट थाहा पाइन्छ । यस्तै पुरानो लालमोहर ताँवापत्रका गुठी जग्गाहरूको उल्लेख गरी नयाँ ताँवापत्र, लालमोहर खडा गर्ने र नयाँ पर्वपूजाको निम्ति गुठी जग्गाको व्यवस्था गरी ताँवापत्र र लालमोहर गर्ने कार्य पनि श्री ५ गीर्वाणयुद्धविक्रम शाहदेवका पालामा भएको पाइन्छ ।

योभन्दा अगाडि विभिन्न गुठीको व्यवस्था गरी ठेकदार, गुठियार, अमालीबाट चलाइएका पर्वपूजाहरूको ठीक ठीक व्यवस्था हुन नसकेको र नियमित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था निम्ति पर्वपूजाको ठीक-ठीक दरवन्दी खडा गरी पूजापर्व रोकिएमा दरबारमा पुगी जाहेर गर्नुपर्ने र पूजापर्व भङ्ग गराउने व्यक्तिप्रति कडा कार्यवाही गर्ने ताँवापत्र र लालमोहरहरू भएका छन्।

वैशाख शुक्ल तृतीया :

वैशाख शुक्ल तृतीया (अक्षय तृतीया) को पर्व शास्त्रीय पर्व हो। यस पर्वमा श्रीदिगुतलेको वर्षबन्धन (वार्षिकोत्सव) को महापूजा सम्पादन गरिन्छ। विभिन्न सामग्रीका साथै पाँच राँगा र चौवीस बोका वलि दिनुपर्ने र रोटी पकाउने सामानको लागि रू. १२९२।- अन्य नगदी रू. १८७७।- तथा भेटी ५८५।- रू. खर्च हुने दरवन्दी भएकोले यो अरूभन्दा विशेष पर्व भएको देखिन्छ। यो दिन मंगल र शुक्रबार तथा जोर संख्याका नक्षत्रयुक्त भयो भने दारुणरात्रि भन्ने सर्वसिद्धि दिने योग पर्दछ र यो पर्वकालमा नै यहाँ यी देवताको स्थापना भएको थाहा हुन्छ।

वैशाख पूर्णिमा :

प्रत्येक महीनाका अष्टमी, चतुर्दशी, पूर्णिमाहरू सधैं पर्वदिन मानिने शास्त्रीय वचन भएकोले विशेष पूजाको व्यवस्था गरिएको छ। परन्तु वैशाख पूर्णिमा चण्डिकाको जन्मजयन्ती (चण्डी-पूर्णिमा) भएकोले विशेष पूजाको व्यवस्था भएको पाइन्छ।

ज्येष्ठ शुक्ल षष्टी (सिठी नख:) :

ज्येष्ठ शुक्ल षष्टीलाई कुमारषष्ठी भनिन्छ छ र यो पर्व उपत्यकावासी नेवार-समाजको विशेष चाडको रूपमा मनाइने पर्व भएकोले पूजाखर्च र भोजका लागि विशेष व्यवस्था गरिएको छ। कुमार कार्तिकेय र षष्टिकादेवीको विशेष पूजा हुने पर्व हुँदा देवीकै पर्वको रूपमा यसको मान्यता रहेको छ। सिठी पर्व नेवारी समाजमा ठूलै चाडको रूपमा मनाइने परम्परा अद्यावधि पनि छ।

आषाढ पूर्णिमा :

आषाढ पूर्णिमालई गुरुपूर्णिमा भनिन्छ र श्री वेदव्यासको पूजा, गुरुहरूको पूजा र श्रीशिवको गुरुरूप दक्षिणामूर्तिको पूजा हुने विशेष पर्व भएकाले र श्रीदिगुलितले शिवशक्त्यात्मकरूपमा पूजा गरिने देवता भएकोले विशेष पर्वको रूपमा व्यवस्था भएको पाइन्छ।

श्रावण शुक्ल १५ को पर्व :

चतुर्दशी पर्व देवीको निम्ति सधैं उपयुक्त पर्व भएको र श्रावण पूर्णिमा श्रावणी कर्म गरिने तथा उपत्यकाको परम्परामा क्वाँटी चढाउने र खाने पर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोले विशेष पर्वको दरबन्दी गरिएको छ । दिगुतलेमा जस्तै तलेजु र अन्य शक्तिपीठमा क्वाँटी चढाउने व्यवस्था छ र यसको दरबन्दी गरिएको पाइन्छ ।

भाद्र कृष्ण अष्टमी पर्व :

भाद्र अष्टमीलाई 'मोहरात्रि' भन्ने शास्त्रीय नामकरण भएको छ । यो दिन भगवान् श्रीकृष्णको जन्मदिन भएकोले वैष्णवहरूको मान्यपर्व हो भने कृष्णकी योगमाया भगवतीको यशोदाको गर्भबाट यसै दिन जन्म भएको र कंसको हातबाट फुत्केर विन्ध्याचल पर्वतमा विन्ध्यवासिनीको रूपमा रहेकी हुन् भन्ने पौराणिक कथानुसार भगवतीको पनि ठूलो पर्व मानिन्छ । विन्ध्यवासिनीरूपी अष्टादशभुजा भगवतीको जन्मजयन्तीको रूपमा यस दिनको उल्लेख भएको पाइन्छ ।

भाद्र कृष्ण त्रयोदशी :

वौद्ध तांत्रिक परंपरामा यो त्रयोदशीको दिन 'पञ्चदानपर्व' को रूपमा मनाउने उल्लेख भएको छ । नेपालका शाक्त सम्प्रदायमा वौद्ध र शैव दुवै तान्त्रिक ग्रन्थबाट मान्यताप्राप्त पर्व दिनहरूलाई उत्तिकै महत्त्व दिएर मनाउने परम्परा भएकोले विशेष पूजाको व्यवस्था गरिएको देखिन्छ ।

इन्द्रजात्रा (ध्वजोत्सव पर्व) अष्टमीदेखि आ.कृ.पंचमी :

इन्द्रजात्राको ध्वजा भाद्र शुक्ल द्वादशीका दिन खडा गरिन्छ । द्वादशीदेखि आश्विन कृष्ण पञ्चमीतक इन्द्रजात्रा पर्वको समारोह रहने र यस पर्वमा देवीनाच, कुमारीजात्रा, दशावतार नृत्य आदि विभिन्न रमाइलो उत्सव गरिने हुँदा राष्ट्रिय पर्वकै रूपमा यसको महत्त्व छ । विशेष पर्वहरूमा देवदेवीको पूजाआजा, नाचगान, भोजभात र दीपमालिकाहरू गरेर धार्मिक उत्सवका साथै मनोरञ्जन गर्ने प्राचीन परम्परा भएकोले विशेष व्यवस्था गरिएको देखिन्छ ।

भाद्र शुक्ल अष्टमी (कागेअष्टमी) देवीको निम्ति विशेष पूजाआजा गरिने पर्व हो । इन्द्रध्वजा खडा गर्ने लिङ्गको नगरप्रवेश र विशेष पूजा पनि यसै दिन हुन्छ भने धन, ऐश्वर्य दिने राज्यलक्ष्मीको प्रारम्भ पनि यसै दिन शुरू हुन्छ र १५ दिनपछि आश्विन कृष्ण अष्टमीका दिन व्रतसमाप्ति गरिन्छ ।

भाद्र शुक्ल पूर्णिमा :

चतुर्दशीको दिन इन्द्रजात्रा महोत्सव र कुमारीजात्राको शुरू हुन्छ र पूर्णिमाको पर्वमा इन्द्रदहस्नान गर्ने पर्व पर्दछ । इन्द्रजात्राको परम्परागत समारोहको बीचमा पर्ने यो शास्त्रीय पर्वको दिनमा विशेष पूजाको व्यवस्था गरिएको छ ।

आश्विन कृष्ण चतुर्थी :

आश्विन कृष्ण चौथीको पर्व विशेष शास्त्रीय पर्वको रूपमा देखिदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीदेगुलि तलेजुको विशेष पूजा गर्ने यो पर्व कुनै मल्लराजाको जन्मोत्सवपर्व हुनुपर्छ ।

दशैं (नवरात्र पर्व) :

आश्विन शुक्ल परेवा (घटस्थापना) देखि विजयादशमीसम्म नेपालीहरूको सबैभन्दा ठूलो चाड दशैं पर्व पर्दछ । यो दशै दिन भगवतीको पूजा, उपासना, बलिदान आदि गर्ने र राष्ट्रिय पर्वको रूपमा मनाइने पर्व भएको हुँदा उक्त दश दिनको निम्ति विशेष पूजा, बलिदान गर्ने र पूजारी सुसारेहरू, गुठीयार, नाइकेहरूलाई भोज, दशैंको दस्तुर (खर्च) दिने दरवन्दीको व्यवस्था गरिएको छ ।

कार्तिक महीनाभरिको पर्व :

कार्तिक महीनाभरि वत्ती बाल्ने, कार्तिक स्नान, तुलसी-विष्णुको पूजा गर्ने शास्त्रीय पर्व भएकोले वत्ती बाल्ने दरवन्दीको व्यवस्था भएको छ ।

कार्तिक कृष्ण औंसी :

कार्तिक कृष्ण औंसीलाई देवीको महारात्रिको रूपमा विशेष पर्व मानिएको छ । तिहारको लक्ष्मीपूजा गर्ने, दीपमालिका गरी धूमधामसँग लक्ष्मीको आव्हान गर्ने र नेपालका पुरानो परम्परामा सम्वत् (वर्ष) को अन्तिम दिन पनि भएकोले विशेष पर्वको रूपमा पूजा गर्ने दरवन्दी भएको पाइन्छ । यसै दिन समुद्रवाट लक्ष्मी उत्पन्न भएकोले लक्ष्मीजयन्तीको रूपमा विशेष पूजा गर्ने शास्त्रीय परम्परा चलेको छ ।

कार्तिक शुक्ल त्रयोदशी पर्व :

कार्तिक शुक्ल त्रयोदशीको दिनको पूजामा शास्त्रीय पक्ष प्राप्त छैन । यसकारण मल्लवंशी राजाहरूको जन्मोत्सव आदि विशेष पर्व यो दिनमा पर्ने भएको कारणबाट विशेष पूजाको व्यवस्था गरिएको हुनुपर्छ ।

कार्तिक पूर्णिमा :

यो पर्वमा चार्तुमास्य व्रत तथा कार्तिक महिनाको व्रत समाप्त हुने र कार्तिक महिनाभरि दीपदान गरेको पर्वको पनि यसै दिन समाप्त हुने हुँदा विशेष पूजाआजाको निम्ति व्यवस्था गरेको पाइन्छ । यसै दिन त्रिपुरोत्सव शास्त्रीय पर्व पनि पर्ने भएकोले यो पर्वमा विशेष दरवन्दी गरेको देखिन्छ ।

मार्ग कृष्ण अष्टमी पर्व :

सबै महीनाका अष्टमी तिथि शास्त्रले पर्व मानिएको छ । कृष्णपक्षको अष्टमी तिथिमा मंगलबार पनि पऱ्यो भने अथवा नपरे पनि 'देवीरात्रि' भनिने विशेष पर्व मानिन्छ । त्यसमा पनि मार्ग कृष्ण अष्टमीलाई भैरवाष्टमी भनिन्छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरवको जन्मजयन्तीको रूपमा मनाइने पर्व भएको र दिगुतलेज्यूको पूजामा शिवरूप भैरवको पूजा हुने भएकोले विशेष पर्वको उल्लेख भएको छ।

माघ शुक्ल ५ (श्रीपञ्चमी) पर्व :

श्रीपञ्चमी सरस्वती (भगवती) को जन्मजयन्ती भएकोले यो पर्वको दिन वाक्रूपा सरस्वतीको घरघरमा र विद्यालयहरूमा पूजाआजा हुने विशेष पर्व भएकोले यस दिनको पूजालाई दरबन्दी बनाएको देखिन्छ।

माघे संक्रान्ति :

मकर संक्रान्तिको पर्व नेपाली समाजमा घिउ, चाकु, तीलको लड्डु आदि खाने र विशेष चाडको रूपमा मनाउने दिन भएकोले चाडबाडमा प्रयोग गरिने खाद्यसामग्री देवार्पण गर्ने दरबन्दी वनाइएको थाहा पाइन्छ।

माघ शुक्ल त्रयोदशी :

यो दिन पनि शास्त्रीय पर्वको रूपमा नै उल्लेख भएकोले विशेष पूजाको दरवन्दी कायम भएको देखिन्छ।

माघ शुक्ल १५ (पूर्णिमा पर्व) :

पूर्णिमा सवै नै शास्त्रीय पर्वभित्र पर्दछन् र यो पर्व नेपालीहरूको निम्ति माघ स्नानको समाप्ति र श्रीस्वस्थानी भगवतीको विशेष पूजा हुने दिन भएकोले पर्वपूजाको व्यवस्था भएको देखिन्छ।

फागुन कृष्ण अष्टमी :

अष्टमी तिथिहरू सवै पर्व मानिन्छन् तथापि फागुन कृष्ण अष्टमी पर्वको निम्ति विशेष दरवन्दीको व्यवस्था गरेको देखिनाले कुनै राजाको जन्मोत्सव पर्व परेको छ कि भन्ने शंका हुन्छ। परन्तु प्रमाण प्राप्त नभईकन निश्चय गर्न सकिएन।

फागुन कृष्ण चर्तुदशी पर्व (शिवरात्रि) :

शिव र शक्तिको अभेद सम्वन्ध छ। जुन शिव हुन् तिनै शक्ति पनि हुन् भनेर तान्त्रिक साहित्यको दर्शनपक्षले मानेकोले शिवरात्रि शिवको साथै भगवतीको पनि महान् पर्वको रूपमा नै मान्न सकिन्छ। देगुलितलेमा श्रीमन्मानेश्वर र मानेश्वरीको पनि पूजा सम्पादन हुने भएकोले शिवरात्रिको दिन पूजापर्वको विशेष व्यवस्था भएको पाइन्छ।

फागुन शुक्ल १५ (पूर्णिमा) पर्व :

प्रत्येक महीनाका पूर्णिमा तिथि पर्व मानिन्छन्। त्यसमा पनि फाल्गुन शुक्ल पूर्णिमा फागुपूर्णिमाको नाउँले हिन्दूजातिमा प्रसिद्ध चाडको मान्यता छ। होली महोत्सवको यो पर्वको दिनमा विशेष पूजाको व्यवस्था गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चैत्र शुक्ल प्रतिपदादेखि दशमीतकको दशैं पर्व :

शास्त्रमा भगवतीको उपासना गरिने वर्षभरिमा चार नवरात्रिहरू छन् । त्यसमध्ये चैत्र महीनामा पर्ने यो नवरात्रलाई चैते दशैको नाउँले विशेष उपासना र बलि गरिने पर्वको रूपमा नेपालीहरूले परम्परादेखि मान्दै आएका छन् । प्रतिपदादेखि नवमीसम्म प्रतिदिन विशेष पूजापाठ र अष्टमी र नवमीमा विशेषरूपले बलिदिने परम्परा आजसम्म पनि जीवन्त छ ।

तुलजा भवानीको मन्दिरमा प्रत्येक पर्व अष्टमी, चतुर्दशी, पूर्णिमाहरूमा विशेष पूजाको दरबन्दी भएको देखिन्छ र त्यस बाहेक अन्य तिथिहरूमा पनि महापूजाको व्यवस्था छ । परन्तु तुलजाको पर्वपूजाको तुलनामा दिगुलितलेको कम नै देखिन्छ ।

नेपालका मल्ल राजाहरूको परम्परामा देघुरि वा देगुलि नाउँले कुलदेवताको पूजा हुने गर्दथ्यो भन्ने कुरा अनुसन्धानबाट थाहा हुन्छ । परन्तु रुद्र मल्लको निधनपछि पुरानो मल्लवंश टुटेको र स्थिति मल्लदेखि पछिका राजाहरूले आफूलाई पुत्रिकापुत्रको रूपमा कर्णाटकवंशका सन्तान संझेकोले तथा कर्णाटककुलकी इष्टदेवी तुलजा भएकीले तुलजा भवानीको विशेष उपासना गर्न लागे । तान्त्रिक परम्पराका अभिचारक्रिया एवं उग्रसाधना पुरश्चरणहरू प्रयोगात्मक रूपमा तुलजा मन्दिरमा नै सम्पादन हुने गरेको कुरा अनुशीलनबाट थाहा हुन्छ ।

दिवाली (कुलपूजा) गरिने देवी 'दिगुलितले' पनि परम्परागत रूपमा पूजित हुँदै आइन् तापनि तान्त्रिकसाधना र अभिचारक्रियामा तलेजुकै विशेषता रह्यो ।

तुलजा मैथिल क्षेत्रबाट यहाँ आइन् । मैथिल तान्त्रिकहरू, जो तुलजालाई नै मुख्य पीठ मानेर साधना गर्थे, तिनीहरू पनि उपत्यकामा प्रवेश गरेकाले र राज्यका शुभचिन्तकमा तुलजापीठमा नै प्रयोगात्मक पूजा उपासना गर्न उनीहरूले रुचाउने कारणले पनि तुलजाको पर्वपूजा महापूजा (था पूजा) हरूले विशेष ठाउँ ओगटेको अनुमान हुन्छ ।

तुलजाको विशेष अनुष्ठानद्वारा कार्यसिद्धिको चर्चाले गर्दा उपत्यकाका तीनओटै राज्य र बाहिरका सामन्तशासित प्रदेश दोलखा, फर्पिङ्ग आदिमा पनि तुलजाको पूजापरम्परा चलेको छ । दिगुलितलेजुको भने कतिपय ठाउँमा भएका मन्दिर पनि हाल ध्वस्त भइसकेका छन् ।

✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीदिगुतलेजु : पाटन

नेपाल उपत्यकाभित्र मल्ल राजाहरूका तीन राज्य खडा भएपछि मल्ल राजाहरूले कुलदेवता र इष्टदेवताको रूपमा मानिएका देवताको तीनै शहरमा स्थापना गरिनु अनिवार्य भयो । राज्यको भोग गर्न पाइने नपाइने कुरा धार्मिक आस्था र विश्वासमा नै निर्भर मानिने त्यस युगमा इष्टदेवताको पूजा-वन्दनाभन्दा अलग्गै बस्न सक्ने कुरा संभव थिएन । अत: दैनिक पूजाआजा गरिने इष्टदेवताहरू दरबारको क्षेत्रभित्र नै स्थापना गरिन्थे ।

भक्तपुर राज्यभन्दा कतिपय कारणले उत्तम मानिएको काष्ठमण्डप शहर र त्यत्तिकै प्रसिद्ध ललितपुर शहरको राजा बन्न पुगेका रत्न मल्लको ख्याति यसै कारणले अरूको भन्दा बढी भयो र उनले तुलजा भवानीको मन्त्र बाबुबाट प्राप्त गरेको कुरा पनि रत्न मल्लको विशेष बलबुद्धिलाई इङ्गित गर्न चलेको अनुश्रुति हुनसक्छ [१] ।

टोल-टोलकै मालिक भएका वैश्य-ठकुरी सामन्तहरूको सामूहिक बलका अगाडि भक्तपुरका राजाको बल कमजोर थियो भने पाटनको सामन्तकुल पनि त्यत्तिकै प्रभावशाली थियो । काठमाडौंका सामन्तहरू समाप्त गरी त्यसपछि भक्तपुरको राजगद्दीलाई माने तापनि स्वयंको शक्तिले भने बलशाली ठहरिएका पाटनका सामन्त भारदारलाई पनि वश गरी आफ्नो प्रभुत्व रत्न मल्लले जमाएका थिए [२] । यो निकै महत्त्वपूर्ण कुरा थियो ।

रत्न मल्लपछि काष्ठमण्डपकै राजगद्दीलाई माने तापनि स्वतन्त्र राज्यकै जस्तो हर्ताकर्ता बनेका पाटनका वैश्य-ठकुरी भनिने प्रधानहरूको प्रभुत्त्वलाई कुल्चिएर पुन: रत्न मल्लका पाँच पुस्तापछि हुने राजा शिवसिंह मल्लले पाटनका सामन्तहरूलाई पूर्ण विजय गरी पाटनलाई आफ्नो अधीन गरे र छोरा ठाकुर सिंह र उनीपछि अर्का छोरा हरिहरसिंह मल्ललाई त्यहाँको शासक बनाए, जुन पछि छुट्टै राज्य नै बन्यो । हरिहरसिंहका लक्ष्मीनरसिंह मल्ल, सिद्धिनरसिंह मल्ल र ऋद्धिनरसिंह मल्ल तीन भाइ छोरा थिए । जेठा लक्ष्मीनरसिंह काठमाडौंको गद्दीका हकदार हुँदा उनका भाइ सिद्धिनरसिंहलाई पाटनको सामन्त (शासक) को रूपमा शिवसिंह मल्लले नै नियुक्त गरेका थिए । सिद्धिनरसिंहकी आमा लालमती पनि आफ्नो छोरा सिद्धिनरसिंहका साथमा पाटनमा नै बस्दथिन् ।

शिवसिंह मल्ल परलोक भएपछि काठमाडौको गद्दीमा नेपाल सं. ७५१ तिर लक्ष्मीनरसिंह बसे । परन्तु वंशावलीको कथनअनुसार सिद्धिनरसिंह मल्ल ७४० मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै पाटनको राजा भइसकेका थिए । इतिहासकार ज्ञवालीको कथनअनुसार भने, नें. सं. ७६१ मा लक्ष्मीनरसिंह मल्ललाई जेल हाली प्रताप मल्ल काठमाडौंको गद्दीमा बसेपछि मात्र सिद्धिनरसिंह मल्ल पाटनमा स्वतन्त्र राजा भएको कुरा ज्ञात हुन्छ[३]। तर लक्ष्मीनरसिंह र सिद्धिनरसिंहको बीच ७४१ मा स्वतन्त्र राजाको रूपमा सन्धि भएको देखिनाले ज्ञावालीजीको तर्कमा बल छैन [४]।

पाटनका सामन्तलाई पराजित गरी राज्य हस्तगत गर्दा आफ्ना जेठा छोरा ठाकुर सिंहलाई शासक नियुक्त गरेका थिए [५] । त्यसै बेलातिर नै मल्लहरूले इष्टदेवताको रूपमा पूजा गरिने देगुलितलेज्यूको नाउँले प्रसिद्ध देवताको पूजा-उपासना गर्नु आवश्यक भएकोले वंशावलीको कथनअनुसार दक्षिण भारतबाट आएका लम्बकर्ण भट्ट (लक्ष्मीनारायण भट्ट) गुरु थापी देगुतलेज्यूको पाटनमा मन्दिर बनाई नेपाल सं. ७०४ तिर नै तन्त्रोक्त विधानद्वारा प्रतिष्ठाकर्म गरी स्थापना गरेका थिए [६]। परन्तु यो कथनमा पनि मिति चाहिं अशुद्ध छ ।

ठाकुरसिंह परलोक भएपछि अर्का छोरा हरिहरसिंह मल्ललाई राजा बनाई पाटनको गद्दीमा आसीन गराए । यिनी काठमाडौंको गद्दीको पनि हकदार थिए तापनि पिता शिवसिंह मल्ल जीवित रहेकै बेलामा हरिहरसिंह परलोक भए ।

वंशावलीहरूको कथनअनुसार हरिहरसिंह मल्लकी जेठी रानीपट्टिका छोरा लक्ष्मीनरसिंह मल्ल थिए । माहिंली अर्की रानी लालमतीतिर सन्तान भइसकेका थिएनन् । हरिहरसिंह मल्लसँग सती जान तयार भएकी लालमतीलाई गर्भिणी भएको थाहा पाएर उनबाट छोरा, छोरी जे जन्मे तापनि पाटनको राजा बनाउने वचन दिएर शिवसिंह मल्लले सती जानबाट रोके [७]। पछि उनबाट सिद्धिनरसिंह मल्लको जन्म भयो र उनी समर्थ भएपछि पाटनको प्रशासक राजाको रूपमा बस्न थाले ।

वंशावलीको उपर्युक्त कथनलाई इतिहासकारहरूले पनि साँचो हुनुपर्छ भनेका छन् [८]। देवमाला वंशावलीको कथनअनुसार ने. सं. ७०४ (१६४० वि. सं.) मा गुरु लम्बकर्ण भट्टसँग सहमति लिई तन्त्रोक्त विधानले मन्दिर बनाई दिगुतलेज्यूको स्थापना गरेको कुरा उल्लेख गरेको छ [९] भने ज्ञवालीज्यू ने. सं. ७०५ मा मात्र शिवसिंह मल्ल राजा भएको कुरा उल्लेख गर्नुहुन्छ [१०]। परन्तु काठमाडौंको ने. सं. ६९९ को अभिलेखमा शिवसिंह राजा भइसकेका छन् [११] ।

यही मन्दिरलाई पछि ७४७ ने. सं. मा श्री शिवसिंह मल्लका नाति श्री सिद्धिनरसिंह मल्लले ठूलो देवल बनाई पाँच तला भएको सुवर्ण-लेपित छाना हाली ज्येष्ठ महिनामा प्रतिष्ठा गरेका थिए । पछि ने. सं.७८३ (१७२० वि. सं.) को कार्तिक शुक्ल दशमीका दिनमा आगलागी भई समाप्त भएकोले तत्कालीन राजा श्रीनिवास मल्लले ६ महीनाभित्र मन्दिर तयार गरी चार तलाको माथिल्लो छाना चाहिं सुवर्णमोलम्वा गरी तयार गरे भन्ने कुरा पनि केही वंशावलीले लेखेका छन् [१२] ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री वालचन्द्र शर्माद्वारा सम्पादित एउटा वंशावलीमा भने लम्वकर्ण भट्ट आई कुलेश्वरमा बसी कुलेश्वरी जगाउँदा काठमाडौंका काजीहरूले थाहा पाई उनलाई लगी श्री शिवसिंह मल्लसँग भेट गराइदिएकोले उनलाई राजाले गुरु थापी उनैका सम्मतले काठमाडौं र पाटनमा दिगुतलेज्यूको मन्दिर बनाई स्थापना गरेको कुरा लेखिएको छ । परन्तु यो वंशावलीमा सम्वत् भने उल्लेख छैन १३ ।

यस्तै नेपाल देशको इतिहास संग्रह भन्ने अर्को वंशावलीमा पनि लक्ष्मीनारायण नामका लम्वकर्ण भन्ने अर्को नाउँले प्रसिद्ध महाराष्ट्री भट्ट ब्राह्मण नेपाल आएका र कुलेश्वरमा बसेको थाहा पाई शिवसिंह मल्लले ल्याई गुरु बनाएको र उनकै मन्त्रका प्रभावले पाटनका वैश्य सामन्तहरूलाई बश गरी शिवसिंहका छोरा हरिहरसिंह मल्ललाई पाटनको राजगद्दी दिएको तथा उनले २१ वर्ष पाटनको राजा भई राज्य गरेको कुरा लेखिएको छ र उनैको सम्मतिमा काठमाडौं तथा पाटनका देगुतलेज्यू मन्दिर निर्माण गरेको कुरा पनि छ १४ ।

भाषा वंशावली भाग २ मा श्रीदिगुतलेज्यूको ७६७ साल ज्येष्ठ कृष्ण द्वितीया उत्तरषाडा नक्षत्र बुधवारका दिन गजूर चढाएको कुरा लेखिएको छ । यसबेला राजा सिद्धिनरसिंह थिए १५ ।

उपर्युक्त विभिन्न वंशावलीका कथनअनुसार श्री शिवसिंह मल्लकै पालामा दिगुलितलेज्यूको पाटन तथा काठमाडौंमा पहिलो मन्दिर बनेको र देवताको स्थापना भएको कुरा मिले तापनि समय भने मिलेको पाइँदैन १६ । त्यस्तै सानो मन्दिरको सट्टा पाँच तला भएको भव्य मन्दिर चाहिं राजा सिद्धिनरसिंह मल्लले बनाएको कुरा वंशावलीले लेखेका छन् ।

पाटनका शासक भएर रहेका पुरन्दरसिंहको अस्तित्त्व ज्ञवालीज्यूको कथनअनुसार ने. सं. ७१७ जेठसम्म पाइन्छ १७ । यस्तै स्वयम्भू चैत्यमा रहेको ने. सं. ७२५ को अभिलेखमा जीर्ण भएको चैत्यको मर्मत गर्नको लागि मुनिवज्र नामक कुनै आचार्यले राजा श्री शिवसिंहमा विन्ती गरी उनको आज्ञाले स्तूपयष्टि विधिपूर्वक खडा गरी सुन्दर स्तूप निर्माण गरी ने. सं. ७१५ वैशाखको कृष्णपक्षको पञ्चमीमा प्रतिष्ठा गरिएको कुरा उल्लेख छ १८ । साथै त्यही पुण्यका प्रतापले पाटन जितेको कुरा पनि उक्त शिलापत्रमा लेखिएकोले ७१५ भन्दा अगाडि पाटन विजय भएको थिएन भन्ने कुरा थाहा पाइन्छ ।

पूर्णिमा पूर्णाङ्क १२ पृ. २० मा श्री शङ्करमान राजवंशीबाट संकलन गरिएका पाटनका ताडपत्रका तमसुकमा ने. सं. ७१९ मा पाटनका राजा भनी शिवसिंह मल्लको उल्लेख भएको र ७२२ को तमसुकमा पनि शिवसिंहकै नाउँ देखिएकोले ने. सं. ७१७ पछि ७१९ अघिको कुनै समयमा शिवसिंहले पाटनको राज्य हात लगाए भन्ने कुरा थाहा हुन्छ १९ । राज्य आफ्नै रेखदेखमा राखी पाटनको हाकिम मात्र त्यो बेला उनले छोरा ठाकुरसिंहलाई बनाएको अनुमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । ठाकुरसिंह चाँडै परलोक भएकोले दोस्रो शासक युवराज हरिहरसिंह भएका देखिन्छन् ।

स्वयम्भूको ७२५ को शिलालेखमा ७१५ मा जीर्णोद्धार गरी प्रतिष्ठा भएका स्वयम्भू चैत्य वज्र परेर ध्वस्त भएकोले पुन: राजाज्ञा प्राप्त गरी शहरका धेरै व्यक्ति, विहारका गुभाजुहरू मिलेर पुनर्निर्माण गरिएको कुरा पनि उक्त शिलापत्रमा उल्लेख भएको छ । दोस्रो पटक ७२४ ने. सं. माघ शुक्ल पञ्चमीमा जीर्णोद्धारको काम शुरु गरेर ७२५ ने. सं. माघ शुक्ल पञ्चमीका दिन दोस्रो पटक प्रतिष्ठा गरिएको थियो [२०] । दोस्रो पटकको जीर्णोद्धार कार्य युवराज हरिहरसिंहको प्रयत्नले धेरै धनी परिवार जुटाएर जीर्णोद्धार गर्न लगाइएको कुरा त्यस शिलापत्रमा परेकोले त्यस बेलासम्म हरिहरसिंह काठमाडौमा नै देखिन्छन् र उनलाई युवराज भनिएकोले ठाकुरसिंह हरिहरसिंहका भाइ हुनुपर्ने कुरा पनि अनुमान हुन्छ । ने. सं. ७२५ सम्म ठाकुरसिंह जीवित नै भएको कुरा यस अभिलेखले अनुमान गर्न सकिन्छ [२१] ।

आप्त प्रमाणबाट ने. सं. ७१७ र ७१९ को बीच कुनै समयमा पाटनको राज्य हात लगाएपछि त्यस ठाउँको सुरक्षानिम्ति अङ्गरक्षक भाइभारदारको साथ लगाएर छोरा ठाकुरसिंहलाई त्यहाँको शासक बनाए । इष्टदेवताको रूपमा मल्ल राजवंशले दैनिक पूजा-उपासना गरिने दिगुलितलेज्यूको राजदरबारकै कुनै भागमा त्यसबेला आवाहन गरी पूजा गर्ने व्यवस्था मिलाइएको हुँदो हो । किनकि देवताको मान्यता, पूजाआजा राजाहरूको निम्ति अनिवार्य नै थियो । सम्पूर्ण देवता र विभिन्न धार्मिक सम्प्रदायमाथि राजाको हैसियतले समान वर्ताब राखे तापनि आफ्ना कुलदेवता एवं इष्टदेवता परम्परागत नै आएका हुन्थे, जसको नित्य नैमित्यिक पूजापर्व गर्नु अनिवार्य हुन्थ्यो । अत: तलेजु नभए पनि दिगुलि तलेज्यूको पूजाआजा पाटनको विजयपछि तुरुन्तै चलेको मान्न सकिन्छ । मन्दिर निर्माण भने तुरून्तै हुन सकेन होला र पहिले सानो रूपमा नै मन्दिर बनाइयो होला ।

ठाकुरसिंह चाँडै परलोक भएपछि ने. सं. ७२८ (वि. सं १६६४) तिर हरिहरसिंहलाई पाटनको गद्दीमा राजा थापेको कुरा ज्ञवालीले उल्लेख गर्नुभएको छ [२२] । पछि काठमाडौंको गद्दीको पनि हकदार यिनै भएकाले ठाकुरसिंहलाई पाटनको राजा घोषित गर्न कुनै बाधा थिएन । यसकारण बाबुको जीवितावस्थामा नै स्वतन्त्र राजाको रूपमा हरिहरसिंहको अस्तित्त्व वंशावलीकारले उल्लेख गरेका हुनन् [२३] ।

वंशावलीले हरिहर सिंहले २१ वर्ष राज्य गरेको कुरा उल्लेख गरेका छन् । सिद्धिनरसिंह मल्लको राज्य प्राप्ति ७४० ने. सं. हो भन्ने कुरा पनि वंशावलीहरूले उल्लेख गरेका छन् [२४] । ७२८ ने. सं हरिहरसिंहको पाटनमा सिंहासनारोहण मान्ने हो भने हरिहरको राज्यकाल १२ वर्षको मात्र ठहर्छ । किन्तु ठाकुरसिंहको समय समेत गाभ्ने हो भने २१ वर्ष हुन्छ र यसबाट ७१९ को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यतिर मात्रै शिवसिंहले पाटन विजय गरेको अनुमान हुन्छ । वंशावलीले ठाकुरसिंहको नामोल्लेख नगरेको र हरिहरसिंह नै सम्पूर्ण राज्यको उत्तराधिकारी भएकोले पाटन विजयदेखिकै समय हरिहरसिंहका निम्ति वंशावलीमा जोडिएको हुनुपर्छ ।

नेपाल देशको इतिहास संग्रह भनी प्रकाशित वंशावलीमा ७४० आश्विन शुक्ल दशमीका दिन सिद्धिनरसिंहले राज्यारोहण गरेको कुरा लेखिएको छ [२५] र ने. सं. ७४१ माघबदी चतुर्दशी शनिवारका दिन काठमाडौं तलेजुमा राजा लक्ष्मीनरसिंह मल्ल र राजा सिद्धिनरसिंह मल्लले एकानी शत्रु एकानी मित्र भनेर दुई स्वतन्त्र राजाको अस्तित्त्वलाई स्वीकार गरी धर्मपत्र लेखी तामापत्र तलेजुमा चढाएका छन् [२६] । यसबाट उपर्युक्त मितिमा सिद्धिनरसिंह मल्ल पाटनको स्वतन्त्र राजा भएको कुराको समर्थन हुन्छ ।

वंशावलीअनुसार ७४१ ने. सं. (वि. सं.१६७७) मा श्रीमत्स्येन्द्रनाथको मन्दिरमा एउटा सुवर्णलेपित छाना बढाई सुनको गजूर चढाएको उल्लेख छ भने दरबार बढाई दायाँ-बायाँ नृसिंह, पञ्चमुखी हनुमान, गणेशको मूर्ति स्थापना गरेको तथा देगुलि तलेज्यूको मन्दिर पनि पाँच तलाको बनाई ७४७ ज्येष्ठ कृष्ण द्वितीया उत्तरा नक्षत्रमा सुनको छाना छाएर गजूर राखेको कुरा उल्लेख भएको पाइन्छ [२७] ।

राजा महेन्द्र मल्लद्वारा भव्य र कलात्मक तुलजाको मन्दिर काठमाडौंमा बनेको थियो । श्री शिवसिंह मल्लले दिगुलि तलेज्यूको मन्दिर बनाएको कुरा भाषा वंशावलीमा उल्लेख भएकोले र त्यसलाई गुठी राख्ने पहिला राजा शिवसिंह मल्ल हुन् भन्ने कुरा अन्य अभिलेखद्वारा पनि प्रमाणित भएकोले वंशावलीको कुरा मान्नुपर्ने भएको छ [२८] । स्वतन्त्र राजसत्ता कायम भएपछि काठमाडौंको प्रतिस्पर्धामा पाटनमा पनि तजेज्यू, दिगुलि तलेज्यू, नृसिंह, हनुमान, गणेश आदिको मूर्तिस्थापना गर्नु, दरबारका अङ्गप्रत्यङ्गको पनि वृद्धि गरेर तदनुरूप नै बनाउनु वा अन्य विशिष्टताले युक्त गर्नु स्वाभाविक थियो र यस्ता कार्यहरू भए पनि ।

काठमाडौंको देगुतले मन्दिरको उँचाइ ६२ हात लेखिएको छ भने उक्त कागजमा पाटन देगुलि तलेज्यूको उँचाइ ६४ हात लेखिएको छ [२९] । यसबाट राजाहरूको प्रतिस्पर्धामा मन्दिर निर्माण भएको कुरा पनि जान्न सकिन्छ र पाटनको कलात्मक कृष्णमन्दिरको निर्माण गर्दा ईर्ष्यावश राजा प्रताप मल्लद्वारा विघ्न पार्न खोजिएको कुरा किम्बदन्ती एवं वंशावलीबाट पनि थाहा हुन्छ [३०] । यसरी अनेक सुखदु:ख, युद्ध, अशान्तिका बाधा-विरोधहरू झेल्नुपरे पनि मठ-मन्दिरको कलात्मक प्रतिस्पर्धाले राजधानीको शोभा बढाएर राज्य-गौरव कायम गर्ने मल्ल राजाहरूको यशस्वी कार्यले नै नेपालको पुरातात्त्विक मूल्यले विश्वलाई आज पनि प्रभावित गर्न सकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा सिद्धिनरसिंह मल्लको जन्म ने. सं. ७२६ आषाढ (वि .सं. १६६२) मा भएको थियो [३१]। उनी १४ वर्षको उमेरमा पाटनका राजा भएका देखिन्छन्। माथि वंशावलीमा भनिएअनुसार ७४७ मा दिगुतले समेतका मन्दिर बनाएको चर्चा भएता पनि समय मिलेको देखिंदैन। भाषा वंशावली भाग २ मा देगुतले मन्दिर बनेको ७६७ ज्येष्ठ कृष्ण द्वितीया भन्ने उल्लेख भएको छ। परन्तु पाटन दरवारको नासलचोकमा रहेको शिलापत्रद्वारा मन्दिर बनाएर प्रतिष्ठा गरेको मिति ७६१ (वि. सं. १६९७) फाल्गुन कृष्ण द्वितीया भएको ज्ञात हुन्छ [३२]।

कोटीहोम समेत गरी यो पाँचतले मन्दिरको गजूर राखी प्रतिष्ठा गर्दा दुइटा इनार, विष्णुको एउटा ढुङ्गाको मन्दिर समेत निर्माण गरेर सँगै प्रतिष्ठा गरेका थिए भन्ने कुरा पनि उक्त शिलापत्रबाट ज्ञात हुन्छ [३३]।

यस्तै भाषा वंशावलीमा गणेश, नृसिंह, हनुमानको मूर्ति बनाई स्थापत्ता गरेको दिन पनि ७६७ वैशाख कृष्ण भनेर लेखिएको छ [३४]। शिलापत्रमा भने यी विषय परेका छैनन्। संभवत: निर्माण कार्य सकी एकै पटक कोटचाहुति र प्रतिष्ठाकर्म गरेको होला भन्न सकिन्छ।

दरवारबाहिरको पटाङ्गिनी मंगलबजारमा काशीका विश्वनाथकै प्रतिमूर्ति भावना गरी कृष्णमन्दिरसँगै बायाँपट्टि बनेको विश्वेश्वर मन्दिरमा रहेको शिलालेखबाट विश्वेश्वर मन्दिर बनाई ने. सं. ७४७ माघ शुक्ल पञ्चमीका दिन प्रतिष्ठा गरेको कुरा थाहा पाइन्छ [३५]। यही ७४७ को प्रतिष्ठाको भ्रममा दिगुतले पनि प्रतिष्ठा गरेको कुरा केही वंशावलीले उल्लेख गरेका हुन्। प्रत्येक वर्ष केही न केही धार्मिक कार्य एवं कलात्मक विकास गर्दै जाने प्रवृत्ति तत्कालीन राजाहरूको देखिन्छ। देवमाला वंशावलीको कथन उक्त देगुतलेज्यूको पाँचतले मन्दिर ७८३ साल कार्तिकमा आगलागी भएकोले ६ महीनाभित्र राजा श्रीनिवास मल्लले मर्मत गरी चार तलामाथिको छाना चाहिं सुवर्णमोलम्वा गरी बनाएको कुरा उल्लेख भएको पाइन्छ [३६]। दिगुतले मन्दिरमा आगलागी भएको किम्वदन्ती पनि त्यस भेगमा प्रशस्तै चलेको पाइनुले उक्त वंशावलीको कथनमा सत्यताको आभास पाइन्छ। परन्तु यसका अन्य ठोस प्रमाण भने खोजीकै विषय भएको छ।

प्राचीनकालमा बनेका कतिपय मन्दिरहरू कालक्रमले जीर्ण हुनु, पुनरूद्धार हुन नसक्नु आदिले गर्दा आज तिनको अस्तित्त्व पाइँदैन। परन्तु दरवारका क्षेत्रभित्र पर्ने मन्दिरहरू चाहिं समयले जीर्ण भए पनि, प्राकृतिक कारणले ध्वंस भए पनि पुनरूद्धार गरिएर सकेसम्म साबिककै अवस्थामा राखिने प्रयासहरू भए। साथै साना मन्दिरलाई ठूला बनाउने र ठूला मन्दिरलाई पनि कलात्मक झ्यालढोका एवं स्वर्णिम छानाहरू लगाई सुन्दर र मूल्यवान् बनाएको देख्न पाइन्छ [३७]। महेन्द्र मल्लले बनाएको तुलजा मन्दिर र शिवसिंह मल्लद्वारा निर्मित देगुलितलेज्यू मन्दिर, काठमाडौंलाई राजा प्रताप मल्ल र अरू पछिका राजाले विभिन्न वस्तुले सिंगार्ने काम गरे [३८]।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं उपत्यका क्षेत्र बराबर भूकम्पले पीडित रहने गरेका कुरा प्राचीन वंशावलीद्वारा थाहा पाइन्छ । यस कारणले पनि ज्यादै पुराना मन्दिरहरूको तात्कालिक रूप आज देख्न पाइन्न । १८९० सालको भूकम्प पनि निकै ठूलो थियो भन्ने कुरा थाहा पाइएको छ र १९९० सालको भूकम्पद्वारा निकै ठूलो विनाश भयो । यसपछि सानाको ठूलो बन्नुको सट्टा ठूलाको सानो रूप, कलात्मकको साधा रूप र कहीं शैलीको परिवर्तन पनि देख्न पाइन्छ । तर भूकम्पका ८/१० वर्षभित्रमा जीर्णोद्धार भने भइसकेको कुरा अनुसन्धानबाट थाहा पाइन्छ । १८९० मा पाटनका मन्दिरहरू के भए, त्यो कुरा खोजीकै विषय छ । १९९० सालमा भने ठूला मन्दिरहरूका केही भाग ध्वस्त भएको कुरा थाहा हुन्छ [३९] ।

काठमाडौं दिगुलि तलेज्यूको मन्दिर माथिल्लो छाना तला भत्कियो भने पाटन दिगुतलेको मन्दिरको माथिका तीन तला देवल भत्क्यो र देवता समेत पुरिएको कुरा वंशावलीले लेखेको छ । यो मन्दिर १९९५ सालमा तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज जुद्धशम्शेरले जीर्णोद्धार गरे । जगैदेखि मन्दिरको नवनिर्माण नै गरी ९५ साल ज्येष्ठ १९ गते बुधबार प्रतिष्ठा गरेको कुरा देवमाला वंशावलीमा उल्लेख छ [४०]। यसरी जगैदेखि पुनर्निर्माण गर्दा प्राचीन शिल्पविधामा के कति अन्तर परेको छ, त्यो अनुसन्धानकै विषय हो । किन्तु राजदरबारभित्रको विशेष मन्दिर भएकोले पहिलेकै आकार-प्रकारमा निर्माण गर्ने प्रयत्न भएको हुनुपर्छ ।

✡

पादटिप्पणी

१. पं. देवीप्रसादद्वारा सम्पादित भाषा वंशावली, भाग २ पृ. ५१
,, नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल पृ. ५ अंक १७
,, बालचन्द्र शर्माद्वारा सम्पादित काठमाडौं उपत्यकाको राजवंशावली, प्राचीन नेपाल अंक ५ पृष्ठ ५
२. बालचन्द्र शर्माद्वारा सम्पादित काठमाडौं उपत्यकाको राजवंशावली, प्राचीन नेपाल पृ. ५ सं. ५ पुरातत्त्व विभाग
,, सं. रमेशजङ्ग थापा, प्राचीन नेपाल (नेपालको इतिहास संग्रह अं. १७ पृ. ५) पं. देवीप्रसादद्वारा सम्पादित भाषा वंशावली, भाग २ पृ. ५१ पुरातत्त्व विभाग
३. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ.१३३
४. डा. डिल्लीरमण रेग्मी – मेडियाभल नेपाल भाग ४ को पृ. ५६
५. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ. १३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. योगी नरहरिनाथ – देवमाला वंशावली पृ. ५५ गोरक्ष ग्रन्थमाला ८८ पुष्प
,, सं. बालचन्द्र शर्मा – राजवंशावली पृ.१०
,, सं. देवीप्रसाद लम्साल – भाषा वंशावली भाग २ पृ. ५९ पुरातत्त्व विभाग
७. सं. बालचन्द्र शर्मा – राजवंशावली पृ. १०–११
,, सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ.१३२
८. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, १३२
९. योगी नरहरिनाथ – देवमाला वंशावली पृ.५५ गोरक्ष ग्रन्थमाला
१०. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ. १३०
११. डा. डिल्लीरमण रेग्मी – मेडियाभल नेपाल भाग ४ पृ. ३३
१२. सं. योगी नरहरिनाथ – देवमाला वंशावली, पृ.५५
१३. सं. बालचन्द्र शर्मा – राजवंशावली पृ. १०–११
१४. सं. योगी नरहरिनाथ – देवमाला वंशावली पृ. ५५
,, सं. बालचन्द्र शर्मा – राजवंशावली
,, सं. देवीप्रसाद लम्साल – भाषा वंशावली भाग २ पृ. ५९
१५. सं. देवीप्रसाद लम्साल – भाषा वंशावली भाग २ पृष्ठ ६२
१६. सं- रामजी तेवारी, धनवज्र र अरू, अभिलेख संग्रह भाग ६ को अभिलेख, पृ. १० को पाटन नासलचोकको अभिलेख
१७. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास,
१८. डा. डिल्लीरमण रेग्मी – मेडियाभल नेपाल, भाग ४ को पृ. ४६ को स्वयम्भूको अभिलेख
१९. शङ्करमान राजवंशी – पूर्णिमा, पूर्णाङ्क १२ को पृ. २०
२०. डा. डिल्लीरमण रेग्मी – मेडियाभल नेपाल, पृ. ४६ भा. ४ स्वयम्भूको अभिलेख
२१. ऐ ऐ अभिलेखको १७ पंक्ति, हरिहर युवराजा स्कंदरूपा
२२. सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ. १३१
२३. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल सं. १७ पृ. ९
२४. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल सं. १७ पृ .९
२५. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल सं. १७ पृ. ९
,, सं. देवीप्रसाद लम्साल – भाषा वंशावली भाग २, पृ. ६१.
२६. डा. डिल्लीरमण रेग्मी – मेडियाभल नेपाल, भाग ४ पृ.५६–५७
,, योगी नरहरिनाथ – देवमाला वंशावली पृ. ५५
२८. गौतमवज्र वज्राचार्य – हनुमानढोका राजदरवार पृ. ७२ को टिप्पणी
२९. गौतमवज्र वज्राचार्य – हनुमानढोका राजदरवारको परिशिष्ट नं. ८० पृ. १७३
३०. नेपाल देशको इतिहास पृ.१ ० प्राचीन नेपाल सं १७
,, सं. देवीप्रसाद लम्साल – भाषा वंशावली भाग २ पृ. १०, ६२–६३
,, सं. बालचन्द्र शर्मा – राजवंशावली पृ. १३
३१. डा. डिल्लीरमण रेग्मी – मेडियाभल नेपाल, भाग ३ को पृ.१२५ ठ्यासफू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३२. ऐ. ऐ. भाग ४ पृ. ७१ – ७२ पाटन दरबार भण्डारखाल अभिलेख
३२. (क) सम्पादक – रामजी तेवारी, धनवज्र वज्राचार्य र अरू, अभिलेख संग्रह भाग ६, पृ. १० नासलचोक पाटन दरबार
३३. ऐ. ऐ. पृ. १०
३४. सं. देवीप्रसाद लम्साल – भाषा वंशावली भाग २ पृ ६२
३५. सम्पादक – रामजी तेवारी, धनवज्र वज्राचार्य र अरू, अभिलेख संग्रह भाग ६ पृ ९
३६. योगी नरहरिनाथ – देवमाला वंशावली पृ ५५
३७. राजा प्रताप मल्लद्वारा शिंगारिएका काठमाण्डौं तलेजु र देगुतलेज्यू
३८. राजा नृपेन्द्र, पार्थिवेन्द्र आदि
३९. ब्रह्मशमशेर ज. ब. रा. – ९० सालको भूकम्प (दोस्रो संस्करण)
४०. योगी नरहरिनाथ – देवमाला वंशावली पृ. ५५ गोरक्षमाला प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट खण्ड क

श्रीतलेजु भवानीको वार्षिक पर्व-पूजा खर्चको लगत विवरण

काठमाडौंकी श्रीतलेजु भवानीको वर्ष दिनभरिको पर्वपूजा खर्च

	महिनाबारी नित्यपूजा के –	महीना १ को	गते २९	गते ३०	गते ३१	गते ३२	जग्गा रोपनीमा
१.	असल पश्चिमा घिउ एक धार्नी	१९					४२-८-X खेत
२	असल पश्चिमा घिउ एक धार्नी	९२					२ X
३	असल पश्चिमा घिउ एक सेर	९१					
	श्री पार्थिवेन्द्र मल्ल गुठी						
४	असल पश्चिमा घिउ एक धार्नी	१९					२-X-X रो.
	श्री कुमुदिनी रानी						
५	असल पश्चिमा घिउ एकसेर	१९					
	प्र. म.						
६	असल पश्चिमा भिउ एक धार्नी	१९					
७	तोरीको तेल चार माना	॥ ४					
८	गोकुल धूप रोजको ३ तोला	–	८७	९०	९३	९६	
९	कपुर रोजको ॥ तोलाले	–	१४॥	१५	१५।	१६	
१०	सिंदूर रोजको ३ तोलाले	–	८७	९०	९३	९६	
११	सिङ्गो सुपारी रोजको २ ले	–	५८	६०	६२	६४	
	सानु लदु गुठी						
१२	चामलको मठ रोटी धा.		१९१ ।।	१९१ ।।।२	१९। ॥२	–१ ९२	
१३	चामलको लड्डु धार्नी		१९॥	–	–	–	
	सौरी रोटी		।	१९१ ॥२	१९१ ।।।२	१९ २	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४	सौरी रोटी दिनको ९२ ले		१९॥ २	१९॥ ।	- १९। ॥२	- १९१	

महीनावारी नित्य प्रत्येक वदी ८ र वदी १४ रोजको लागि

१	चोखा (कालो रंग निखुनी) ४ बोत्रा						
२	तलेजुको घोडाको दानाप्रति दिन चना ॥४ मानाले	-	।१४। ८	- ।१५	- ।१५ ।४	।१६	

नित्य पूजातर्फ

काठमाडौं तलेजुको बजीगुठी - महीना पुजारीतर्फको खर्च

			२९	३०	३१	३२	
१	चिउरारोजको ॥३ मानाले	-					पुजारी तर्फ
१	चिउरारोजको ॥१५ ले	-	।५।३। ५	- १५। ५	- १५ ।६	-।६	भडेलतर्फ
१	फलुवा चामल महीना १ को	-	।३।५				मैंचातर्फ

काठमाडौं तलेजुका सबातौ सुसारेतर्फ

१	केराउको दाल रोजको १ मुठीले	-	॥३।९	-॥३	-॥३।१	-॥३।२
२	मुंगीको दालरोजको १ मुठी		॥३।९	॥३	-॥३।१	-॥३।२
३	मासको दाल १ मुठीले		॥३।९	॥३	-॥३।१	-॥३।२
४	फलुवा चामल रोजको ।।४ मानाले		।१४।४	-।१५	-।१५।४	-।१६

स्वावजी गुठी

१	स्वावजी रोजको ।.।३ ले	११०।७	-।११।२	-११।२	-।१२।

प्रत्येक शुक्ल पूर्णिमाके नित्य पूजातर्फ

१ भैंसीको दुध दुइमाना ॥२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२	फलुवा चामल पांचमुठी	।।।५ - - - -	(बजी गुठी तर्फबाट)
३	प्रत्येक ८ X १४ रोजको		

महीनावारी पर्व

१	चिउरा पाथी ६	।६

काठमाडौ तलेजुको माघबदी अष्टमीको पर्व

			काठमाडौ तलेजुका गुँगुर कपुरगुठी पुजारीतर्फको खर्च
१	म झौला हांस एक	१	
२	सिंधुर तोला चार	४	
३	सिंगा सपारी	१०	
४	तोरीको तेल एक माना	।।१	
५	असल पश्चिमा घिउ चारतोला	४	

माघ बदी चतुर्दशीको पर्व

१	मझ्यौला हाँस एक	१
२	सिंङ्गा सुपारि दश	१०
३	सिदूर चारतोला	४
४	तोरीको तेल १ माना	।।१
५	असल प. घिउ चार तोला	४

माघवदी ३० (औसी) को पर्व

श्री प्रताप मल्लको थापूजा (जन्मोत्सव) (पुलाछेंतर्फ)

१.	कालो भटमास पाँच मुठी	।।।५
२.	तोरीको तेल १ माना	।।१
३.	माटाका सालीपाला चालीस	४०
४.	असल प. घिउ आठतोला	८
५.	अदुवा चारतोला	४
६.	सुकेका माछा चारतोला	४
७.	स्यावजी ६ माना	।।६
८:	सखर आठ तोला	८
९.	चिउरा एक पाथी एक माना	।१।१
१०.	सरूवा चामल एक माना पाँच मुठी	।।१।५

राजा प्रताप मल्लद्वारा स्थापित था पूजा गुठी

१.	सखर आठ तोला	८	स्यापूजा गुठी (भडेलतर्फ)
२.	असल पश्चिमा घिउ आठ तोला	८	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.	चिउरा एकपाथी एक माना	।१।१	
	ऐ. को ऐ. पर्व		
१.	चामलको पीठो एकपाथी चारमाना	।१।४	प्र. मल्ल था पूजा (सुसारेतर्फ) को खर्च
२	सिंदुर चार तोला	४	
३.	गोटा १० को भोटे धूप मुठा एक	१	
४.	नङ्ले छोडाएको अक्षता दुइ मुठी	२	
५.	लावा दुइ मुठी	२	
६.	असल प. घिउ चार तोला	४	
७.	फलुवा चामल ६ माना	।।६	
८.	चिउरा ६ माना	।।६	

ऐ. ऐ थापूजा (हलुवाईतर्फबाट खर्च हुने)

१.	असल प. घिउ दुइ धार्नी	२
२	गहुँको मैदा पीठो आठ धार्नी	८
३.	अलैंची ९ चोला	९
४.	चिनी ६ पाउ	।१।।
५.	मरीच नौ तोला	९
६.	सखर दुइ धार्नी	२
७.	११ धार्नीको दाउरा भारी १	१

ऐ. माघवदी ३० को पर्व

ऐ. थापूजाको

१.	तोरीको तेल ६ पाथी दुइ माना	।६।२	(पुजारीतर्फको खर्च)
२	बेसार दुइ माना	।।२	
३.	चामलको पीठो पाच मुठी	।।।५	
४.	तमाखु तीन पाउ	ऽ।।।	
५.	सुकेका माछा एक पाउ	ऽ।	
६.	खुर्सानी दुइमाना	।।२	पुजारीतर्फ
७.	चोखा बोका गोटा छ	६	
८.	मेथी माना दुइ	।।२	
९.	गोटा १०० को बोटको धूप मुठा एक	१	
१०.	सखर तोला आठ	८	
११.	३६॥ धार्नीको चोखा राँगो	१	
१२.	बेचोखा बोका एक	१	
१३.	मझ्यौला हाँस गोटा ६	६	
१४.	अदुवाल जोर चौध	१४	
१५.	ने. बत्ती चिरा धागो दुइ तोला	२	
१६.	नङ छो. अक्षता पाँच मुठी	।।।५	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७.	चाँदीको सानु दृष्टि जोर चौध	१४	
१८.	अदुवा तीन पाउ	ऽ।।।	
१९.	रायो एक माना	।१	
२०.	कपुर एक तोला	१	
२१.	सिङ्गा सुपारी एकसय बीस	१२०	
२२.	जीरा चार तोला	४	
२३.	पञ्चपता जोर चौध	१४	
२४.	नून आठ तोला	८	
२५.	हाँसको फुल गोटा ६	६	
२६.	एक करूवाका दही कहतारा तेन्ह	१३	
२७.	सखर ६ पाउ	६१।।	
२८.	मासको दाल चारमाना	।।४	
२९.	हिङ एक तोला	१	
३०.	११ धार्नीको दाउरा भारी ६	६	
३१.	गोकुल धूप आठ तोला	८	
३२.	सेतो बोडी चार तोला	।।४	
३३.	लाजा दुइ माना	।।२	
३४	फर्सी गोटा दुइ	२	
३५	आलू दुइधार्नी	२६	
३६	असल प. घिउ आठ तोला	८	
३७	मरीच नौतोला	९	
३८	सिंदुर आठतोला	८	
३९	सानु केराउ ६ माना	।।६	
४०	कर्णपता जोर चौध	१४	
४१	चिउरा पाँच पाथी पाच माना	।५।५	
४२	सरुवा चामल एक पाथी चार माना	।१।४	
४३	फलुवा ची. चारपाथी	।४।	- (भोजके)
४४	चिउरा एक मुरी दशपाथी	१।१०	- (भोजके)

माघ शुल्क पंचमीको पर्व (श्रीपंचमी)

श्रीपंचमी गुठी

१	नङ्छोडा अक्षता अढाइमुठी	।।।२।।	सुसारेतर्फको खर्च
२	लाजा अठाइ मुठी-	।।। २।।	
३	असल पश्चिमा घिउ चारतो.	४	
४	सिदुर चारतोला -	४	
५	चामलको पीठो एक पाथी चारमाना -	।१।४	
६	फलुवा चामल ६ माना -	।।६	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐ. गुठी पुजारीतर्फको खर्च

(पुजारीतर्फको पूजाखर्च)

१	कर्णापता जोर चौध	१४
२	पञ्चपता जोर चौध	१४
३	अदुवाल जोर चौध	१४
४	तोरीको तेल दुइमाना	।।२
५	अएल प. घिउ आठतोला	८
६	चोखा बोका दुइ -	२
७	मझ्यौला हांस एक	१
८	गोकुल धूप आठतोला	८
९	कपुर एक तोला	१
१०	सिङ्गा सुपारी गोटा पचास	५०
११	सखर आठतोला	८
१२	नून आठतोला	८
१३	सिदुर आठतोला	८
१४	लाजा पांच मुठी	।।।५
१५	नङ छोडा अक्षता पांचमुठी	।।।५
१६	रेखीको पीटो पाँचमुठी	।।।५
१७	एकमाने दही कहतारा एक	१
१८	चिउरा पांच पाथी पांचमाना	।५।५

काठमाडौ तलेजुको फाल्गुन कृष्ण ६ को पर्व

(पुजारीतर्फको खर्च)
(काठमाडौ तलेजु खम्बा गुठी)

१	मझ्यौला हाँस गोटा	१
२	चोखा बोका गोटा दुइ	२
३	असल १. घिउ आठतोला	८
४	तोरीको तेल दुइमाना	२
५	लावा पाच मुठी-	।।।५
६	नङ छोडा अक्षता पांचमुठी	।।।५
७	पंचपता जोर चौध	१४
८	कर्णापत्ता जोर चौध	१४
९	सिंदुर आठतोला	८
१०	गोकुल धूप आठतोला	८
११	सिंगो सुपारी पचास	५०
१२	एक कुरूवाका दही कतहरा एक	१
१३	सखर आठतोला	८
१४	चिउरा पाँच पाथी पाँचमाना	।५।५
१५	फलुवा चामल ६ माना	।।६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐ. खम्बागुठीको हलुवाईतर्फको खर्च

१	असल पश्चिमा घिउ दुइसेर	९२
२	सखर डेढधार्नी -	१९१ ।।
३	चिनी दुइसेर -	९२
४	गहुँको पीठो ६ धार्नी -	६९
५	११ धार्नीको दाउरा भारीएक	१९

फागुन बदी ६ रोजको पर्व

का. त.६ पा पूजा गुठी

१	चिउरा पाँचपाथी पाँच माना	।५।५	- (पुजारीतर्फ)

ऐ

१	फलुवा चामल ६ माना -	।।६	ऐ. पूजा - (सुसारेतर्फ)

फागुन बदी ६ रोजको खम्बा गुठी पर्व

१	चामलको पीठो एकपाथी चारमा	।१।४	
२	असल प. घिउ चारतोला	४	
३	सिंदुर चारतोला -	४	(सुसारेतर्फको खर्च)
४	रेखीको पीठो पांच मुठी	।।।५	
६	नं. छो. अक्षता -	।।।५	
७	लावा पांच मुठी -	।।।५	

फागुन बदी ८ (अष्टमी) कों पर्व

१	मझ्यौला हांस एक -	१	
२	सिङ्गा सुपारी दश	१०	
३	सिंदुर चारतोला	४	(पुजारीतर्फको खर्च)
४	अ.प. घिउ चारतोला	४	
५	तोरीको तेल एकमाना -	।।१	

काठमाडौं तलेजुको वर्षबन्धन गुठी

फाल्गुन कृष्ण १० दशमी पर्व (पुजारीतर्फमा खर्च हुने)

१	मुलम गोटा सात	७
२	९ X १० धानीएको बे चोखा रांगा एक -	१
३	चोखा बोका ६ गोटा	६
४	साधारण बोका एक -	१
५	हांसको फूल गोटा ६	६
६	रायो माना एक -	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७	एक पाथी जाने ग़ाटाका हाडी गोटा ६ -	६	
८	चिउरा सातपाथी चारमाना	।७।४	
९	सरूवा चामल एक पाथी चारमाना -	।१।४	
१०	फलुवा चामल चारपाटी	।४	भोजके
११	चिउरा एक मुरी -	१।	भोजके

ऐ सुसारेतर्फको खर्च

१	नङ छोडा अक्षता पांचमुठी	।।।५	
२	फलुवा चामल तीनमाना	।।।३	
३	चिउरा छ माना	।।६	
४	स.चा. पांच पाथी	।५	

ऐ पर्वको पुलाछेंतर्फको खर्च

१	चिउरा एक पाथी एकमाना	।१।१	
२	सरूवा चामल एकमाना पांच मुठी -	।।१।५	

ऐ. बर्षबन्धन गुठीको भंडेलतर्फको खर्च

१	चिउरा एकपाथी चारमाना	।१।४	- (भडेल)

ऐ. हलुवाईतर्फको खर्च

१	असल पश्चिमा घिउ दुइधार्नी	२९	
२	गहुंको मैदा पीठो ६ धार्नी	६९	- (हलुवाईतर्फ)
३	धुलो सखर एक धार्नी ६ पाउ	१९१।।	
४	११ धार्नीको दाउरा भारी दुइ	२	
५	चिनी सेर एक -	९१	

फागुन बदी १४ रोजको पर्व तलेजु वालाचतुर्दशी गुठीबाट खर्च हुने-

१	तोरीको तेल दुइमाना -	।।२	(सुसारेतर्फको)
२	एक कुरूवाको दही कतहरा चार-	४	
३	फलुवा चामल ६ माना	।।६	

फागुन बदी १४ को पर्व तलेजु शिवरात्री गुठीबाट खर्च हुने

१	चोखा बोका दुइ -	२	(पूजारीतर्फ)
२	मझ्यौला हांस एक	१	
३	सिंगा सुपारी पचास	५०	
४	कर्णपता जोर चौध	१४	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५	पञ्चपता जोर चौध	१४	
६	सरूवा चामल तीन पाथी ६ माना	। ३ । ६	
७	चिउरा आठ पाथी पांचमाना	। ८ । ५	

फाल्गुन सुदी १४ (शु.चतुर्दशी) को तलेजुको ६ था पूजा गुठीबाट खर्च हुने पर्व

१	चोखा बोका ६ गोटा	६	
२	साधारण बोका गोटा	१	
३	मझ्यौला हांस गोटा ६	६	
४	१०८ गोटाको भोटे धूप मुठाएक	१	
५	तोरिको तेल तीन पाथी चार माना -	। ३ । ४	(पुजारीतर्फको)
६	असल पश्चिमा घिउ बाहूधार्नी	१२९	
७	गहुँ पन्ध्रपाथी-	। १५	
८	चामलको पीठो एक पाथी चारमाना -	। १ । ४	
९	फ. चा दुइपाथी पांचमुठी	। २ । ५	
१०	चिउरा दशपाथी -	। १०	
११	चिउरा चारमुरी -	४ ।	

ऐ. पर्वमा ६ था पूजा गुठीबाट सुसारेतर्फ खर्च जाने-

१	फ. चा. दुइपाथी -	। २

ऐ. ६ था पूजा गुठीबाट पुलार्छेतर्फ

१	तोरीको तेल एक माना -	। । १	
२	फ. चा. दुइमाना -	। । २	
३	चिउरा एक पार्थी चारमाना	। १ । ४	
१.	नङ छोडा अक्षता पाँच मुठी	। । । ५	(सुसारेतर्फको)

ऐ पर्वको ऐ गुठीबाट खर्च हुने

१	तोरीको तेल दुयमाना	। । २	(भंडेलतर्फ खर्च हुने)
२	चिउरा एक पाथी चारमाना	। १ । ४	

फागुन सुदी १५ को पर्व

का. तलेजुका फागुपूर्णिमा गुठी (पूजारीतर्फ खर्च जाने)

१	चोखा बोका दुइ -	२
२	तोरीको तेल दुइमाना	॥२
३	असल प. घिउ आठतोला	८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४	मझ्यौला हांस एक	१
५	नङ्छोडा अक्षता पांचमुठी	।।।५
६	सिंदुर आठतोला	८
७	गोकुल धूप आठ तोला	८
८	नून आठतोला -	८
९	एक कुरूवा जाने दही कतारा एक -	१
१०	लावा पांच मुठी -	।।।५
११	रेखीको पीठो पांचमुठी	।।।५
१२	सिंगा सुपारी पचास	५०
१३	कर्णापता जोर चौध	१४
१४	पंचपता जोर चौध	१४
१५	चिउरा आठपाथी पाँचमा.	।८।५

ऐ. बर्षको ऐ गुठीबाट खर्च हुने

१	सिंदुर चारतोला -	४	
२	अ.प.घिउ चार तोला	४	(सुसारेतर्फ)
३	चामलको पीठो एकपाथी चारमाना -	।१।४	
४	नङ छोडा अक्षता अडाइ मुठी	।।।२।।	
५	रेखीको पीठो अडाइ मुठी	।।।२।।	
६	लावा पांच मुठी	।।।५	
७	फलुवा चामल ६ माना -	।।६	

चैत्र कृष्ण चतुर्दशी (पिशाच चतुर्दशी) को पर्व

१	सखर ६ पाउ -	९१।।	—
२	सखर आठतोला -	८	पिशाच चतुर्दशी गुठीबाट
३	मेथी ३ माना -	।।३	(पुजारीतर्फ खर्च जाने)
४	११ धार्नीको दाउरा भारी ६ -	६	
५	गोकुल धूप आठतोला	८	
६	सिंगा सुपारी एकसय वीस	१२०	
७	सिंदुर आठ तोला	८	
८	चोखा बोका सात	७	
९	साधारण बोका एक	१	
१०	३६॥ धार्नीको चोखा रांगाएक	१	
११	मझ्यौला हांस ६ -	६	
१२	तोरीको तेल तीन पाथी दुइ माना -	।३।२	
१३	अ.प.घिउ आठ तोला	८	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४	सानु केराउ ६ माना -	।।६	
१५	केराउको दाल दुइमाना -	।।२	
१६	मासको दाल चारमाना	।।४	
१७	नून पांचमाना -	।।५	
१८	नून आठतोला -	८	
१९	हासको फूल गोटा ६	६	
२०	सुकेको माछा एक पाउ -	९१	
२१	नङ छोडा अक्षता पांच मुठी	।।।५	
२२	लावा दुइमाना-	।।२	
२३	बेसार दुइमाना -	।।२	
२४	सेतो बोडी चार माना -	।।४	
२५	मकैको पीठो दुइमाना	।।२	
२६	चांदीको सानु दृष्टि सोह्र जोर -	१६	
२७	सली पाला तीनसय	३००	
२८	तमानु तीन पाउ -	९।।।	
२९	रायो एकमाना -	।।१	
३०	खुर्सानी दुइमाना -	।।२	
३१	चामलको पीठो एकमाना	।।१	
३२	पाकेको फर्सी गोटा दुइ	२	पुजारीतर्फ
३३	आलु धार्नी दुइ -	२९	
३४	मुलाका चाना एकसेर	९१	
३५	अदुवा ६ पाउ -	९१।।	
३६	एक कुरूवाको दही कताहरा चौध -	१४	
३७	मुलम गोटा सात -	७	
३८	११ इन्ची रातो च्यूली खगाम एक -	१	
३९	पंचपता जोर चौध	१४	
४०	कर्णापता जोर चौध	१४	
४१	चिउरा आठपाथी पांचमा.	।८।५	
४२	सरूवा चामल दुइ पाथी	।२	
४३	फलुवा चामल चारपाथी	।४	
४४	चिउरा एक मुरी दशपाथी	१।१०	

ऐ. पर्वको ऐ गुठीबाट जाने खर्च -

१	चामलको पीठो एक पाथी चार माना -	।१।४	(सुमारेतर्फ)
२	रेखीको पीठो पांच मुठी -	॥।५	
३	असल पश्चिमा घिउ चार तो.	४	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४ लावा एकमाना - ।।१
५ नङ छोडा अक्षतापांच मुठी ।।।५
६ दाउरा मुठा ६ - ६
७ सिंदुर चार तोला - ४
८ फलुवा चामल एक पाथी तीन माना - ।१।३
९ फलुवा चामल तीन माना ।।३ - दिगुंछेतर्फ जाने
१० सरूवा चामल चारपाथी ।४
११ स.चा. दुइपाथी - ।२ – दिगुंछेतर्फ के
१२ चिउरा ६ माना - ।।६ - दस्तुर के।

ऐ. पर्वमा ऐ. गुठीबाट खर्च जाने

१ तोरीको तेल तीनमाना ।।३ - पुलाछेंतर्फ खर्च जाने -
२ असल प. घिउ चारतोला ४
३ माटाका सलीपाला चालीस ४०
४ स्या बजी एक पाथी - ।१
५ सुकेका माछा दुइतोला - २
६ सिंगा सुपारी दश - १०
७ सखर आठतोला - ८
८ चादीका दृष्टि दुइजो्र २
९ चिउरा नौ माना - ।१।१

ऐ. चतुर्दशी पर्वमा ऐ. गुठीबाट खर्च जाने

१. सरूवा चामल सात माना पाँच मुठी ।।७।५ - महास्नानतर्फ
ऐ. गुठीको ऐ पर्वमा खर्च जाने
१. मास दुइमाना ।।२
२ असल प. घिउ दुइ मानी २ ऽ
३. गहुँको पीठो आठ धार्नी ८ ऽ
४. ११ धार्नीको दाउरा भारी दुइ २
५. चिनी एक सेर तीन पाउ दुइ कनुवा ऽ १ ॥। २
६. धुलो सखर दुइ धार्नी २ ऽ
७. चामलको पीठो एक धार्नी १ ऽ

चैत्र शुक्ल ८ अष्टमीको पर्व

१. चोखा बोका दुइ २ का. तलेजुको हुलकुल गुठी
२ मझ्यौला हाँस एक १
३. तोरीको तेल दुइ माना ॥ २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.	असल प. घिउ आठ तोला	८	
५.	लावा पाँच मुठी	॥। ५	
६.	नून आठ तोला	८	
७.	नङ छोडा अक्षता पाँच मुठी	॥। ५	
८.	रेखीको पीठो पाँच मुठी	॥। ५	(पुजारीतर्फ खर्च हुने)
९.	सखर आठ तोला	८	
१०.	सिंगा सुपारी पचास	५०	
११.	गोकुल धूप आठ तोला	८	
१२.	सिंदुर आठ तोला	८	
१३.	एक करूवाको दही कहतारा एक	१	
१४.	कर्णपता जोर चौध	१४	
१५.	पञ्चपता जोर चौध	१४	
१६.	सरूवा चामल तीन पाथी	। ३	
१७.	चिउरा पाँच पाथी पाँच माना	। ५।५	

ऐ. पर्वके ऐ. गुठीबाट खर्च हुने

१.	असल पश्चिमा घिउ चार तोला	४	(सुसारेतर्फ)
२	चामलको पीठो बाह्र माना	।१।४	
३.	सिंदुर चार तोला	४	
४.	नङ छोडा अक्षता पाँच मुठी	॥। ५	
५.	फलुवा चामल ६ माना	।।६	

वैशाख १ गते मेष संक्रान्ति पर्व

का. तलेजु दीपमाला गुठी

१.	तोरीको तेल एक पाथी दुइ माना	।१।२	(सुसारेतर्फ)
२	९ इन्ची ८ गः पिता थाना आधा	॥	

वेशाख बदी (कृष्ण अष्टमी) ८ को पर्व

काठमाडौं तलेजु दमनारोहण गुठीबाट खर्च हुने

१.	असल प. घिउ आठ तोला	८	(पुजारीतर्फ)
२	तोरीको तेल तीन पाथी दुइ माना	।३।२	
३.	मकैको पीठो दुइ माना	।।२	
४.	सेतो बोडी चार माना	।।४	
५.	मासको दाल चार माना	।।४	
६.	केराउको दाल २ माना	।।२	
७.	सानु केराउ ६ माना	।।६	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.	नून पाँच माना	।।५
९.	नङ छोडा अक्षता पाँच मुठी	।।।५
१०.	हाँसको फूल ६ गोटा	६
११.	लावा एक माना	।।१
१२.	बेसार दुइ माना	।।२
१३.	तमाखु तीन पाउ	s।।।
१४.	रेखीको पीठो पाँच मुठी	।।।५
१५.	एक पाथी जाने माटाको हाडी ६	६
१६.	खुर्सानी दुइ माना	।।२
१७.	रायो एक माना	।।१
१८.	आलु दुइ धार्नी	२ s
१९.	मुलाको चाना एक सेर	s १
२०.	अदुवा ६ पाउ	s १।।
२१.	दमनाको फूल तीन सय साठी	३६०
२२.	पाकेको फर्सी गोटा दुइ	२
२३.	..... (११ इञ्ची) रातो ज्युली खगाम एक	१
२४.	कर्णापता जोर चौध	१४
२५.	पञ्चपता जोर चौध	१४
२६.	मुलम गोटा सात	७
२७.	अदुवाल जोर चौध	१४
२८.	११ धार्नीको दाउरा भारी ६	६
२९.	माटाको सलीयाला तीन सय	३००
३०.	धुलो सखर ६ पाउ	s १।।
३१.	गोकुल धूप आठ तोला	८
३२.	सिंदुर आठ तोला	८
३३.	चादीको सानु दृष्टि जोर सोन्ह	१६
३४.	३६॥ धार्नीको चोखा राँगा	१
३५.	वेचोखा (साधारण) बोका एक	१
३६.	चोखा बोका गोटा ६	६
३७.	मझ्यौला हाँस ६	६
३८.	मेथी तीन माना	।।३
३९.	सखर आठ तोला	८
४०.	मुन आठ तोला	८
४१.	एक करूवाको दही कहतरारा पन्ध्र	१५
४२.	चिउरा सात पाथी चार माना	।७।४
४३.	सरूवा चामल दुइ पाथी	।२
४४.	फलुवा चामल चार पाथी	।४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४५. चिउरा एकमुरी तेन्ह पाथी १। १३

ऐ. दमनारोहण गुठीको ऐ. पर्वमा हुने खर्च

१.	मास दुइ माना	।। २	
२	असल प. घिउ तीन धार्नी	३ ऽ	(हलुवाईतर्फ खर्च हुने)
३.	गहुँको मैदा पीठो आठ धार्नी ६ पाउ	८ ऽ १ ।।	
४.	चामलको पीठो ६ पाउ	ऽ १ ।।	
५.	चिनी दुइ सेर	ऽ २	
६.	सखर तीन धार्नी	३ ऽ	
७.	११ धार्नीको दाउरा भारी एक	१	

ऐ. पर्वमा ऐ. गुठीबाट खर्च हुने

१.	स्यावजी १ पाथी	। १	
२	तोरीको तेल दुइ माना	।। २	(पुलोछेंतर्फको खर्च)
३.	फलुवा चामल एक माना पाँच मुठी	।। १ । ५	
४.	चिउरा एक पाथी एक माना	। १ । १	

ऐ. गुठीको ऐ. पर्वमा खर्च हुने

१.	चिउरा एक पाथी चार माना	। १ । ४	भडेलतर्फको खर्च

ऐ. गुठीको ऐ. पर्वमा खर्च हुने

१.	चामलको पीठो एक पाथी चार माना	। १ । ४	सुसारेतर्फ खर्च हुने
२	रेखीको पीठो पाँच मुठी	।।। ५	
३.	लावा एक माना	।। १	
४.	नङ छोडा अक्षता पाँच मुठी	।।। ५	
५.	असल प. घिउ आठ तोला	८	
६.	सिंदुर चार तोला	४	
७.	फलुवा चामल एक पाथी सात माना	। १ । ७	
८.	चिउरा ६ माना	।। ६	

काठमाडौं तलेजु ह्वागला गुठी वैशाख शुदी ४ (चौथीको पर्व)

१.	चामलको पीठो एक पाथी चार माना	। १ । ४	सुसारेतर्फ खर्च हुने
२	रेखीको पीठो पाँच मुठी	।।। ५	
३.	नङ छोडा अक्षता पाँच मुठी	।।। ५	
४.	लावा पाँच मुठी	।।। ५	
५.	असल प. घिउ चार तोला	४	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.	सिंदुर चार तोला	४	
७.	फलुवा चामल ६ माना	।।६	

ऐ. गुठीको ऐ. पर्वमा खर्च हुने

१.	अदुवा ६ पाउ	s १।।	जोशी नाइकेतर्फ
२	पाकेको फर्सी गोटा दुइ	२	
३.	आलु धार्नी दुइ	२ s	
४.	मुलाको चाना एक सेर	s १	
५.	केराउको दाल दुइ माना	।।२	
६.	नून आठ तोला	८	
७.	बेसार दुइ माना	।।२	
८.	सानु केराउ ६ माना	।।६	तलेजुका जोशी नाइकेतर्फ
९.	साबरी नुन पाँच माना	।।५	खर्च जाने
१०.	मकैको पीठो दुइ माना	।।२	
११.	अ. प. घिउ आठ तोला	८	
१२.	हाँसको फुल गोटा ६	६	
१३.	तोरीको तेल एक पाथी	।१	
१४.	सेतो बोडी चार माना	।।४	
१५.	मासको दाल चार माना	।।४	
१६.	नङ छोडा अक्षता पाँच मुठी	।।।५	
१७.	लावा एक माना	।।१	
१८.	रायो एकमाना	।।१	
१९.	माटाको सलीपाला तीन सय	३००	
२०.	खुर्सानी दुइ माना	।।२	
२१.	तमाखु तीन पाउ	s ।।।	
२२.	रेखीको पीठो पाँच मुठी	।।।५	
२३.	सखर ६ पाउ	s १।।	
२४.	सखर आठ तोला	८	
२५.	मेथी तीन माना	।।३	
२६.	११ धार्नीको दाउरा भारी ५	६	
२७.	सिंदुर आठ तोला	८	
२८.	सिंगा सुपाडी बयालीस	४२	
२९.	गोकुल धूप आठ तोला	८	
३०.	एक कुरूवाको दही कहतारा चौध	१४	
३१.	चोखा बोका दुइ	२	
३२.	मझ्यौला हाँस एक	१	
३३.	फलुवा चामल चार पाथी	।४	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३४.	चिउरा पाँच पाथी पाँच माना	।५।५	
३५.	चिउरा एक मुरी दश पाथी	१।१०	भोजके

श्री जगज्जय मल्लको थापूजा गुठी

वैशाख शुदी १५ (पूर्णिमा) को पर्व

१.	चामलको पीठो एक पाथी चार माना	।१।४	
२	नङ छोडा अक्षता पाँच मुठी	।।।५	
३.	लावा पाँच मुठी	।।।५	
४	रेखीको पीठो पाँच मुठी	।।।५	ससारेतर्फ खर्च हुने
५.	असल प. घिउ चार तोला	४	
६.	फलुवा चामल ६ माना	।।६	
७.	चिउरा ६ माना	।।६	

वर्ष एकमा खर्च हुने

१. धान पन्ध्र पाथी ।१५ का. ज. का वलिजा पूजा गुठी (सुसारेतर्फ)

वर्ष एकमा जाने

१. धान एक मुरी १ ऐ. ऐ. होम गुठी (पुजारी नाइकेहस्ते जाने)

वर्ष एकमा जाने

१. धान नौ पाथी ।९ ऐ. का दु. का गुठी पुजारी नाइकेहस्ते जाने

वैशाखशुदी १५ को थापूजा गुठी (जगज्जय मल्ल)

१.	चाकु एक धार्नी	१ S	
२	असल प. घिउ ६ धार्नी	६ S	हलुवाईतर्फ खर्च हुने
३.	तोरीको तेल एक माना	।।१	
४.	चामलको पीठो दुइ धार्नी	२ S	
